# मानव महा मानव

( बुद्ध जीवनी )

दोस्रो भाग



- प्रकाश बज्राचार्य

Downloaded from http://dhamma.digital

# मानव महा मानव

( बुद्ध जीवनी )

दोस्रो भाग



- प्रकाश बज्राचार्य

Downloaded from http://dhamma.digital

*प्रकाशक :*
**धर्मकीर्ति प्रकाशन**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः, नघल टोल, काठमाडौं
फोन नं. ४२५९४६६

*विशेष सहयोगी :* **सोभियत रत्न तुलाधर**

*प्रथमावृत्ति :* २००० प्रति

बुद्ध संवत् २५५०
विक्रम संवत् २०६३
इसम संवत २००६
नेपाल संवत् ११२७

मुद्रक : **न्यू नेपाल प्रेस**
प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९३९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं, नेपाल । फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

प्रकाश बज्राचार्यले लेख्नुभएको "मानव महामानव" भाग-१ बुद्ध संवत् २५३० मा धर्मकीर्तिद्वारा प्रकाशन गरिएको थियो। आज २० वर्ष पछि दोश्रो भाग प्रकाशनमा आएको छ । बुद्धजीवनीलाई उपन्यासको शैलीमा लेखिएको उक्त पुस्तक बौद्ध साहित्यको लागि अमूल्य ग्रन्थ साबित भइसकेको छ ।

प्रकाश बज्राचार्य आज हाम्रो बीचमा हुनुहुन्न। उहाँको मृत्युपछि वार्षिक पुण्य तिथिको समय पारेर उहाँका परिवारजनद्वारा उहाँको स्मृतिमा यो मानव महामानव भाग-२ प्रकाशन गर्न आर्थिक सहयोग गरिदिनु भएकोमा उहाँकी दिदी लक्ष्मी मल्ल र उहाँकी श्रीमति कविता बज्राचार्य लगायत उहाँका सम्पूर्ण परिवारलाई धर्मकीर्तिको तर्फबाट साधुवाद छ ।

प्रकाशद्वारा लिखित मूलकपिमा आवश्यक सम्पादन गर्नुहुने मदन रत्न मानन्धर र प्रेस सम्बन्धि कार्यको जिम्मा लिई पुस्तक तयार पार्न सहयोग गर्नुहुने सोभियत रत्न तुलाधर दुवैलाई साधुवाद छ ।

**धम्मवती**
*अध्यक्ष*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
काठमाडौं

*२०६३ आश्विन ४ गते*
*बुद्ध संवत् २५५०*

Downloaded from http://dhamma.digital

# प्रकाश बज्राचार्य कृति परिचय

*जन्म* : **विक्रम संवत् २०१५ भाद्र १२ गते**
**नेपाल संवत् १०७७**

*जन्म स्थान* : **असन टोल, काठमाडौं**

*मृत्यु* : **विक्रम संवत् २०६२ कार्तिक १८ गते**
**नेपाल संवत् ११२६ कछलाथ्व तृतिया**

*माता* : **मोहन देवी बज्राचार्य**

*पिता* : **सर्वानन्द बज्राचार्य**

*विवाह* : **कविता तुलाधरसंग २०४५ सालमा**

**कृति :**

१. सप्तरत्न धन, वि.सं. २०३७, (नेपालभाषा),
(२०४१ सालमा निर्मला राजकर्णिकारद्वारा नेपाली भाषामा अनुवाद)

२. बौद्ध दर्पन, वि.सं. २०३९, २०५३, २०६१ (नेपालीभाषा)

३. किसा गौतमी, वि.सं. २०४० (नेपालभाषा)

४. झंग लाइम्ह लाखे, वि.सं. २०४२ (नेपालभाषा)

५. मानव महामानव, भाग-१ वि.सं. २०४३ (नेपालीभाषा)

६. जातक कथा, वि.सं. २०४४ (नेपालीभाषा)

७. बुद्ध र बुद्धपछि, वि.सं. २०४८ (नेपालीभाषा)

८. मानव महामानव, भाग-२ वि.सं. २०६३ (नेपालीभाषा) (यहाँ कै हातमा)

९. हिं बुला तःगु पौः, जासुसी उपन्यास (नेपालभाषा)

१०. The Life of Tathagata (अंग्रेजी भाषा)
(बुद्धको चालिस वर्षावासमा भएको धर्मदेशना संग्रह), (प्रकाशन हुन बाँकी)

**अनुवाद :**

१. उखानको कथा संग्रह, वि.सं. २०३७, लेखक धम्मवती (नेपालीभाषा)

२. बौद्ध विश्वास, भाग-१, वि.सं. २०३८ लेखक के.श्री. धम्मानन्द (नेपालीभाषा)

३. महासतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान, वि.सं. २०३९, लेखक भिक्षु तंपुलु सयादो (नेपालीभाषा)

४. श्रमण नारद, वि.सं. २०५०, लेखक श्री युक्त नाथुराम प्रेमी (नेपालीभाषा)
यस वाहेक थुप्रै पत्रपत्रिकाहरूमा लेख रचना प्रकाशित ।

- सम्पादक : "धर्मकीर्ति" २०४१ जेष्ठ देखि २०५१ चैत्र सम्म ।
- कम्प्यूटर क्षेत्र : काठमाडौंको मर्कन्टायल अफिस सिष्टम्स्मा सफ्टवेयर डिपार्टमेन्ट प्रमुख, नेपालको बैंकिङ्ग क्षेत्रमा लोकप्रिय सफ्टवेयर पुमोरीका निर्माता । कम्प्यूटर कन्सल्टायन्ट, सिष्टम्स् एनलिष्ट, डिजाइनर र इम्प्लिमेन्टर
- रंगमञ्च : विभिन्न नाटकका लेखक, निर्देशक तथा रंगमञ्च कलाकार

*प्रस्तुती :* **सोभियत रत्न तुलाधर**

Downloaded from http://dhamma.digital



# दिवंगत प्रकाश बज्राचार्य

प्रकाश !

वये धुनेवं सकलें वने हे माः
अयनं तबि छ्व याकनं वन
थुकिं हे जिमिगु नुगः ख्वयेका च्वन
जिमिगु थ्व ख्वःगु नुगःलं श्रद्धाञ्जलि देछाना च्वना !
छंगु थ्व कृति सफू छ्वन्त हे !

*मां :* **मोहनदेबी बज्राचार्य**

*जहान :* **कबिता बज्राचार्य** *म्ह्याय् :* **कावेरी बज्राचार्य**

| *दाजुपिं :* | *पीभतपिं :* | *ततापिं :* | *जिजादाजुपिं :* |
|---|---|---|---|
| **विश्वमान बज्राचार्य** | **मैंया बज्राचार्य** | **नियमकुमारी श्रेष्ठ** | **प्रेमकृष्ण श्रेष्ठ** |
| **अमिरमान बज्राचार्य** | **तिर्थशोभा बज्राचार्य** | **लक्ष्मी मल्ल** | **वि.वि. मल्ल** |
| **चिनियामान बज्राचार्य** | **रेबति बज्राचार्य** | | |

| *केहेँ :* | *केहेँ जिलाजं :* | *काय्चापिं :* | *म्ह्याय्चापिं :* |
|---|---|---|---|
| **रोशा चित्रकार** | **अनिल चित्रकार** | **निश्चलमान बज्राचार्य** | **अलका बज्राचार्य** |
| | | **निरजमान बज्राचार्य** | **ज्योत्सना बज्राचार्य** |

Downloaded from http://dhamma.digital

# मानव महामानव - पहिलो भागमा उल्लेखित घटनाक्रम

१. सिद्धार्थ जन्म
२. पुत्रलाई पिताको प्रथम वन्दना
३. नामाकरण
४. मायादेवीको मृत्यु
५. बालक सिद्धार्थ
६. सिद्धार्थ र घाइते हाँस
७. पुत्रलाई पिताको द्वितीय वन्दना
८. सिद्धार्थ राजकुमार जीवन
९. विवाह
१०. आन्दोलित सिद्धार्थ
११. चार निमित्तहरू
१२. पिता पुत्रको द्वन्द
१३. गृहत्याग र प्रव्रज्या
१४. राजगृहमा गौतम
१५. आलार कालामकहाँ गौतम
१६. कठीन तपस्या
१७. तपस्या परित्याग
१८. कमजोर गौतम
१९. सुजाताको क्षीर दान
२०. गौतमको अठोट
२१. बोधिज्ञान लाभ
२२. बुद्धत्व प्राप्ति पछि
२३. तपस्सु र भल्लुक
२४. निरुत्साहित बुद्ध
२५. श्रोताको खोजिमा बुद्ध
२६. धर्मचक्र प्रवर्तन
२७. अनात्म लक्षण सूत्र
२८. यश कुमारको गृहत्याग
२९. प्रथम त्रिवचन उपासक
३०. प्रथम त्रिवचन उपासिका
३१. यशका साथीहरूको प्रव्रज्या
३२. प्रथम धर्म प्रचार

❀

Downloaded from http://dhamma.digital

# मानव महामानव - दोश्रो भाग

## घटनाक्रम


पेज

३३. भिक्षु बनाउने तरिका १
३४. तीस कुमारहरूको प्रव्रज्या ३
३५. उरूबेला काश्यपको आश्रममा ८
३६. उरूबेला काश्यपको प्रव्रज्या १८
३७. नदी काश्यप र गया काश्यपको प्रव्रज्या २५
३८. प्रथम विहार दान ३०
३९. सारिपुत्र र मौदगल्यायनको प्रव्रज्या ३८
४०. सन्तान छिन्ने श्रमण ४५
४१. महाकाश्यपको प्रव्रज्या ४७
४२. भिक्षु बन्ने प्रक्रिया ५५
४३. आफ्नो केश बेचेर भिक्षुलाई भोजन ६१
४४. बुद्धको कपिलवस्तु आगमन ६९


Dhamma.Digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# ३३

समाजमा नौलो सूर्य उत्पन्न भैसकेको थियो । समाजको आधारलाई स्पष्ट बुझ्ने मानवको उदय भैसकेको थियो । प्रकृतिको आधारभूत नियम पत्ता लगाउने मानवको उदय भैसकेको थियो । मानिसलाई मानिसको रुपमा प्रतिष्ठित गर्ने मानवको उदय भैसकेको थियो । मानवहरू बीच महामानवको उदय भैसकेको थियो ।

मानवहरूको माझ उत्पन्न भएका उनी एक महामानव थिए । स्वयं मुक्त भइसकेपछि पनि समाजलाई मुक्त गराउन गहन रुचि लिने महान् व्यक्ति थिए । उनी समाजबाट भाग्न चाहन्दैनथे, उनी समाजलाई बदल्न चाहन्थे । असीम करुणा थियो उनको हृदयमा । असीमित मैत्री थियो उनको मनमा । शान्तिका प्रवर्तक थिए उनी उत्कृष्ट जीवनको बाटो देखाउने मार्ग प्रदर्शक थिए । आफूलाई कमजोर ठानी ईश्वरको भरोसामा जीवन यापन गरिरहेका मानिसहरूको समाजमा उनको उत्पन्न भएको थियो । आफूलाई कमजोर ठानी प्राकृतिक शक्तिहरूको अधीनमा बाँचिरहेका मानिसहरूको समाजमा उनी उत्पन्न भएका थिए । ईश्वरवादी, भाग्यवादी, अनिश्चयवादी, पलायनवादी मानिसहरूको समाजमा उनी उत्पन्न भएका थिए । मानिस आफैमा निहित शक्तिलाई कमजोर ठानी अर्काको भरोसामा बाँचिराख्नेहरूलाई आत्मविश्वासको महत्व चिनाउन उनी उत्पन्न भएका थिए । मानिसलाई मानिस बनाउन उनी उत्पन्न भएका थिए । उनी मानव थिए । उनी महामानव थिए ।

उनी बुद्ध थिए !

मानवताको लागि अन्वेषण गरी पत्ता लगाएको धर्म उनी प्रचार गर्थे । समाजको सुदृढीकरणको लागि पत्ता लगाएको बाटोको प्रचार गर्थे । त्यो नयाँ धर्म - मानव धर्म - उनले प्राप्त गरेको मात्र ५ महिना भएको थियो । सो सामाजिक मार्गको सुव्यवस्थित प्रचार गर्न उनले भिक्षु संघको स्थापना गरिसकेका थिए, र भिक्षुहरूलाई धर्म प्रचारको आदेश दिई, ठाउँ ठाउँमा गई नयाँ धर्मको विस्तार गर्ने आदेश दिई उनी स्वयं उरुवेलातर्फ जान तैयार भइसकेका थिए ।

यसरी शुरुवात भएको थियो धर्म प्रचारको सुव्यवस्थित अभियान ।[१] नौलो धर्ममा तीव्रताका साथ मानिसहरू आकर्षित हुँदै थिए । धमाधम मानिसहरू भिक्षु हुँदै थिए । धर्म प्रचारार्थ गएका भिक्षुहरूले प्रव्रज्याको लागि इच्छा गर्नेहरूलाई बुद्धकहाँ ल्याई प्रव्रजित गर्दै थिए । देश देशान्तरको मानिसहरू बुद्धकहाँ प्रव्रजित हुन आउँदै थिए ।

(१) यहाँ सम्मको घटना मानव महामानव, भाग-१ मा वर्णन गरिसकेको छ ।

Downloaded from http://dhamma.digital

तर व्यावहारिक कठिनाई त्यहाँ थियो । भिक्षु बन्न चाहने व्यक्ति टाढा टाढाबाट बुद्धकहाँ आउनु पर्थ्यो । यसबाट भिक्षुहरू पनि परेशान थिए, भिक्षु हुन चाहनेहरू पनि । तर बुद्ध व्यावहारिक थिए । उनी समाज अनुसारको नियम बनाउथे, न कि नियम अनुसारको समाज । त्यसैले उनले भिक्षुहरूलाई भेला गरी भने, - "भिक्षुहरू ! म अनुमति दिन्छु कि तिमीहरू आफैले, जुन जुन ठाउँमा तिमीहरू जान्छौ भिक्षु बनाउन सक्छौ । भिक्षु बनाउने तरिका यसरी हुनेछ - भिक्षु हुन चाहनेलाई पहिले जुँगा, डाढी र कपाल खौरन लगाऊ, चीवर लगाउन देऊ, एउटा काँध खुला देखिने गराऊ, भिक्षुहरूलाई वन्दना गर्न देऊ, अनि वन्दना गरी तीनपल्टसम्म भन्न लगाऊ- बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि । यसरी प्रव्रज्या[१] र उपसम्पदा[२] गर्ने अनुमति म तिमीहरूलाई दिन्छु ।

भिक्षुहरू ! सम्यक दृष्टि (सही दृष्टिकोण) राखेर म मुक्त भएको हुँ । तिमीहरूले पनि, त्यसैले, सम्यक दृष्टि अपनाऊ ।"

———o———

(१) प्रव्रज्या- गृहस्थी छाडी सन्यासी हुने काम । विशेषत : भिक्षु संघमा सामेल हुनुलाई प्रव्रजित भनिन्छ । श्रामणेर बन्ने क्रिया ।

(२) उपसम्पदा-भिक्षु हुनु

Downloaded from http://dhamma.digital

# ३४

आखिर आँखा उघार्ने समय भयो । धेरै बेर अघिदेखि निदाएको जस्तो गरी आँखा चिम्ली लेटिरहेकी थिइन् । शरीरलाई ढिला छोडी आँखा चिम्ली मन्द मन्द श्वास फेरी सुतिराखेको जस्तो अभिनय गरिरहेको धेरै बेर भइसक्यो । आँखा बन्द भएपनि कान चनाखो पारी चारैतिर वातावरणको आवाज उनले विश्लेषण गरिरहेकी थिइन् । जब कोही पनि मानिसको आवाज सुनिएन सिवाय निद्रामा घुरेको आवाज, जब वातावरण निस्तब्ध भयो सिवाय चरा चुरुंगीहरूको आवाज, तब उनले विचार गरिन् कि उपयुक्त समय आइपुग्यो । योजना कार्यान्वयन गर्ने बेला भयो । सुतिरहेको अभिनयलाई त्याग गरे पनि भयो ।

आफ्ना बाँया आँखाको परेलीलाई उनले विस्तारै उघारिन् । आफूसँगै टाँसिएर सुतिराख्ने कुमार एकदम गहन निन्द्रामा मग्न थिए । निन्द्रामा कोल्टे परेझैं अभिनय गरी उनी बाँयापट्टि फर्किन् र यसरी कुमारको बाहुपाशबाट मुक्त भइन् । तब उनले दुबै आँखा राम्रैसँग उघारिन् ।

उनीहरू कपासिय[1] नामक एक रमणीय वनमा थिए । वनभोजको लागि आएका थिए । विहानको खाना पछि हँसिठट्टा गरिसकेपछि टन्टलापुर घामले अल्सी बनाइएका तिनीहरू रुखको छहारीमा आराम गर्नलाई लेटेका थिए । एक त हँसिठट्टाले थाकेका, त्यसमाथि टन्न पेटभरी खाइसकेका अझ त्यसमाथि रक्सिले चूर भएकाले छिटै नै सबै त्यहीं निदाएका थिए ।

मात्र एक जना साँच्चै सुतेकी थिइनन् । सुतेको अभिनय मात्रै गरेकी थिइन् । उनी उपयुक्त अवसरको पर्खाइमा थिइन् । कहिले सबै जना गहन निन्द्रामा मस्त होलान् र आफ्नो काम शुरु गर्न पाइएला भनेर ढुकिरहेकी थिइन् । ती अभिनेत्रीले दुबै आँखा उघारी लेटेर नै चारैतिर अवलोकन गरिन् । विस्तारै उठेर बसिन् । एकैछिन् आफू उठेको कसैले चाल पाएछन् कि भनेर आँखा घुमाइन् । भाग्यशाली थिइन् । कोही ब्युँझेको रहेनछ । कोही उत्तानो परी, कोही घोप्टो परी, कोही कोल्टो परी सुतिरहेका थिए । तीस जना युवाहरू र तिनीहरूका २९ पत्नीहरू सबै गहन निन्द्रामा थिए । कसैले पनि ६० जनाको उनीहरूको जमातमा ३० औं स्त्री उठेर बसेको चालै पाएनन् ।

नि:शब्द गरी ती ३० औं स्त्री उठिन् । आफूसँगै सुतिराख्ने कुमारको सुनको सिक्री

(१) कपासिय वन- सारनाथ र उरुवेला बीचमा रहेको सासाराम नजिकैको वर्तमान कपासिय गाउँ

Downloaded from http://dhamma.digital

बिस्तारै फुकालिन् । त्यहाँबाट उनी उठेर सुतिराख्ने एक एक व्यक्तिको नजिक गई जो जो बाट जुन जुन गहना, आभूषण निकाल्न सकिने थियो, सबै निकालिन् । धेरै कुमारहरू र तिनीहरूका स्त्रीहरूले त आफ्ना वस्त्र र आभूषण छाडी लम्पसार परी सुतिराखेकाले उनको काम अति नै सजिलो भयो । सबै गहना र आभूषणलाई एउटा वस्त्रमा पोको पारी उनी लागिन् पश्चिमतिर । उनी अब त्यहाँ बस्नुको कुनै प्रयोजन थिएन । उनी आफ्नो अभियानमा सफल भइसकेकी थिइन् ।

हतार हतार गरी पश्चिमतिर लम्किराखेकी ती ३० औं स्त्रीले आफ्नो पछाडि खस्याक खुस्रुक आवाज सुनेर तर्सिन् । हतनपत मुण्टो घुमाएर पछाडि हेरिन् । कोहि पनि थिएन । शंका लाग्यो । कोही पछि लागेको छ कि !? पछाडि फर्की फर्की अगाडि भाग्दै गरेकी ती ३० औं स्त्री अचानक एक ठूलो रुखको जमिनमाथि आइरहेको हाँगामा ठक्कर खान पुगिन् । नराम्रोसँग लड्नि उनी । तुरुन्तै उठिन् । आफूलाई चोट लाग्यो लागेन हेर्ने फुर्सद थिएन । पछाडि हेरिन् । झाडीबाट एउटा स्याल बुर्लुक्क उफ्री विपरित दिशातिर भाग्यो । उनले लामो श्वास फेरिन् । मात्र एक स्याल रहेछ ! भुईंमा लड्दा उनको हातबाट गहनाको पोका छुट्टिएर गई पर खस्न गएको रहेछ । पोका भित्रका सबै गहना घाँसमा छ्यान्नब्यान्न । हतार हतार गरी सबै गहना पुनः बटुल्न थालिन् । सबै गहना पोको पारिसकेपछि उनी कुलेलम ठोकिन् । हतारेर हो वा घाँसमा नदेखिएको हो, उनले एउटा सुनको औंठी टिप्न बिर्सेछिन् ।

वनभोजमा ३० जना क्षेत्रीय कुमारहरूसँग आउने ३० स्त्रीहरूमा उनी ३० औं स्त्री थिइन् । सबै सुतिरहेको मौका छोपी आभूषण चोरेर लग्ने उनी एक चोरनी थिइन् । चोर्ने नियतले निदाएको जस्तो अभिनय गरिराख्ने उनी एक अभिनेत्री थिइन् । र व्यवसायले उनी थिइन्- एक वेश्या !

दिनभरी टन्टलापुर घाम परिसकेपछि निश्तेज हुँदै गएको सूर्य थाकेर पश्चिमको क्षितिजमा लुक्न लागेकै थियो । लाजले पश्चिमको क्षितिज रातो भयो । यो देखेर मन्द मन्द शीतल बतास चल्न थालेको थियो । यसै बतासको लहलहमा लागेर रुखका लामा हाँगाहरू नाचिरहेका थिए, त्यसमा रहेका नीला पातहरूले सुसेली हालिरहेका थिए । सिरिसिरि चल्ने त्यो चीसो बतासले गर्दा वनभोजमा आएर रमझम गरी मस्त सँग सुतिराख्नेहरूमध्ये एक जना कुमारको मदिराको नशा सकिएछ । उनलाई प्यास लागेछ । उनी उठे । बसे । नजिकै आफूले फुकालेर फालेको लुगा टिपे । लगाए । अचानक उनलाई होस आयो । उनको आभूषण गायब थियो । दाँया बाँया हेरे । उनको मात्र होइन, अरुहरूको पनि आभूषण गायब थियो । चिच्याई चिच्याई उनले सुतिराख्ने सबैलाई ब्युँझाए ।

सबै ब्युँझे । वस्तुस्थिति थाहा पाए । कसैले उनीहरू सबै सुतिरहेको मौका छोपी गहनाहरू चोरेर लगेछ । हलचल मच्यो । कसैलाई होस आयो कि उनीहरूको

Downloaded from http://dhamma.digital

माझबाट एकजना स्त्री गायब रहेछ । त्यो स्त्रीले-त्यो वेश्याले-आभूषण टिपेर लगेको पक्का ठहरियो । र उनीहरू सबै लागे ती वेश्यालाई खोज्न । जमात जमात गरी विभिन्न दिशामा उनीहरू लागे ती चोरनीलाई खोज्न ।

धेरै बेरसम्म चारैतिर खोज्दा पनि चोरनीलाई भेट्टाउन सकेन । उनी अघि नै बेपत्ता भइसकेकी थिइन् । खोजीमा लाग्नेहरू निराश भए ।

अचानक पश्चिमतिरबाट कोही चिच्यायो । यताउता छरी खोज तलास गरिराख्नेहरू सबै पश्चिमतिर दौडे । चोरको खोजीमा भएका ४ जना कुमारहरू एक रुखमुनि बसी चिच्याई हात हल्लाई सबैलाई आफूतिर डाकिरहेका थिए । सबै कुमारहरू र तिनीहरूकास्त्रीहरू त्यहिं भेला भए ।

"ऊ, हेर ! यो औंठी तिम्रो होइन ?"

"हो, हो । मेरै हो । चोरिएको थियो यो त ।" एक कुमारले भने ।

"यहीं जमिनमा घाँसमा पाएको हुँ हामीले ।"

"मतलब ?"

"त्यो वेश्या पक्कै यतैबाट गएकी हुन् । यतै अगाडि खोज्न जानु छ हामीले ।"

"त्यो त ठीक छ ।", अर्कोले भने, "तर केहि क्षण पछि अँध्यारो हुन्छ । त्यसैले मेरो विचार अनुसार आइमाईहरूलाई घर पठाइ दिऔं । हामी मात्रै गएर खोज्न जाऔं ।"

उनको विचार सबैलाई मनासिब लाग्यो । आइमाईहरू घर फर्किन् । ३० जना कुमारहरू लम्के पश्चिमतिर चोर वेश्याको खोजीमा । तर धेरै बेरको खोज तलास पछि पनि ती वेश्या भेट्टाउन सकेनन् । न त कुनै अर्को सुराग नै भेट्टाउन सके ।

"साथी हो !" अकस्मात एक कुमारले घोषणा गरे, "ऊ त्यो परको रुखमुनि एकजना मान्छे बसिरहेको जस्तो छ । सायद उसले देखेको छ कि चोरलाई ?" सबै लम्के उतैतिर ।

त्यो रुखमुनि पल्टि मारेर बसिराख्ने मानिस ! अत्यन्तै आकर्षक व्यक्तित्व । अवर्णनीय सुन्दर मुहार । साधारण पहेंलो वस्त्रमा पनि अतिनै चित्ताकर्षक । कपालमा साना साना घुँघरिला रौंले गर्दा झन बढी शोभायमान । दुनियाको सारा पीर, दुःख, चिन्ता, झंझटबाट मुक्त निर्मल अनुहार । उनको ठीक पछाडि थियो पश्चिमको रातो आकाश जसले गर्दा त्यो व्यक्ति अति नै रश्मियुक्त देखिन्थ्यो । तेजश्वी । शान्त । निर्मल महामानवीय व्यक्तितत्व ।

Downloaded from http://dhamma.digital

अगाडि पुगिसकेका ती कुमारहरू त्यसको व्यक्तित्वबाट औधि प्रभावित भए। हतारिएर चालिंदै आएका उनीहरूको पाइला अनायाश सानो, हलुका र निशब्द भए। गर्वबाट फुलेका छातीहरू ढिला हुन थाले। चंचल आँखाहरू सम्मोहित भए। त्यस्तो चमत्कारपूर्ण व्यक्तित्व थियो त्यो रुख मुनि बसिराख्ने व्यक्तिको।

अगाडि पुगेर अनायाश सबैले उनलाई वन्दना गर्न पुगे। सबै नतमस्तक भए। केही बेर सबै शान्त। कसैले केही बोल्न सकेन। कसैले केही भन्ने हिम्मत गर्न सकेन। केही क्षण पछि बल्ल एक कुमारले साहस गरेर क्षीण र मसिनो आवाजमा सोधे, "महापुरुष ! के तपाईंले यता कुनै स्त्री देख्नु भएको छ ?"

ती व्यक्तिले विस्तारै आफ्ना करुण नेत्रका परेला उचाले। ती ठूला ठूला स्वप्नील आँखाहरू। मानो सारा संसारको करुणा त्यसैमा समाएको छ। अर्को कुमारले हौसला गरी भने, "भन्ते ! हामी ३० जना साथीहरू आज यो वनमा वन भोजको लागि आएका थियौं। सबैले आआफ्ना पत्नीहरू पनि ल्याएका थियौं। एक जना मित्रको पत्नी नहुनाले एक वेश्यालाई पैसा तिरेर उनको लागि ल्याएका थियौं। भन्ते ! हामी रक्सीखाई रमझम गरी थाकेर चूर भई मग्नसाथ निदाइरहेको बेलामा ती वेश्याले हाम्रो गहना अलंकारहरू चोरेर भागेछिन्। उसैको खोजीमा अघि देखि हामी यो वनमा चहार्दै छौं।"

"कुमारगण ! मेरो एक प्रश्नको उत्तर दिन्छौ ?" अति मीठो स्वरमा त्यो व्यक्तिले सोधे। स्पष्ट आवाज। सुरिलो तर गम्भीर आवाज। सानो तर सम्मोहित आवाज।

"ह...हजूर। भ....भन्नुस न।" कुमार हकलाए। त्यो व्यक्तिको आवाज सुनेर उनी अत्यन्तै प्रभावित भएको स्पष्ट देखिन्थ्यो।

कुमारहरूको आँखामा आँखा गाढी त्यो व्यक्तिले आफ्नो सम्मोहन युक्त आवाजमा सोधे "तिमीहरूको विचारमा कुन श्रेष्ठ छ- कुनै स्त्रीको खोजमा लाग्नु या आफ्नै खोजमा लाग्नु ?"

गम्भीर प्रश्न थियो। विचारयोग्य विषय थियो। सबै एकै क्षण मौन भए। कसैले केही भन्न सकेनन्। अनुमान नै नगरेको प्रश्न सोधेको थियो। पहिले कहिल्यै विचारै नगरेको विषय उठाइएको थियो। त्यो व्यक्तिको व्यक्तित्वबाट सम्मोहित भएका तिनीहरू सबै त्यो प्रशन त्यो प्रश्नमा गौर गरेर विचार गर्न थाले।

"भन्ते", एक कुमारले दृढ भई भने, "आफ्नै खोजी गर्नु नै उत्तम छ।"

"ठीक भन्यौ, कुमार !" शान्त स्वरमा उनले भने।

सबै उत्सुक भए। अर्को कुन प्रश्न गर्ने हो ! पुन: सोधियो, "कुमारहरू ! धर्मको कुरो सुन्छौ ?"

Downloaded from http://dhamma.digital

"सुन्छौं भन्ते !!" सबैले एक स्वरमा घोषणा गरे। सबै त्यो व्यक्तिको चारैतिर बसे-उत्सुक भएर।

"कुमारगण ! हामी मानिस हौं। हामी समाजमा बस्छौं। मानिसलाई दु:ख छ। समाजमा दु:ख छ। यो दु:ख हटाउन खोज्नु नै धर्म हो। जहाँ दु:ख छ, त्यहाँ त्यसको कारण पनि छ; जसको कारण छ, त्यसलाई निर्मूल गर्न सकिन्छ, जसको निर्मूल गर्न सकिन्छ त्यसलाई निर्मूल गर्ने उपायहरू, मार्गहरू अवश्यै हुन्छन्। यी चार- दु:ख, दु:खको कारण, दु:खको निरोध, दु:ख निरोध गर्ने मार्ग- शाश्वत सत्य हुन्, आर्य सत्य हुन्।

कुमार ! आफ्नो व्यक्तिगत सुधार गरेर, समाजलाई सुधार गरेर दु:खबाट युक्त हुन सकिन्छ। व्यक्तिगत रूपले ठीक धारणा राखी, ठीक संकल्प लिई, ठीक प्रयत्न गरी, ठीक स्मृति राखी, ठीक एकाग्रता गरि जीवन जिउनु पर्दछ। समाजको लागि ठीकसँग बोली, ठीक काम गरी, ठीक जीविका जिउनु पर्दछ। यी ८ मार्गहरू अपनाएर नै दु:खबाट मुक्त हुन सकिन्छ।

त्यसपछि उहाँले दान र त्यागको व्यक्तिगत र सामाजिक महत्व, असल चाल चलनको महत्व, त्यसको राम्रो फल, अति आशक्तिका दोष, क्लेशबाट हुने हानी, आदिको क्रमिक आनुपूर्वि उपदेश दिनु भयो।

अन्तमा ती ३० जना कुमारहरू सबै निन्द्राबाट ब्युँझे झैं भए। ज्ञानको आँखा खुल्यो। ज्ञानको ढोका खुल्यो। ज्ञानको प्रकाश देख्यो। प्रकृति र समाजका सम्पूर्ण पक्ष उनीहरूले बुझे। वासनाबाट मुक्त भए। तृष्णाबाट मुक्त भए। अर्हत् भए।

अंजलीबद्ध भई भने, "तथागत ! स्वयं बोधिज्ञानलाई प्राप्त गर्ने तपाई बुद्ध हुनुहुन्छ। तपाईंको धर्म महान छ। तपाईंको संघ पवित्र कार्यको लागि संकल्पित छ। हामी तपाईंको शरणमा आउन चाहन्छौं। हामी तपाईंको मानव सन्देश समाजमा फैलाउन चाहन्छौं। हामी संघमा सम्मिलित हुन चाहन्छौं। हामीलाई प्रव्रज्या दिनुस्।"

र बुद्धले ती ३० कुमारहरूलाई प्रव्रजित गरे। उनीहरू भिक्षु बने।

———o———

Downloaded from http://dhamma.digital

# ३५

उनी आफूलाई 'अर्हत्' ठान्थे । अर्हत् ! जसले विश्वका सबै ज्ञान बुझिसकेको छ । जसले प्रकृतिको सम्पूर्ण रहस्य बुझिसकेको छ । जो संसारका नचाहिंदा बन्धनहरूभन्दा धेरै माथि उठिसकेको छ । मानिसले हासिल गर्न सकिने ज्ञानको उच्चतम अवस्था थियो अर्हत्पद । अर्हत् अति दुर्लभ थिए । अर्हत् अति वन्दनीय थिए । अर्हत् अति महान थिए ।

उनी आफूलाई 'अर्हत्' मान्दथे । त्यसैले उनी आफूलाई महान ठान्दथे । अद्वितीय पुरुष मान्दथे । सर्वश्रेष्ठ विद्वान् मान्दथे ।

उनका ५०० शिष्यहरूले उनलाई 'अर्हत्' मान्दथे । उनको आदर गर्दथे । उनलाई गुरू मान्दथे । सबै उनी सरह बन्न चाहन्थे । उनकै साथमा उनकै आश्रममा उनी जस्तै 'अर्हत्' बन्ने प्रयासमा ती सबै लागेका थिए ।

मगध राष्ट्रका वासिन्दाहरू सबैले उनलाई 'अर्हत्' मान्दथे । सर्वसाधारणले उनलाई महान विद्वान ठान्दथे । राजगृहवासीहरू उनका भक्त थिए । उनको गौरव गर्दथे । उनलाई आवश्यक सरसामानको परिपूर्ति गर्दथे ।

अरुले उनलाई 'अर्हत्' भनी मान्दथे, उनले आफूलाई 'अर्हत' ठान्दथे । तर वास्तवमा उनी 'अर्हत्' थिएनन् ! आफू 'अर्हत्' नभएको उनले चाल पाएका थिएनन् । उनी 'अर्हत्' नभएको अरुलाई थाहा थिएन । र त्यसैले उनी 'अर्हत्' ठानिन्थे र 'अर्हत्' भनिन्थे ।

उरूवेला[१] वर्तमान बुद्धगया, भारतमा नैरंजना नदीको समिप उनको अति ठूलो आश्रम थियो । ५०० शिष्यहरू सहित उनी त्यो आश्रममा बस्दथे । उनीहरू सबै शिष्यहरू कपालमा जटा बाँध्ने गर्दथे । उनीहरू जटाधारी जटिल ऋषिहरू थिए । जटा राखेमा 'अर्हत्' हुन्छ भन्ने धारणा उनीहरूमा थियो उनीहरू अग्निलाई पूजा गर्थे । सँधै ठूला ठूला होम र यज्ञ गर्ने उनीहरूको प्रमुख कर्तव्य थियो । उनीहरू अग्निहोत्री ब्राह्मण थिए । यज्ञ गरेर नै अर्हत् हुन सकिन्छ भन्ने उनीहरूको विश्वास थियो ।

उनको गोत्र काश्यप थियो । उरुवेला नजिकै बस्ने हुनाले उरुबेला काश्यपको रुपमा चिनिन्थ्यो । जटिल ऋषि थिए । अग्निहोत्री थिए । ५०० शिष्यहरूको गणाचार्य थिए । मगधको अति महत्वपूर्ण विद्वान्हरूमा एक मानिन्थे । राजगृहमा अति प्रसिद्ध थिए । लोकप्रिय थिए । प्रभावशाली थिए । प्रख्यात थिए ।

---

१. उरूवेला : वर्तमान बुद्धगया, भारत

Downloaded from http://dhamma.digital

उनका दुई भाईहरू थिए। दुबै त्यतिकै प्रसिद्ध ऋषिहरू थिए। एक भाइ आफ्ना ३०० शिष्यहरूसाथ पश्चिमतिर गयाशिर्ष पर्वत मुनि आश्रम बनाई बसेका थिए र गया काश्यपको नाउँले प्रख्यात थिए। अर्को भाइ त्यो भन्दा पर फल्गु नदी किनारमा २०० शिष्यहरू सहित आशन जमाई बसेका थिए र नदी काश्यपको नाउँले प्रसिद्ध थिए।

आफूलाई अर्हत् ठान्ने, महान ठान्ने, उच्चतम विद्वान ठान्ने, प्रकृतिको सर्वज्ञाता ठान्ने, क्लेशबाट मुक्त ठान्ने अरूले पनि त्यस्तै ठान्ने उरुवेला काश्यपलाई उनी गलत हुन् भनी बुझाउने हिजोसम्म कोहि अगाडि आएको थिएन।

"स्वामी! एक श्रमण तपाईंलाई भेट्न चाहन्छ।" एक ठूलो यज्ञको सामू बसेर होम गरिराख्ने उरुवेला काश्यपकहाँ आई एक शिष्यले जाहेर गर्न आए।

"हुँ! चिन्छौ को हो ?" त्यसतर्फ ध्यानै नदिई यज्ञमा घ्यू थप्दै काश्यपले भने।

"स्वामी! चिन्दिनं। तर त्यो श्रमण अति नै आकर्षक छ। युवक छ। सुन्दर छ। तेजश्वी छ। त्यति प्रभावशाली व्यक्ति मैले पहिले कहिल्यै देखेको थिइनं।" शिष्यले थपे।

आफ्नो शिष्यले कुनै एक श्रमणको बारेमा प्रशंसा गरेको काश्यपलाई निको लागेन। यज्ञ गरिराखेको बीचैमा रोकी आफ्नो मुन्टो विस्तारै उचाली त्यो शिष्यतिर हेरे, आफ्नो महान व्यक्तित्व उसलाई प्रदर्शन गर्दै। उरुवेला काश्यप अति प्रभावशाली व्यक्तित्वका मालिक थिए। एक हात लामो सेतो डाढी। ठूला ठूला आँखा। मसिनो ओंठ। विशाल निधार। अति सुन्दरताका साथ गाँठो बनाइएको कपालको जटा। सेतो र चम्किलो अनुहार। गहन हेराई। गम्भीर बोली।

"केही बेर पर्खि राख भन्नु। म यज्ञ गर्दैछु।" काश्यपले सुनाए। उति नै खेर श्रमणलाई भेट्नमा आफ्नो व्यक्तित्वलाई नसुहाउने ठाने उनले। आफ्नो शिष्यले गरेको वर्णन सुनेर त्यो व्यक्तिलाई तुरुन्तै हेर्न त चाहन्थे, तर श्रमणको विवरणबाट आफू कति पनि प्रभावित नभएको भनी प्रकट गर्नु उनले बढी आवश्यक ठाने।

जटाधारी शिष्य गए। काश्यप पुनः यज्ञ गर्नमा लागे। धेरै बेर पछि मात्रै यज्ञ सकियो। अनि उनले नजिकैको आफ्नो एक शिष्यलाई ती श्रमणलाई डाकेर ल्याउन आदेश दिए। तर त्यति बेरसम्म त्यो श्रमण उनलाई भेट्न पर्खेर बसि राख्ला भन्ने कत्ति पनि लागेको थिएन उनलाई।

तर उनी गलत थिए। उनले डाक्नलाई पठाएको शिष्य श्रमणलाई लिएर फर्के।

Downloaded from http://dhamma.digital

त्यो श्रमण अति आकर्षक थिए । युवा तरुण जवान । हृष्टपुष्ट ठूला ठूला स्वप्नील नेत्र । पातलो ओंठ । भरिएको गाला । संसारको दु:खबाट विल्कुल प्रभावरहित खालको शान्त र निर्मल अनुहार काँध नै छोला जस्तो लामा लामा कान । दाग रहित स्वस्थ र स्वच्छ शरीर । साना साना दाहिनेबाट घुंगरिएको, अति कालो चम्किलो कपाल । हातमा एक कालो पात्र । अति नै साधारण पहेंलो चीवर लगाएको भएता पनि उनी अति प्रभावशाली थिए ।

काश्यप स्वयं मनै मन उनको व्यक्तित्व देखि प्रभावित भए । आफू उनको अगाडि गौण भएको महसुस गरे । तर मनै मन दृढता ल्याए उनले - म वैभवशाली छु, आश्रम मालिक हुँ, गणाचार्य हुँ, आखिर म अर्हत हुँ ।

"श्रमण ! के सेवा गरौं ?" काश्यपले सकेसम्म मीठो र गम्भीर स्वरमा सोधे ।

"म आश्रयको खोजीमा यहाँ आएको हुँ ।" श्रमणको उत्तर । उनको आवाज मानो अति नै सुन्दर संगीत जस्तै थियो । भित्री हृदयसम्म गुँजिने खाले गहन आवाज थिए । एक एक शब्द, एक एक अक्षर स्पष्ट थियो । उनको आवाजको गम्भिरता र मिठासको अगाडि काश्यपले आफूलाई हीन महसुस गरे ।

काश्यपले महसुस गरे कि श्रमणको व्यक्तित्व अद्वितीय छ । उनको अगाडि आफू गौण छ । उनलाई धेरै बेर आश्रममा राख्नु उपयुक्त लागेन काश्यपलाई । तर वरिपरि बसेर हेरिराख्ने उनका शिष्यहरूको अगाडि उनी हीन देखिन चाहन्दैनथे, र त्यसैले श्रमणलाई तुरुन्त नकारात्मक जवाफ दिन सकेन उनले । भने, "श्रमण ! आश्रममा कुनै कुटी खालि छैन ।"

"आश्रयको खोजमि छुँ । जहाँ भए पनि हुन्छ ।", श्रमण ।

"हुँ ।" अलि घोरिएको जस्तो गरी विचार गरे काश्यपले । केही क्षण पछि भने, "छन् त एक कुटी छ- हाम्रो अग्निशाला । तर त्यहाँ कोही बस्न सक्दैनन् ।"

"म त्यहिं बस्न चाहन्छु ।", श्रमण ।

"त्यहाँ एक अति भयंकर नागराज को आतंक छ । सबै जना त्यहाँ बस्न डराउँछन् ।", काश्यप ।

"म त्यहाँ रात बिताउँछु ।", श्रमण ।

"त्यहाँ बस्नु उचित छैन । आजसम्म कोही पनि त्यस कुटीमा बसेर त्यहाँको नागराजको क्रोधबाट बच्न सकेको छैन ।", काश्यप ।

"म त्यहाँ बस्छु । मलाई केही हुँदैन ।", श्रमण ।

Downloaded from http://dhamma.digital

"श्रमण ! मैले तपाईंलाई तीन पल्टसम्म रोकें। तर तपाईं मान्नु भएन। यदी तपाईंको त्यस्तै इच्छा छ भने ठीक छ, तपाईं आजको रात हाम्रो अग्निशालामा बिताउनुस् ।" काश्यपले भने ।

सुव्यवस्थित पाइला चाली श्रमण अग्निशाला तर्फ बढे । आश्रमका जटिल ऋषिहरू उत्सुक भए। सबै भेला भई हेरिराखे अग्निशाला भित्र प्रवेश गर्ने त्यो तरुण श्रमणलाई । त्यो अग्निशालामा सँधै आगो बलि राख्थ्यो । त्यहाँ राती कोहि बस्न सक्दैनथ्यो । एक खतरनाक भयंकर नागराजको वासस्थान थियो । त्यो नागराजलाई स्वयं 'अर्हत्' उरुवेला काश्यपले पनि काबुमा ल्याउन सकेको थिएन । अग्निशालामा रात बिताएर आजसम्म कोही जिउँदै फर्केको थिएन ।

अग्निशालाको अग्नि झन प्रज्वलित भएर आयो । भित्रबाट ठूला ठूला आवाजमा हुँकार सुनिन थाल्यो । जटिलहरूले तमाशा हेरिराखेका थिए । उनीहरू अग्निशालालाई घेरेर उभिराखेका थिए । उनीहरू कौतुहल थिए । कसैको साहस थिएन अग्निशालामा पस्ने । सबैलाई थाहा थियो श्रमण एक्लै अग्निशालामा छ भनेर । खतरनाक नागराजले श्रमणको ज्यान लिन सक्दथ्यो भन्ने सबैलाई थाहा थियो। तर पनि भयको कारणले उनीहरूले श्रमणलाई बचाउने कुनै प्रयास गरेन। उनीहरूले ठाने- श्रमणलाई नागले मारिसकेको छ। उनीहरू कृत्रिम शोक प्रकट गर्न थाले- "अहो ! श्रमण अति सुन्दर थियो। बिचरा ! नागद्वारा मारिदै छ ।"

कसैले श्रमणलाई बचाउने कल्पना पनि गरेन । अग्निशाला नजिक जाने साहस कसैमा थिएन । कसैले आफ्नो ज्यान जोखिम पारेर अर्काको ज्यान बचाउने विचार गरेनन् ।

जटिल ऋषिहरू कुनै प्राणीको जीवन वचाउनमा उत्सुक थिएनन् । आफ्नो जीवनको आहुति गर्ने साहस उनीहरूमा थिएन। अग्निमा काठको आहुति दिने बानी थियो। सामाग्री होम्ने अभ्यास थियो। सुखी जीवनको आदी थिए। केही समयसम्म उत्सुक भई तमाशा हेरिराखे। रात गहिरिदै गयो। जटिलहरू उँघ्न थाले। एक एक गरेर सबै सुत्न गए। स्थान सुनसान भयो ।

भोलिपल्ट पूर्वबाट रातो अनुहार लिई सूर्य विस्तारै देखा पर्न थाल्यो। सुप्रभात भयो। उरुबेला काश्यपको आश्रममा चहल पहल भयो। श्रमण मरिसक्यो होला भन्ने विश्वास थियो जटिलहरूलाई । अग्निशालाको समिप जटिलहरू भेला हुन थाले । उनीहरूको आश्चर्यको सीमा रहेन। श्रमण शान्तसँग बसेका थिए । उनी मरेको थिएन। श्रमणको नजिकै अग्नि प्रज्ज्वलित भइरहेको थियो। श्रमण अगाडि उनको कालो पात्र थियो । नागराज कतै थिएन । जटिलहरू भयभीत भए । कौतुहल बढ्यो। शंकित दृष्टिले श्रमणलाई हेर्न थाले ।

Downloaded from http://dhamma.digital

श्रमण उठे । पात्र उठाए । अग्निशालाबाट बाहिर निस्के । उनलाई देख्ना साथ जटिलहरू बाटोबाट हटे । उनको समीप जाने साहस कसैको भएन । सबै उनको पछि पछि लागे ।

श्रमण उरुवेला काश्यप भए ठाउँमा गए । काश्यप स्वयं श्रमणलाई जिउँदो फर्केको देखी तीन छक्क परे । नजिक आएर श्रमणले भने, "अग्निहोत्री ! अब अग्निशालामा खतरा छैन । त्यहाँको नागराजालाई वशमा पारिसकें । नागराजा मेरो पात्रमा छ ।"

काश्यपले देख्यो । पात्रभित्र ज्ञानी भएर चुपचाप साथ नाग गुटमुटिएर बसिरहेको थियो । निश्चल थियो । मरेको थिएन । जटिलहरूले घाँटी लामो पारी पात्र भित्र हेर्न थाले ।

यो श्रमण चानचुने होइन । महाश्रमण हो । महाअनुभवी हो । दिव्यशक्ति सम्पन्न छ । चमत्कारी छ । त्यस्तो भयंकर नागराजलाई पनि वशमा पार्न सक्छ । काश्यपले मनैमन विचार गरे । उनी श्रमणबाट प्रभावित भए । सोधे, "महाश्रमण ! तपाई को हुनुहुन्छ ?"

"म बुद्ध हुँ ।"

बुद्ध ! उहुँ । हुनै नसक्ने ! त्यस्तो तरुण व्यक्ति पनि बुद्ध हुन्छ र ! एक दुई चमत्कार देखाउँदैमा के भयो र ? म जस्तो तपश्वी छैन । म जस्तो ठूलो योगी होइन । आखिर म 'अर्हत्' हुँ । काश्यपले विचार गरे ।

"महाश्रमण ! तपाई चाहनु हुन्छ भने यहिं हाम्रो आश्रममा बस्नुस् । तपाईंलाई भिक्षाको सुविधा प्राप्त हुनेछ ।"

तथागतले मौन स्वीकृति दिए । पात्रमा रहेको नागलाई बिस्तारै झिकी जमिनमा राखी दिए । अनि त्यहाँबाट प्रस्थान गरे मन्द मन्द पाइला चाली । त्यो तेजहीन नागलाई हेर्न जटिलहरूको भीड भयो । त्यो नागलाई हेर्न, जसको डरले उनीहरू अग्निशाला भित्र प्रवेश गर्न सकेको थिएन ।

काश्यपले त्यो चमत्कारी श्रमणलाई आफ्नो जमातमा सामेल गर्न सकेमा, उनलाई अनुयायी बनाउन सकेमा आफ्नो यश कीर्तिमा ठूलो वृद्धि हुने देखेर नै श्रमणलाई आश्रममा बस्ने निमन्त्रण दिएको थियो । त्यसमाथि काल नागराजाको विरूद्ध संरक्षण पनि थियो । श्रमणले आफूलाई "बुद्ध" भनेको उनलाई पत्यार लागेको थिएन । काश्यपलाई तपस्याको ठूलो अभिमान थियो । आफ्नो ज्ञानको ठूलो अभिमान थियो । उनी आफूलाई 'अर्हत्' जो ठान्थे ।

Downloaded from http://dhamma.digital

तर कति गलत थिए उनी ! बुद्धलाई उनले चिन्न सकेको थिएन । संयोगवश बुद्ध काश्यपको आश्रममा आएको थिएन । त्यतिका बेर कुरेर काश्यपलाई भेटी आश्रममा आश्रय लिएको पनि अनर्थक थिएन । काश्यपले उनलाई आश्रममा बस्ने गरेको निमन्त्रण स्वीकार गरेको पनि बिना कारण थिएन । धर्म विजयको अभियानको प्रथम योजना अनुरूप बुद्ध उरुवेला काश्यपकहाँ आएका थिए । आफ्ना ६० भिक्षुहरूलाई विभिन्न दिशामा धर्म प्रचार गर्न पठाई, सुव्यवस्थित धर्म प्रचारको योजना अनुसार उनी स्वयं उरुवेला काश्यपको आश्रममा आएका थिए ।

सिद्धार्थ बुद्ध हुनु अघि मगध नरेश बिम्बिसार उहाँको बुद्धत्व प्राप्ति पछि सर्वप्रथम राजगृहमा आउन निमन्त्रण गरेका थिए । बुद्ध त्यहीं जान चाहन्थे । विद्वानहरूको नगरी राजगृहमा उनी आफ्नो धर्मको प्रचार गर्न चाहन्थे । त्यहाँ जाँदा ख्यातिप्राप्त काश्यप ऋषिहरूलाई आफ्नो धर्ममा दिक्षित गरेर लग्न चाहन्थे उनी । त्यही मनसायले बुद्ध काश्यपकहाँ आएका थिए । अजीव बिडम्बना थियो । बुद्ध काश्यपलाई अनुयायी बनाउन चाहन्थे, काश्यपले बुद्धलाई !

आश्रममा निकै चहल पहल थियो । महायज्ञको लागि तैयारी चल्दै थियो । एक विशाल यज्ञशाला बनाइसकेको थियो । आश्रमका जटिल ऋषिहरू यज्ञ मण्डप सुसज्जित गर्नमा व्यस्त थिए । कोही यज्ञमा होम्ने सरसामान जुटाउनमा लागेका थिए । कोही आसन बन्दोबस्त गर्नमा लागेका थिए । कोही आश्रमलाई सफा सुग्घर गर्नतिर लागेका थिए । उरुवेला काश्यपको आश्रममा बस्ने ५०० जटिल ब्राह्मणहरू महायज्ञको तैयारीमा व्यस्त थिए ।

समूह समूहमा बाँटी कामगरिराख्ने ऋषिहरूलाई कामको साथ साथै साथीहरू सँग कुराकानी गर्ने पनि मौका हासिल भएको थियो । यज्ञशालाको चारैतर्फ केराको बोट ठड्याउँदै गरेका ऋषिहरू काम गर्दै कुरा गर्दै गरेका थिए ।

"मैले पनि त्यस्तै सुनेको हुँ ।"

"सायद उनी देउता हुन् कि ?"

"नाग हुन् सक्छ, मेरो विचारमा ।"

"मनुष्यको रुपमा प्रेत हो कि ?"

"नाईं ! त्यस्तो करुणामयी आँखा हुने पनि प्रेत होला र ? गरुड हुन सक्छ सायद ।"

"अमनुष्य जस्तो त लागेन है मलाई !"

"कसरी मनुष्य भन्नु त ? देखिनौ अस्ति विषधारी नागराजलाई कसरी शक्तिहीन तुल्याइदिए उनले ?"

Downloaded from http://dhamma.digital

"जादुगर हो कि ? ऋद्धि प्रातिहार्यमा निपुण चमत्कारी व्यक्ति हो कि ?"

"नयाँ कुरो सुनेका छौ ?"

" के ? के कुरा हैं ??"

"हिजोआज राती त्यो श्रमणको कुटी जाज्वल्यमान हुन्छन् रे ।"

"साँच्चै ?!"

"अनि के त ! मध्य रात भयो भने उहाँको कुटी प्रकाशमान हुन्छन् रे ।"

"आश्चर्य ! अद्‌भूत !!"

"किन रे, थाहा छ ?"

"किन ? कसरी ?"

"अस्ति राती चतुर्महाराज देवताहरू आएका थिए रे उनको कुटीमा ।"

"ओह ! देउताहरू आउँछन् र उनीकहाँ ?!"

"अझ त्यसको भोलिपल्ट देउताहरूका राजा इन्द्र स्वयं आएका थिए रे !"

"होइन यी देउताहरू आफै स्वयं किन आउने हुन् उनीकहाँ ? हामीले त्यति तपस्या गरिसकें । यज्ञ गरिसकें । आजसम्म कुनै देउता देखेको पनि छैन । पक्कै के रहस्य छ यसमा ?!"

"भनिन्छ कि देउताहरू उनकहाँ धर्म उपदेश सुन्न आउँछन् रे !"

"क्या अनौठो कुरो छ !"

"त्यति मात्र कहाँ हो र ? एकपल्ट त स्वयं सहपति पनि उनको उपदेश सुन्न आएको थियो भन्ने हल्ला छ ।"

"सहपति ? स्वयं ब्रह्मा !"

"हाम्रो आराध्य देउता ब्रह्मा स्वयं उनको उपदेश सुन्न आउँछन् रे ?"

"त्यसै भन्छन् । हाम्रै कति मित्रहरूले देखेको दावी गर्छन् ।"

"आश्चर्य ! अद्‌भूत !! जस्को दर्शन पाउन हाम्रो जीवनभरको प्रयास अपर्याप्त छ, उही ब्रह्मा श्रमणकहाँ उपदेश सुन्न आउँछन् ! अविश्वनीय !"

"म त यसमा केही अविश्वसनीयता देख्दिनं । देखिनौं अस्ति हाम्रै अगाडि महाभयंकर कालनागराजलाई वशमा पारेको ?"

"मलाई त अब विश्वास लाग्न थाल्यो......"

Downloaded from http://dhamma.digital

"के कुरोमा ?"

"......कि उनी बुद्ध हुन् । उनी आफैले घोषणा गरेका थिए । कसैले पत्याएको थिएन । मेरो विचारमा उनी साँच्चै बुद्ध हुन् ।"

"बुद्ध !"

"सम्पूर्ण दर्शन, धर्म र ज्ञानको ज्ञाता - बुद्ध !?"

"संसारको मोहजालबाट निर्लिप्त अर्हत् - बुद्ध !?"

"प्रकृतिको रहस्य एक एकको ज्ञाता - बुद्ध !?"

"हो, बुद्ध !!"

"हुन पनि सक्छ । म त उनलाई देख्नासाथै प्रभावित भएको थिएँ ।"

"म पनि । गजबको व्यक्तित्व छ । अग्लो । शान्त । निर्मल । गम्भीर ।"

"अनुहार कति सुन्दर । सँधै हेरिराखौं जस्तो लाग्ने ।"

"मलाई त उनको आँखा मन पर्छ । कसैको आँखा त्यति राम्रो हुन सक्छ भन्ने विश्वास गर्न कठीन छ ।"

"आवाज नि आवाज । क्या मीठो, गम्भीर र गहन आवाज ।"

"हिंडाइ होस् गरेनौ ? क्या संयत, सुब्यवस्थित पाइलाहरू ।
मनलाई कस्तो आफ्नो वशमा राख्न सकेको होला !"

उनीहरू आपसमा कुरा गर्दैमा यति मस्त थिए कि अलि पर बसी उनीहरूको कुराकानी ध्यानपूर्वक सुनीराख्ने उनीहरूको गुरु उरूवेला काश्यपलाई उनीहरूले देख्दै देखेनन् । आफ्ना शिष्यहरू महाश्रमणबाट प्रभावित भएको देखी उनको मन आन्दोलित भएको थियो । शिष्यहरूले महाश्रमणलाई गरेको प्रशंसा सुनी उनको मनमा कता कता शंका उत्पन्न हुन थाल्यो । शिष्यहरू महाश्रमण प्रति आकर्षित भएकोले उनी आफ्नो भविष्यको चिन्तनमा लाग्न थाले । तर पनि उनले आफ्नो मन दृढ गरे- "आखिर म अर्हत् हुँ । महाश्रमण जतिसुकै चमत्कारी भएता पनि के भयो र ? म त अर्हत हुँ । अर्हत्- सर्वश्रेष्ठ व्यक्ति । अर्हत्- संसारमा बसेर पनि संसारबाट निर्लिप्त कमल । अर्हत् महानतम ज्ञान पदवी । आखिर म अर्हत् हुँ ।'

'तर जब आफ्नै शिष्यहरू एक श्रमणको गुणगान गर्नमा लाग्छन् भने सर्वसाधारण गृहस्थहरू किन उनीदेखी प्रभावित नहोस् ? श्रमण चमत्कारी छन् । प्रभावशाली छन् । सम्मोहक व्यक्तित्वका मालिक हुन् । बर्षौंदेखि जटापाली अग्निको पूजा गर्दै आएका आफ्ना अनन्य भक्तहरू त श्रमण प्रति झुके भने, साधारण

Downloaded from http://dhamma.digital

गृहस्थहरूले त उनलाई पूजै गर्लान् । उरुवेला काश्यपले मनैमन कुरा खेलाउँदै थिए- आज त झन महायज्ञको दिन । मगधका हजारौं नरनारीहरू भेटी चढाउन आउने आजको दिन । उनीहरू श्रमण देखी प्रभावित नहोलान् र ? श्रमणले आफ्नो कुनै चमत्कार देखायो भने त निश्चय नै उनलाई मान गर्नेछ । मेरो कीर्ति घट्ने छ । श्रमणको अगाडि मेरो प्रसिद्धि कम हुने निश्चित छ । आज एक दिन - यो महान यज्ञको दिन - श्रमण यतातिर नआइदिएको भए हुन्थ्यो । तर उनी त भोजनको समयमा सँधै यतै आउँछन् । मैले आफैले उनलाई सँधै भोजन भिक्षा दिन्छु भनेर कबुल गरिराखेको हुँ । अब के गर्ने ? आफ्नै कुरामा आफै फसेछु म त । कसरी ती चमत्कारी श्रमणलाई आज यहाँ नआऊ भन्ने .......

"काश्यप !" अचानक कसैको गम्भीर तर मधुर स्वर सुनेर उरुवेला काश्यप झसंग भए । देखे उनले - स्वयं महाश्रमण ! जसको बारेमा उनले विचार गरिराखेका थिए, उही व्यक्ति उनको अगाडि थिए । कति बेला महाश्रमण उनीकहाँ पुगे भन्ने पत्तै भएन उनलाई ।

श्रमणलाई देख्नासाथ काश्यपको आँखा निहुरिए । महाश्रमणको आँखामा आँखा गाढेर हेर्ने हिम्मत कहिल्यै भएको थिएन उनलाई । महाश्रमणलाई आज एकदिन कतै अन्तै भिक्षाको लागि पाल्नुस् भन्ने हिम्मत काश्यपलाई भएन ।

"आज निकै चहल पहल छ, आश्रममा ।", बुद्धले भने ।

"हो, भन्ते ! हजारौं भक्तजनहरू आज यहाँ भेला हुन्छन् ।", काश्यपले भने ।

"महायज्ञको लागि ?!", बुद्धले सोधे ।

"हो, भन्ते ! महायज्ञको लागि ठूला ठूला अमूल्य भेटी लिई आउँछन् मगधवासीहरू ।" काश्यपले भने ।

"महायज्ञ प्रसिद्ध जस्तो छ ।" बुद्धले भने ।

"अति नै प्रसिद्ध छ भन्ते । त्यसैले हजारौं हजार भक्तजनहरू आउने छन् आज ।" काश्यपले भने ।

बुद्धले आफ्ना करुणामयी दृष्टिले काश्यपको अनुहार निरीक्षण गरे । उनको अनुहार रातो थियो । आँखा आन्दोलित थिए । श्रमणले आफूलाई नियालेर हेरेको देखी काश्यप हडबडाए । आफूलाई नियन्त्रण गर्दै भने, "बर्षेनी हुने महायज्ञ हो, श्रमण । हजारौं मान्छे भेला हुन्छन् आज आश्रममा ।"

श्रमणले आफूलाई अझै हेरिराखेको देखी विषय बदल्दै काश्यपले सोधे, "श्रमण एकाविहानै कतातिर नि ?"

Downloaded from http://dhamma.digital

"चंक्रमण गरी आएको हुँ । आफ्नो कुटीमा जाँदैछु । हुन्छ त पुनः भेट गरौंला ।" बुद्धले उत्तर दिए ।

आफ्नो चीवर मिलाई बुद्ध गए । उनी गएको टोलाएर हेरिराखेको थियो काश्यपले जसले उनलाई भरे भोजनको लागि यज्ञस्थलमा नआउनुस् भनेर अनुरोध गर्न सकेको थिएन ।

त्यो दिन उरूवेला काश्यपको लागि अति नै तनावपूर्ण दिन रह्यो । श्रमण आउला र आफ्नो प्रसिद्धि घट्ला भन्ने पीरले विहानै देखि उनलाई कचेटिरहेको थियो । बारम्बार उनी चोर अँखाले श्रमण भएको दिशातर्फ हेर्थे । मानिसहरूको घुँइचो लागि सकेको थियो । काश्यपको द्वन्द्व झन झन तीब्र हुँदै गयो । महान् यज्ञको थालनी भयो । मन्त्रोच्चारण गर्दै यज्ञ गरिराख्ने काश्यपले ध्यान पूर्वक आफ्नो काम गर्न सकेको थिएन । अग्निपूजक काश्यप ब्राह्मणले मनै मन त्यो एक दिन श्रमणलाई यता नपठाउनुस् भनी अग्निलाई पूजा गर्दै थिए । आफ्नो आराध्य देवताको आराधना गर्दै थिए ।

नभन्दै त्यो दिन बुद्ध काश्यपको आश्रममा भिक्षाको लागि आउनु भएन । दिनभरिको तनावबाट उरुवेला काशयप मुक्त भए । मनैमन विचार गरे- "मेरो तपस्या सित्तै गएन । अग्निको आराधना बेकार भएन । मेरो कामना सिद्ध भयो । श्रमण आज नआओस् भनेर मैले विचार गरेको थिएँ, सो सिद्ध भयो । म महान छु । म श्रेष्ठ छु । म अर्हत् हुँ ।'

भोलिपल्ट । भोजनको समयमा श्रमण देखा परे । भोजन भयो । भोजन सकिएपछि उपयुक्त अवसर ठानेर काश्यपले भने "महाश्रवण ! हिजो तपाईं भोजनको लागि आउनु भएन त यहाँ ।"

मुसुक्क हाँसेर बुद्धले सोधे, 'काश्यप ! के तिमीले हिजो यस्तो चिताएको थिएनौ कि आज एक दिन श्रमण यहाँ नआइदिए हुन्थ्यो । काश्यप ! के तिमीले हिजो विचार गरेका थिएनौ कि हजारौं भक्तहरूको अगाडि श्रमण भिक्षाको लागि नआइदिए हुन्थ्यो ?"

काश्यपको मुख रातो भयो । उनी निरुत्तर भए । उनको जुन विचार आफ्नो मन्त्रसिद्धिको बलले फलिभूत भएको भनेर उनले ठानेका थिए, सो वास्तवमा गलत थियो । श्रमणले उनको मनको कुरो जानेर आफू स्वयं अन्तै भिक्षा गइदिएका थिए । श्रमण बडो मनोवैज्ञानिक रहेछन् । मनको कुरा स्पष्ट बुझ्ने रहेछन् । वास्तवमा श्रमण महान् छन् । चमत्कारी छन् । प्रभावशाली छन् । मनोवैज्ञानिक छन् । 'तर उनी अर्हत् होइनन्', काश्यपले आफ्नो मनमा दृढता ल्याए- 'र म अर्हत् हुँ ।'

———O———

Downloaded from http://dhamma.digital

# ३६

ती तरूण जटिलको अनुहार धुँवाले कालो भैसकेको थियो, तर पनि उनले यज्ञमा आगो बाल्न सकेको थिएन। आगो सल्काउन पत्थर घोट्दा घोट्दा हात दुखिसके, फू फू गर्दा गर्दा श्वास फुलिसक्यो, तर पनि आगो बलेको थिएन। अन्तमा उनी हार मानेर उठे।

"के गर्ने लौ अब ?" उनको साथीले भने। उनको अनुहारमा पनि मोसो दलेको जस्तै थियो।

"गुरु आउने बेला भइसक्यो। यहाँ चाहिं आगो पनि बाल्न सकेको छैन।" अर्को थपे।

उनीहरू जम्मा ८ जना थिए। सबैको अनुहार कालो भैसकेको थियो। कसैले आगो बाल्न सकेको थिएन। सबै हरेश खाइसकेका थिए। सबै निराश थिए।

"किन हो चाउरिएको अनुहार, मित्रहरू ? भयो के ?" दुई जना अन्य युवा जटिल ब्राह्मणहरू त्यतै आइपुगे। देवनाग र उपपाल नाउँ थिए उनीहरूको।

"हेर न ! आगो बाल्न नसकेर कस्तो यहाँ। अहिले हो र हामीले आगो बाल्न खोजिरहेको।" कालो अनुहार हुने एक जनाले गुनासो गरे।

"खोइ, खोई ! म बाल्छु आगो।" नयाँ आउनेमध्ये एक जना कस्सिएर अगाडि बढे। उनी उपपाल थिए। आगो बाल्न नसकेर थाकिएकाहरूले उनलाई बाटो छाडिदिए। उनी बसे। हातमा पत्थर लिए। एकै क्षण आँखा चिम्ले र मनैमन केही बडबडाए। आँखा खोले। दाहिने हातको पत्थरले बाँया हातमा रहेको पत्थरलाई बेस्सरी रगड्यो। आगोको झिल्का निस्क्यो। नजिकैका स्याउला आगोको झिल्कालाई टिपेर बल्न थाले। बलेका स्याउलाहरूको तापले तातिएका दाउरा पनि बिस्तारै बल्न थाले।

"चमत्कार भयो यो त !" विस्मित काला अनुहार हुनेहरूमध्ये एकको मुखबाट अनायाशै निस्क्यो।

"जुन आगो हामी आठै जनाले अघि देखि बाल्न खोज्दा पनि बलेको थिएन, तिमीले त एकै पल्ट बाल्यौ।" अर्कोले थपे।

"अद्भूत छ। आश्चर्य जनक छ।" अझ अर्कोले थपे।

"होइन, कसरी गरेको हँ ?", एकले सोधे।

"कुनै मन्त्र छ कि क्या हो ?", अर्कोले सोधे।

Downloaded from http://dhamma.digital

"मन्त्र त हो नि । आगो बाल्न अगाडि मन्त्रोच्चारण गरेको देखिनौ ?", अर्कोले उत्तर दिए ।

उपपाल जटिल केही नबोली मुसुमुसु हाँसि राखे । उनले अनौठो काम गरेको थियो । चमत्कार गरेको थियो । कसैले बाल्न नसकेको आगो तुरुन्तै बालिदिएको थियो ।

"साँच्चै उपपाल ! कसरी बाल्यौ हँ ?" एकले सोधे । उपपाल मुसुमुसु हाँसिराखे ।

"त्यो मन्त्र के हो ?" दोस्रोले सोधे । उपपाल मुसुमुसु हाँसिराखे ।

"के अग्निको मन्त्र हो ?" तेस्रोले सोधे । उपपाल मुसुमुसु हाँसिराखे ।

"अरु कुनै देउताको मन्त्र हो ?" चौथोले सोधे । उपपाल मुसुमुसु हाँसिराखे ।

"काश्यप गुरूले दिएको मन्त्र हो ?" पाँचौले सोधे । उपपाल मुसुमुसु हाँसिराखे ।

"भन्नु न । के हो रहस्य ?" छैठौंले सोधे । उपपाल मुसुमुसु हाँसिराखे ।

सबै आगो बाल्ने रहस्यमयी मन्त्र जान्न उत्सुक थिए । अचानक उपपाल उनीहरूको अगाडि विद्वान ठहरिन आएको थियो । उपपाल रहस्यमयी भइ दिएको थियो । उपपाल ज्ञानी भइदिएको थियो । उपपाल महत्वपूर्ण भइदिएको थियो । उपपाल मुसुमुसु हाँसिराखे । कसैलाई थाहा नपाएको ज्ञान थाहा थियो उनलाई ।

"मित्रहरू ! मलाई थाहा छ उपपालको आगो बाल्ने रहस्य !" देवनागले घोषणा गरे ।

आठै जनाले देवनागतिर हेरे । उपपाललाई देवनागको कुरामा पत्यार लागेको थिएन । उनको आगो बाल्ने मन्त्र अरु कसैलाई थाहा छैन भन्ने उनलाई थाहा थियो । उनको मन्त्र उनीले आफैले पत्ता लगाएको थियो । देवनागलाई कसरी थाहा हुनु र ?

देवनागले घोषणा गरे, "त्यो मन्त्र अग्निको होइन । कुनै देवताको पनि होइन । वास्तवमा त्यो कुनै मन्त्र नै होइन ।"

सबै उत्सुक भए । उपपाललाई शंका लाग्न थाल्यो ।

देवनागले भने, "रहस्य यही हो- उपपालले आगो बाल्न अगाडि श्रमणलाई स्मरण गरेको थियो ।"

"त्यतिकैमा आगो बल्यो त ?", एकले सोधे ।

"नपत्याए सोध्नु न उपपालसँग ।", देवनागले भने ।

सबैले उपपालतिर हेरे । एक लामो सुस्केरा हाली उपपालले सुनाए, "ठीक कुरा

Downloaded from http://dhamma.digital

हो। आगो बाल्नलाई मैले श्रमणको सम्झना गरेको थिएँ। आगो बाल्न नसकेको बेला म सँधै श्रमणको पुकार गर्छु, र आगो बल्छ।"

आठै जना चकित थिए। प्रभावित थिए।

"तर यो कुरा त केही दिन अगाडि मैले अकस्मात पत्ता लगाएको थिएँ। देवनागले कसरी थाहा पायौ ?" उपपालले सोधे।

"लौ सुन, म भन्छु।" उपपालले भन्न थाले, "चार दिन अगाडिको कुरा हो। हामी केही साथीहरू यज्ञ गर्दै थियौं। यज्ञको लागि दाउराको आवश्यकता भयो। दाउरा बटुलेर ल्याइए। दाउरा चिर्न लागे। दाउरा चिर्न सकेन। सबै प्रयास विफल भयो। सबै चकित भए। भयभीत पनि भए। सन्देह भयो। श्रमणको दिव्य शक्तिको कारणले दाउरा चिर्न नसकेको हो कि ? अग्निहोत्र बन्द भैसकेको थियो। हताश भएर एकजना जटिल श्रमणकहाँ गएर दाउरा चिर्न नसकेको जाहेर गर्न गए। उनले "दाउरा चिर्न सकिन्छ" भनेर ल्याएपछि साच्चै दाउरा चिर्न सकियो। रोकिएको अग्निहोत्र यसरी पुन: अगाडि बढाउन सकियो।"

"महाश्रमण त दिव्यशक्तिधारी रहेछ।", एकले भने।

"उनले भन्नासाथ दाउरा चिर्न सकिने।", अर्कोले भने।

"उनको आराघना गर्दैमा आगो बल्ने!" अर्कोले पनि आश्चर्य प्रकट गरे।

"त्यति नै कहाँ हो र ? आगो निभाउन नसकेको बेलामा पनि उनको उपासनाले आगो निभाउन सकिन्छ।" उपपालले भने।

"मैले त अनायाश श्रमणको आराधनाको शक्तिले दाउरा बाल्न सकिन्छ भन्ने पत्ता लगाएको थिएँ। उनको आराधनाले त नचिर्ने दाउरा चिर्न पनि सकिने रहेछ। ननिभ्ने आगो निभाउन पनि सकिने रहेछ।" देवनाग पनि विस्मित थिए।

"साँच्चै त महान् श्रमण हुन्!"

"उत्तम पुरुष हुन्!"

"प्रभावशाली छन्!"

"शक्तिशाली छन्!"

"जसको उपदेश सुन्न स्वयं देउताहरू आउँछन्, उनी श्रमणको कुरै के गरौं?"

"भनिन्छ कि उनी आफ्नो भोजनको लागि त्यो जामुनको रूखबाट जसको नाउँबाट जम्बूद्वीप भनिएको हो, फल ल्याएर, त्यसका वरिपरिका आँप, अमला, हर्रो ल्याएर खाने गर्छन्।"

Downloaded from http://dhamma.digital

"असम्भव ! त्यो रुख त यहाँबाट अनगिन्ति कोश टाढा छ ।"

"तर उनी ऋद्धिप्राप्त महान् व्यक्ति हुन्। उनको लागि के असम्भव हुन सक्छ र ?"

अझ भनिन्छ कि एकपल्ट त उनले त्रायतिंस भूवनमा गएर त्यहाँको पारिजात फूल हाम्रो यज्ञशालामा त्यही विहान ल्याएका थिए रे ।"

"केही दिन अघि ठूलो आँधी वेहरी चल्दा पनि श्रमण बस्ने प्रदेश सबै बगाएर लगेको थियो । तर उनी बस्ने ठाउँ चाहिँ केही भएन ।"

"अस्ति त के भयो रे थाहा छ ? श्रमणले आफ्नो पांशुकुल[१] धुन खोज्दा स्वयं इन्द्रले आई पोखरी बनाइदिएका थिए रे । पांशुकुल बजार्न सँगै एक विशाल पत्थर पनि बनाइदिएका थिए रे । पांशुकुल सुकाउनको लागि स्वयं इन्द्रले एक रुखको हाँगा निहुराएका थिए रे ।"

"यी कुरा त नपत्याउँदा छैनन् र ?" एकले शंका जाहेर गरे ।

"हल्लै मात्रै पनि हुन सक्छन् । तर त्यो श्रमण देखी हाल्यौ नि तिमीले । कति यशश्वी छ । कति तेजश्वी छ ।"

"कति प्रभावशाली ! कति आकर्षक !"

"कति गम्भीर ! कति शान्त !"

"कति निर्मल ! कति शीतल !"

"पक्कै एक महान मानव हुनुपर्छ उनी !"

नजिकैको एक रूखको ओटमा लुकेर यी सबै सुनिराखेका थिए उरुवेला काश्यपले । केही दिनदेखि जटिलहरू कतै कुनै ठाउँमा बसी कुराकानी गरिराखेको देखे भने लुकेर सुन्न जाने बानी भइसकेको थियो उनको । आफ्ना शिष्यहरू ती महाश्रमणदेखि कति प्रभावित भए भनेर हेर्न चाहन्थे उनी ।

कुराकानी सुनेर उरुवेला काश्यप पनि श्रमणदेखि अझ बढी प्रभावित भएका थिए । उनी चिन्तित थिए आफ्ना शिष्यहरू श्रमणप्रति बढी आकर्षित हुनाले । उनी आफै पनि प्रभावित थिए । उनी आफै मान्थे कि श्रमण महान् विद्वान छन् । दिव्यशक्तिधारी छन् । तेजश्वी छन् । प्रतिभासम्पन्न छन् । तर उनी पुनः विचार गर्थे- उनी म जस्तो अर्हत् त छैनन् ।

"काश्यप !"

---

(१) पांशुकुल = झुत्रो चीवर

Downloaded from http://dhamma.digital

मनमा कुरा खेलाई आफ्नो कुटीतर्फ फर्किराख्ने उरुवेला काश्यप झसंग भए । उनको अगाडि थियो महाश्रमण गौतम !

सन्ध्याकालको सिर्सिरे बतासमा फर्फराइरहेका पांशुकुलधारी श्रमण । रूखका पातहरूको माझबाट छिरेको प्रकाशले देउता सरह प्रज्वलित गरिदिएको श्रमण । संसारको सारा करुणा समेटिएका ठूला ठूला आकर्षक आँखा हुने श्रमण । अशान्तताबाट निर्लिप्त पूर्ण शान्ति झल्कने अनुहार हुने श्रमण । सबै मानसिक द्वन्द्वबाट मुक्त भैसकेको निर्मल व्यक्तित्व हुने श्रमण । अर्काको मनको कुरा स्पष्ट बुझ्न सक्ने महा-मनोवैज्ञानिक श्रमण । भयंकर नागराजलाई वशमा पार्न सक्ने दिव्यशक्तिधारी श्रमण ।

"के तिमी अर्हत् हौ ?" बुद्धले सोधे ।

अति आशा नगरिएको प्रश्न थियो । काश्यप अकमकिए, "म.....म अर्हत् नै हुँ ।"

"न तिमी अर्हत् हौ । न तिमी अर्हत् हुने मार्गमा लागेका छौ । न तिमीलाई अर्हत् कसरी होइन्छ नै थाहा छ ।" बुद्धले भने ।

काश्यपले केही जवाफ दिन सकेन ।

"तिमीले आफ्नो अभिमानलाई अर्हतत्व ठानेका छौ । तिम्रा शिष्यले अर्हत् ठानेकोले तिमीले आफूलाई अर्हत् ठानेका छौ । हजारौं भक्तहरूले अर्हत् मानेकाले तिमीले आफूलाई अर्हत् मानेका छौ । अरुले मान्दैमा अर्हत् हुने होइन । अरुले ठान्दैमा अर्हत् हुने होइन । मन कुनै पनि प्रकारको दु:ख, पीर, क्लेश, डाह, क्रोधबाट मुक्त भएर नै अर्हत् होइन्छ । प्रकृतिको परिवर्तनशील नियमलाई बुझेमा नै अर्हत् होइन्छ ।"

काश्यपको शिर निहुरिए । कुरो साँचो जस्तो लाग्यो उनलाई । उनी लज्जित भए ।

"मानिसमा दृढता हुनुपर्दछ । स्वाभिमान हुन आवश्यक छ । तर तिमीमा अहंकार छ । आफ्नो जिद्दीलाई छाड्दै नछाड्ने व्यक्तिले कसरी उन्नति गर्न सक्छ र ? विना सम्यक् दृष्टि कसरी अर्हत् हुन सकिन्छ र ? जबसम्म तिमी कुनै चीज प्रति आफ्नै दृष्टिकोणप्रति पनि, आशक्त भइराख्छौ त्यतिबेलासम्म अर्हत् टाढाको विषय हुनेछ ।" बुद्धले थपे ।

"तर म जटील हुँ । जटाको आफ्नै महत्व छ । भित्र जटा छ, बाहिर जटा छ । सवै जीव जटामा अल्झिएका छन् । गौतम ! कसले यो जटाबाट मुक्त गर्न सक्छन् र ?" सशंकीत भई सोधे ।

Downloaded from http://dhamma.digital

"जसको आचरण राम्रो छ, जसले बुद्धि लगाउँछ उसैले यो जटालाई सुल्झाउन सक्छ। जसको राग, द्वेष र अज्ञानता हटी सकेको छ, उसैले यो जटालाई सुल्झाउन सक्छ। जसले हेतुवाद बुझी कारणको निर्मूल गर्छ, त्यतिबेला जटाबाट मुक्त हुन्छ", बुद्ध।

उरूवेला काश्यपको आँखा खुल्यो। घमण्डको पर्दा हट्यो। आफूले सबै कुरो जानेको छुँ भनी घमण्ड गरी नयाँ ज्ञानको ढोका आफैले बन्द गरेको उनले महसुस गरे। आफ्नो अर्हतत्वको भ्रम चकनाचूर भयो। उनको सारा तपस्या व्यर्थ भयो। सत्यज्ञानको रश्मिको झल्को उनले देखे आफ्नो अगाडि उभिराख्ने प्रभावशाली व्यक्तिमा, बुद्धमा !

"भन्ते ! तपाईं बुद्ध हुनुहुन्छ। लोक गुरु हुनुहुन्छ। तपाईंको ज्ञान र प्रज्ञासँग मेरो के तुलना गर्ने ? तपाईं मलाई शरणमा लिनुस्। प्रव्रज्या पाउँ, भन्ते।" बुद्धको पाउमा शिर राख्दै उरुवेला काश्यपले भने।

"काश्यप ! तिमी प्रसिद्ध व्यक्ति हौ। पाँच शय जटिलहरूका नायक हौ। तिनीहरू के गर्छन् ?", बुद्धको प्रश्न।

"भन्ते ! एकै क्षण पर्खनोस्। म आफ्ना शिष्यहरूसँग सोध्छु।" भन्दै काश्यप हतार गर्दै गएर सबै चेलाहरूलाई भेला गरेर घोषणा गरे, "जटिलहरू ! म आज देखि बुद्धको शरणमा जाँदैछु। मैले निश्चय गरिसकें कि म बुद्धको समीप बसी ब्रह्मचर्यको पालन गरी साँच्चैको अर्हतत्व प्राप्त गर्नेछु। तिमीहरूमध्ये कोही मसँगै बुद्धको शरणमा जान चाहन्छौ भने स्वागत छ।"

"काश्यप !", जटिलहरूले भने, "हामी त पहिलेदेखि नै श्रमण गौतमदेखि प्रभावित थिएँ। यदि तपाईं उहाँकहाँ ब्रह्मचर्यको पालन गर्न जानु हुन्छ भने हामी पनि तपाईंको अनुकरण गर्छौं।

"मेरो यही निश्चय छ।"

"हाम्रो यही निश्चय छ।"

जटिलहरूले जयघोष गरे। उत्साहित भई उठे। लामा लामा जटा उनीहरू सबैले काटे। आफ्ना रौं, जटा, घ्यू, झोला र अन्य यज्ञ सामाग्रीहरू सबै बटुले। नजिकै उरुवेला नदी थियो। त्यहाँ गएर ती सबै सँधैको लागि प्रवाहित गरिदिए। अग्निपूजालाई अन्तिम नमस्कार गरे।

तथागतकहाँ सबै गए। भने, "भन्ते ! हामीलाई प्रव्रज्या दिनुस्। उपसम्पदा पाउँ।"

Downloaded from http://dhamma.digital

"भिक्षुहरू । आउ । धर्म सुआख्यात छ । दुःख अन्त गर्न असल जीवनयापन गर ।"

पाँच सय एकजना जटिलहरूको उपसम्पदा भयो । अति प्रसिद्ध घमण्डी ऋषि उरुवेला काश्यप भिक्षु बने ।

उरूवेला काश्यपले स्वयं महसुस गरे कि उनी इर्ष्यामा डुबेका थिए । गर्वले चूर थिए । तथागतको चमत्कारपूर्ण कार्य देख्दा पनि उनीलाई प्रणाम गरेको थिएन । काश्यपको दोषलाई ध्यान नदिई तथागतले उनलाई उनको दोष प्रति आकर्षित गरेका थिए । जटाधारी साधुको रूपमा उनलाई सम्मान मिलेको थियो । सत्कार मिलेको थियो । उरूवेला काश्यपले ती सत्कारहरू, ती सम्मानहरूको त्याग गरेका थिए । उनी अब तथागतको शासनमा प्रव्रजित थिए । पूर्वकालमा स्वर्गको आशामा यज्ञ गरेर सन्तुष्ट थिए । अब उनी तृष्णाबाट मुक्त हुने मार्गमा लागेका थिए ।

उरूवेला काश्यप मनै मन हर्षित भए, जुन प्रयोजनले मैले घरबार त्याग गरेको थिएँ, गृह विहीन भएको थिएँ, सो मैले पाएँ !

———o———

Downloaded from http://dhamma.digital

# ३७

नैरंजना नदीको पानीले लामा लामा जटाहरू आफूसँगै अगाडि बढाइ लग्यो उत्तर तिर । नदीको वेगमा डुबुल्कि मार्दै ती काला घना रौंका जटाहरू जताजता पानीले लग्यो, उतै उतै बहँदै थिए । किनारमा टक्कर खाँदै, पत्थरमा ठक्कर खाँदै, घुमाउरो बाटो हुँदै अगाडि बढिरहेका थिए ती रौंहरू । पाँचशय एक जटाधारी ऋषिहरूले काटेर नदीमा फालेका ती घना जटाहरूले गर्दा नदी स्वयं कालो देखिन्थ्यो । साथमा बग्दै थिए अग्निहोत्रका सरसामानहरू ।

नदी आफ्नो घुमावदारबाटो हुँदै अगाडि बढिरहेको थियो । केही कोश पर अर्को प्रसिद्ध जटाधारी अग्निहोत्री ब्राह्मण ऋषिको आश्रम थियो । नैरंजना र मोहना नदीको संगमको किनारमै आश्रम बनाइ बस्ने हुनाले उनी नदी काश्यपको नामले प्रख्यात थिए । ३०० जटिल ब्राह्मणहरू उनको आश्रममा बस्दथे ।

"हेर, हेर !! नदीले के बगाइ ल्याएको हो ?" आफ्नो वस्त्र नदीको किनारमा बसी धोइराख्ने एक जटिलले टाढा चोर औंलाले औल्याईंदै चिच्याए ।

"पानी नै कालो देखिन्छ ।" अर्को पनि चिच्याए ।

"सामानहरू पनि छन् जस्तो छ ।" तेस्रोले ध्यानपूर्वक दूरदृष्टि राख्दै भने ।

हल्लाखल्ला भयो । जटिलहरू नदी किनार भेला हुन आए । तिनीहरू मध्ये थिए नदी काश्यप स्वयं । उनीहरूले नदीले बगाइ ल्याएका लामा लामा जटाहरू, हवनका सामाग्रीहरू देखे ।

"पक्कै यी जटाहरू उरुवेला काश्यपको आश्रमबाट आएको हुनुपर्छ । हवन सामाग्री त्यहिं कै हुन् । अरु को छ र माथी जटाधारीहरू, अग्निहोत्रीहरू ?" एकले टिप्पणी गरे ।

"पक्कै उनीहरूकै जटा हुन्, सामाग्री हुन् ।" अर्कोले सही थापे ।

"हेर न नदी नै ढाक्ला जस्तो छ ।" अर्को चाहिं चकित भए ।

"किन उनीहरूले आफ्नो जटा र पूजा सामाग्री नदीमा बगाइ दिएका होलान् ?" एकले शंका जाहेर गरे ।

"कतै कुनै अनिष्ट त भएन ?" अर्कोले थपे ।

"कुनै नराम्रो कुरा त भएन उरुवेला काश्यपको आश्रममा ?"

Downloaded from http://dhamma.digital

"शायद कुनै दुर्घटना भयो कि ?"

"जटिलहरू !" एकाएक उनीहरूका गुरु नदी काश्यपले दृढ स्वरमा घोषणा गरे, "हामी सबै जाऔं माथि उरुवेला काश्यपको आश्रममा । हेरौं कुन अनिष्ट कुरो भएको रहेछ । सकेमा मद्दत गरौं । अहिल्यै जाऔं ।"

आफ्ना ३०० शिष्यहरूलाई साथमा लिई नदी काश्यप उरुवेला काश्यपको आश्रममा पुगे । त्यहाँ उनले उरुवेला काश्यपलाई जीवित देखे । सबै घटना उनलाई थाहा भयो । उनले उरुवेलासँग सोधे, "के यो ठीक छ त ?"

"छ ।"

"अनि ?"

"हामीले यस्तै निश्चय गरें । हामी सबै भिक्षु भएँ ।

आफ्नो सम्मुख चीवर लगाएका पात्र बोकेका ५०० भिक्षुहरूलाई हेर्दै नदी काश्यपले भने, "यदि तपाईंको यस्तै निश्चय छ भने हामी पनि प्रव्रज्या लिन्छौं, उपसम्पदा लिन्छौं ।"

"यो व्यर्थको स्वांगलाई जलमा बगाइदेऊ नदी काश्यप ! यो जटा, यो रूप ग्रहण गर्ने होइन । शास्ताले उत्तम मार्ग देखाउनु भएको छ । त्यसैको अनुसरण गर ।"

नदी काश्यपले, र उनका ३०० शिष्यहरूले पनि, समस्त सामाग्री जल प्रवाहमा बगाइ दिए । उरुवेला काश्यप उनलाई लिएर भगवान कहाँ गए । त्यहाँ पुगेर सबै जटिलहरूले नदी काश्यपलाई अगाडि राख्दै निवेदन गरे, "भन्ते ! हामी प्रव्रज्या पाउँ । उपसम्पदा पाउँ ।"

तथागतले उनीहरूको अनुरोध स्वीकार गरे ।

काश्यप ऋषिहरूको सिद्धिको निमित्त तथागतको नैरंजना नदीना आगमन भएको थियो । उनको शरण गई नदी काश्यपले मिथ्या दृष्टिको त्याग गरे । पूर्वकालमा उनले थुप्रै यज्ञका अनुष्ठान गरेका थिए । अग्निहोत्र गरेका थिए । उनले महसुस गरे कि उनी कति मूर्ख थिए । अन्तरदृष्टि हीन थिए । मतवादबाट मोहित थिए । दृष्टि स्वरूप अरण्यमा परेका थिए । अशुद्धिलाई शुद्धि मानेका थिए । अज्ञानी थिए । अन्धा थिए ।

अब उनी मिथ्यादृष्टिबाट मुक्त थिए । अब उनी भिक्षु थिए । एक यस्तो भिक्षु जो द्रुत गतिले अर्हत्पदतिर अग्रसर छ ।

जटाधारी साधुहरूको अर्को एउटा ठूला जमात गयामा नामासिस पर्वतको फेदमा फल्गु नदी नजिकैं बस्ने गर्दथे । त्यहाँ २०० जटिलहरू अग्निहोत्र गरी बसेका थिए । गया काश्यप उनीहरूका नायक थिए ।

Downloaded from http://dhamma.digital

गया काश्यपको विश्वास थियो कि स्नानद्वारा पापको शुद्धि हुन्छ । अतएव उनी फल्गू नदीमा विहान, दिउँसो र बेलुका - दिनको तीन पल्ट नुहाउने गर्दथे । पूर्व र वर्तमान सम्पूर्ण पापहरू नदीको धाराले बगाइलग्यो भनेर सोच्दथे ।

नैरंजना नदीले बगाई ल्याएका केश र हवन सामाग्रीहरू उनीहरूले पनि देखे । आश्चर्य भयो । शंका भयो । उरुवेला काश्यपलाई कुनै अनर्थ त भएन ? अनिष्ट त भएन ?

शंका समाधानको लागि आफ्ना २०० शिष्यहरूलाई साथमा लिई उनी उरुवेला काश्यपको आश्रममा पुगे । त्यहाँ जटाधारी कोही देखेनन् उनले । त्यहाँ थिए चीवरधारी केश मुण्डन गरेका भिक्षुहरू । नाना तरहका शंका उपशंका उत्पन्न भए ।

"के यो सही हो ?"

"निश्चय नै । सब सही हो । आवुसो !"

"त्यसो भए हामी पनि पाउँ प्रव्रज्या । उपसम्पदा ।"

"आयुष्मान ! यही उचित छ ।"

"उरुवेल ! तथागत कहाँ लग्नुस् ।"

"अवश्य ।"

तथागत कहाँ पुगेर गया काश्यपलाई अगाडि राख्दै उनका २०० अनुयायीहरूले प्रार्थना गरे, "भन्ते ! प्रव्रज्या पाउँ । उपसम्पदा पाउँ ।"

"भिक्षुहरू ! धर्म सुआख्यात छ । आऊ । दु:खको अन्त गर्न असल जीवनको पालन गर ।"

गयाका जटिलहरू आफ्ना पुराना रूढी, जडता, वाह्य आडम्बर सबै त्यागेर सरल तर उत्तम धर्मको मार्गमा अग्रसर भए । उनीहरू भिक्षु बने ।

जुन गया काश्यपले नदीमा स्नान गरी पाप शुद्ध हुन्छ भन्ने धारणा राख्ने गर्थे, उनी अब धर्म नदीमा पापलाई बगाउने भए । उनी निर्मल भए । पवित्र भए । शुद्ध भए । आफ्नो विवेक बुद्धिले बुद्धको मार्गको अनुसरण गरेर तीव्र गतिले अर्हत्पदतिर अग्रसर हुने भिक्षु बने ।

आफ्ना एक हजार तीन जना नयाँ अनुयायीहरूलाई साथ लिई बुद्ध राजगृहतिर अग्रसर भए । तीन महिनासम्म काश्यपहरूको आश्रममा बसिसकेपछि, पौष पूर्णिमाको दिन उनी पुन: अग्रसर भए आफ्नो धर्म प्रचारको महान लक्ष्य लिएर

Downloaded from http://dhamma.digital

उरुवेला र गयाको मध्य गयासीस पर्वत[१] थियो। सो ठाउँमा बुद्ध पुगे। पूर्व अग्निहोत्री ऋषिहरूलाई सँगै लिएर उहाँ त्यहाँ वास बस्नु भयो। ती एक हजार तीन भिक्षुहरू केही दिन अघिसम्मन् जटाधारी थिए। अग्निहोत्री थिए। अग्निको पूजा नै सर्वश्रेष्ठ ठान्ने थिए। त्यस्ता पूर्व अग्निपूजकहरू सबैलाई एकत्रित गरी अग्निहोत्री धर्म र आफ्नो धर्मको तुलना गर्दै उहाँले आदिप्त उपदेश[२] गर्नु भयो -

"भिक्षुहरू ! सबै बलिरहेका छन्। नष्ट भइरहेका छन्।"

"के बलिरहेका छन् भन्ते ?"

"चक्षु बलिरहेका छन्। रूप बलिरहेका छन्। चक्षु विज्ञान (आँखाबाट उत्पन्न चेतना) बलिरहेका छन्। त्यसबाट उत्पन्न स्पर्श बलिरहेका छन्। त्यसबाट हुने वेदना बलिरहेका छन्।

"तथागत।"

"म चारैतिर श्रोत्र बलिरहेको देख्छु ...... घ्राण बलिरहेको देख्छु ...... जिह्वा बलिरहेको देख्छु....... काया बलिरहेको देख्छु......र मन बलिरहेको देख्छु।"

"कुन अग्नीको कारणले बलिरहेको भन्ते ?"

"राग अग्नि, द्वेष अग्नि, मोह अग्निले गर्दा बलिरहेछन्।"

"भिक्षुहरू यी सबै इन्द्रियहरू बलिरहेका छन्, नष्ट भइरहेका छन्। जसले यी कुरा सुन्छन्, यी कुरा देख्छन्, यी कुरा बुझ्छन् उनी यी विषयहरू - चक्षु, श्रोण, घ्राण, जिह्वा, काया र मन - बाट निर्वेद प्राप्त गर्छन्। जसले यो अनित्यता सुन्छन्, देख्छन् र बुझ्छन, उनी मुक्त हुन्छन्।"

"काम, क्रोध र अविद्याको अग्नि नै ती अग्नि हुन् जसले सबैलाई भस्म गरिरहेका छन्। संसारमा दुःख र शोकको कारण बनिरहेका छन्।"

"जसरी एक काठको टुक्रा अर्को काठको टुक्रासँग रगड्दा आगो उत्पन्न हुन्छ त्यसरी नै गलत धारणाहरूको संयोगले अविद्या उत्पन्न हुन्छ।"

यदी कोही एक पल्ट ठीक मार्गमा चल्न सकेमा, काम, क्रोध र अविद्याको अग्नि निभाउन सकेमा विद्या र पवित्र आचरणको जन्म हुनेछ। उनी बोध हुनेछन्। तृष्णाको क्षय हुनेछ। सच्चा श्रमण, अर्हत् हुनेछन्।"

(१) गयासीस पर्वत- वर्तमान गयाको ब्रह्मयोनी पर्वत। गयाको दक्षिण पूर्वतिर करिब डेढ माइलको दुरीमा स्थित छ। हेर्दाखेरी हात्तीको मस्तक जस्तो देखिने हुनाले यसलाई गयासीस वा गजसीस भन्ने गरेको हो।

(२) आदिप्त सुत्र

Downloaded from http://dhamma.digital

पूर्व अग्निपूजकहरूले यो उपदेश सुनेर साँच्चैको अग्निलाई देखे । त्यसमा बलेर नष्ट भइरहेका सम्पूर्ण विषयहरू देखे । उनीहरूको चित्त निर्लिप्त भए । आवागमनका आधारभूत मलहरूबाट मुक्त भए ।

धर्म विजय अभियानमा बुद्धको यो महत्वपूर्ण विजय थियो । कारण, काश्यप ऋषिहरूको जनता माथि ठूलो प्रभाव थियो ।

———o———

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# ३८

"म एक माली हुँ, महाराज !

"के चाहियो, भन ।"

"महाराज ! एक शुभ समाचार दिन आएको हुँ ।"

"के समाचार ? कस्तो समाचार ??" राजा उत्सुक भए ।

"महाराजको इच्छा पूर्ण हुने भयो ।" मालीले थपे ।

"के इच्छा ? कस्तो इच्छा ??" राजा झन उत्सुक भए ।

"सरकार ! बुद्धको दर्शन गर्ने हजूरको ठूलो अभिलाषा थियो ।" मालीले भने ।

"के संसारमा बुद्ध उत्पन्न भयो ?" उत्सुकताको चरमसीमामा पुगे महाराज ।

"बुद्धको प्रादुर्भाव भइसकेको छ ।" मालीले घोषणा गरे ।

"अति शुभ समाचार ल्यायौ, माली ।" राजा खुसीले विभोर भए ।

"उहाँ अहिले नगर बाहिरको लट्ठिवन[1]मा रहेको सुप्रतिष्ठित चैत्य[2]मा बसिराख्नु भएको छ ।" मालीले भने ।

"महाराज बिम्बिसार हर्षले विभोर भए । बुद्धको दर्शन गर्ने उनको बालककालदेखि ठूलो इच्छा थियो, बुद्धको उपदेश सुन्ने ठूलो धोको थियो । सो पूरा हुन लागेको थियो ।

बिम्बिसार अति शक्तिशाली राष्ट्र मगधका राजा थिए । विद्वान थिए । लोकप्रिय थिए । १५ वर्ष छँदा नै उनको राज्याभिषेक भएको थियो । उनले मगधमा शासन चलाइरहको १६ वर्ष भइसकेको थियो । अति रमणीय र प्रसिद्ध नगर राजगृह उनको राजधानी थियो । ८० हजार गाउँका स्वामी थिए ।

"महाराज ! उहाँ बुद्ध हुनुहुन्छ । शाक्यकुलबाट साधु बन्नु भएका शाक्यमुनि गौतम हुनुहुन्छ ।" मालीले थपे ।

"माली ! विचार गरेर भन । के उनी त्यही व्यक्ति हुन् जो ७-८ वर्ष पहिले राजगृहमा आएका थिए, जसको आगमनले राजगृह हलचल भएको थियो । उनी पनि शाक्यपुत्र थिए । बुद्धत्व लाभ गर्न प्रयत्नशील थिए । उही नै त होइन ?"[3]

---

(१) लट्ठिवन-यट्ठिवन पनि भनिन्छ । राजगिर (भारत) को नजिकैको जठियाँव गाउँ ।

(२) चैत्य- कुनै समतल ठाउँ वा चौतारालाई चैत्य भनिन्थ्यो । त्यति बेला चैत्यहरूमा देउता हुँदैनथे ।

(३) हेर्नुस घटनाक्रम १४ (मानव महामानव भाग १)

Downloaded from http://dhamma.digital

"माफी पाउँ सरकार ! मलाई ज्ञान छैन । तर अहिले जुन शाक्यपुत्र श्रमण राजगृह बाहिर लट्ठिवनमा विहार गरिराख्नु भएको छ, उहाँ अद्वितिय हुनुहुन्छ । हजारौं भिक्षुहरूका साथ बस्नु भएको छ । मानिसहरू धमाधम उहाँका अनुयायी बन्दैछन् ।" मालीले सुनाउँदै लगे ।

"माली !१

"उहाँ भगवान् अर्हत् हुनुहुन्छ । सम्यक सम्बुद्ध हुनुहुन्छ । विद्या र आचरणले युक्त हुनुहुन्छ । सुगत हुनुहुन्छ । लोकहरूलाई जान्ने हुनुहुन्छ । पुरूषहरूमा उत्तम सारथी हुनुहुन्छ । देवता र मनुष्यहरूको उपदेशक हुनुहुन्छ- यस्ता बुद्ध भगवान् हुनुहुन्छ उहाँ ।१

"ब्रह्मलोक, मारलोक, देवलोक सहित यो लोकको, देव मनुष्य सहित साधु ब्राह्मण सबैको उहाँले स्वयं साक्षात्कार गर्नु भएको छ । उहाँ आदिमा कल्याण कारक, मध्यमा कल्याणकारक, अन्तमा कल्याणकारक धर्मको अर्थ सहित उपदेश दिनुहुन्छ । केवल पूर्ण र शुद्ध असल जीवनको उपदेश दिनुहुन्छ । यस्ता अर्हत् बुद्धको दर्शन दुर्लभ छ ।"

बिम्बिसार उत्ताउलो भए । बुद्धको दर्शन गर्ने उनको जीवनको महान् धोको पूर्ण हुन लागेको थियो । उत्तिनैखेर मन्त्री भारदारहरू सबै साथ लिई उनी प्रस्थान गरे राजगृहको उत्तरतिर स्थित लट्ठिवनमा ।

पौष पूर्णिमाको दिन थियो । उरूवेला काश्यपको आश्रममा ३ महिना बसिसकेपछि पौष पूर्णिमाको दिन राजगृह पुग्नु भएको थियो । अति मनोहर हरियो वन थियो लट्ठिवन । त्यहाँ रहेको सुप्रतिस्थित चैत्यमा हजारौं चीवरधारी केशमुण्डन गरेका भिक्षुहरू थिए । सबै शान्तपूर्वक अनुशासनपूर्वक, ध्यानपूर्वक बसेका थिए । एउटा ठूलो वरको रुखमुनि थिए अति नै आकर्षक व्यक्तित्वको शाक्यमुनि गौतम बुद्ध । सँगै थिए प्रसिद्ध विद्वानहरू-उरुवेला काश्यप, नदी काश्यप र गया काश्यप ।

बिम्बिसारले देखे त्यो श्रमण, गौतम बुद्ध- उनका परिचित थिए । केही वर्ष अघि राजगृहमा भिक्षाटन गर्न आएका तरूण तपश्वी थिए । त्यतिबेला बिम्बिसारले उनलाई बुद्ध भइसकेपछि राजगृहमा आई धर्मदेशना गर्न आग्रह गरेका थिए । गौतम बिम्बिसारका बालककालका साथी थिए । बिम्बिसार भन्दा ५ वर्ष जेठा थिए । बिम्बिसारको अर्को ठूलो जीवन अभिलाषा पूर्ण भएको थियो- बुद्ध उनका व्यक्तिगत परिचित व्यक्ति थिए ।

---

(१) यो प्याराग्राफमा मालीले उद्गार गरेका बुद्धका गुणहरू नै बुद्ध पूजाको बेला स्मरण गरिन्छ । वस्तुत बौद्धहरूको बुद्धपूजा नै बुद्धका गुणहरूको स्मरण गर्नु हो ।

Downloaded from http://dhamma.digital

बिम्बिसारले बुद्धलाई वन्दना गरी, एक छेउ लागी बसे । बिम्बिसारसँगै आउनेहरूमध्ये कसैले आफ्नो नाम भनेर परिचय दिए । कसैले गोत्र भनी आफूलाई चिनाए । कसैले नाम र गोत्र दुवै भनेर अभिवादन गरे । कसैले अभिवादन मात्र गरे । कसैले कुशल मंगल सोधे । कसैले करबद्ध भई प्रणाम गरे । कसैले चुपचापसाथ आसन ग्रहन गरे ।

एक धनी ब्राह्मण वच्चपाल ।[१] जो बिम्बिसारको जमातसँगै आएका थिए । बुद्धलाई परिचय दिने र प्रणाम गर्ने भीडमा जान मन नपरेको हो कि बुद्धप्रति श्रद्धा उत्पन्न नभएकोले हो कुन्नि - केही नबोलि एक ठाउँमा बस्न गए ।

"यहाँ हेर्नुस त् !" अति मसीनो स्वरमा नजिकै बस्ने मगध निवासी चित्तकको[२] ध्यान आफूतिर आकर्षित गरे ।

वच्चपालले प्रश्नसुचक दृष्टिले ब्राह्मणलाई हेरे ।

"ऊ त्यो दायाँपट्टि बस्ने उरुवेला काश्यप होइन र ?" सानो आवाजमा उनले शंका जाहेर गरे ।

"त्यस्तै जस्तो लाग्छ । मैले पनि अघिदेखि हेर्दै थिएँ ।" पछाडिको अर्को मगधवासीले उत्तर दिए ।

"काश्यप नै हुन् ।" अर्कोले ठोकुवा गरे ।

"काषाय वस्त्रमा त चिन्नै नसकिने हगि ? त्यत्रा लामा जटा पनि मुण्डन गरिसकेका छन् ।" नजिकैको अर्कोले फुसफुसाए ।

"उरुवेला काश्यप ! महान तपश्वी ! अर्हत् ।"

"उरुवेला काश्यपको दर्शन गर्ने ठूलो धोको थियो मेरो ।" ब्राह्मणले व्यक्त गरे "कस्तो भाग्यशाली दिन रहेछ आजको दिन !"

"उरूवेला काश्यप मात्रै होइनन्, हेर्नु न सँगै गया काश्यप र नदी काश्यप पनि छन् ।" अर्कोले भने ।

उनीहरूको खासखुस गरेको सुनिराख्ने अर्को एकजनाले आफ्ना आँखा खुम्च्याउँदै भने, "कतै श्रमण गौतम स्वयं काश्यपको अनुयायी त होइनन् ?"

"कहाँ होला र ? काश्यप नै महाश्रमणको शिष्य हुनुपर्दछ । नत्र किन ती जटिलहरूले आफ्ना जटा मुण्डन गरी चीवर लगाई श्रमण बन्थे ?" एकले तर्क प्रस्तुत गरे ।

(१) वच्चपाल, जो यसैबेला भिक्षु बने, र एकहप्तामा अर्हत् पनि ।

(२) चित्तक, जो यसैबेला भिक्षु बने, र पछि अर्हत् पनि ।

Downloaded from http://dhamma.digital

"हुन किन नसक्नु ?" ब्राम्हणले भने, "त्यस्ता विद्वान अर्हत् काश्यपको शिष्य बन्नु त गौरवको कुरा हो ।"

"हुन त हो । नत्र त्यत्रा महान् तपस्वी उरुवेला काश्यप किन श्रमणसँग आउँथे ? मेरो विचारमा पनि श्रमण काश्यपको शिष्य हुनुपर्दछ ।" अर्कोले सही थपे ।

कानेखुशीले विस्तारै हलचलको रुप थियो । मगधवासीहरू आपसमा गाईंगुई गर्न थाले - महाश्रमण गौतम उरुवेला काश्यपका शिष्य हुन् कि उरुवेला काश्यप महाश्रमणका शिष्य हुन् ?

"उरुवेला"

महाश्रमणको उच्च तर गम्भीर आवाज सुनेर श्रोताहरू सबैको ध्यान आकर्षित भयो । चारैतिर नि:शब्द भयो । सबैले उत्सुक भई महाश्रमणतिर हेरे ।

"उरुवेल ! किन तिमीले अग्निहोत्र गर्न छोड्यौ ? कसरी तिमीले अग्नि पूजालाई परित्याग गर्‍यौ ?" महाश्रमणले सोधे उरुवेल काश्यपसँग । सारा दर्शकहरू उत्सुक भए उरुवेला काश्यपको उत्तर सुन्न । सबैको कान चनाखो भयो । सबै नि:शब्द थिए ।

"यज्ञबाट रुप, शब्द, गन्ध, रस र स्पर्शको मात्रै आशा गर्न सकिन्छ । जब मैले बुझें कि यी रूप, शब्द, गन्ध, रस र स्पर्श सबै शुद्ध छैनन्, तब मैले अग्निहोत्र गर्ने कामना पनि गरिन ।" उरुवेल काश्यपले अति नै स्थिर र शान्त स्वरमा उत्तर दिए ।

"के म सोध्न सक्छु उरुवेलबासी कि तिम्रो यो विचार कसरी बदल्यो ? रुप, शब्द, गन्ध, रस र स्पर्शमा आधारित देवलोक र मनुष्यलोकमा तिमीले यी नै विषयहरू रुचाएनन् भने कुन विषयले तिमीलाई आकर्षित गर्‍यो त ?" बुद्धको अर्को प्रश्न ।

"भन्ते ! मलाई आकर्षित गर्‍यो निर्वाणले - रुप, शब्द, गन्ध, रस र स्पर्शबाट मुक्त शान्त निर्वाणले । अवर्णनीय निर्विकार निर्वाणले । अरू कुनै बाह्य शक्तिको आधारमा होइन, स्वयं आफैले प्राप्त गर्नु पर्ने यस्तो अद्‌भूत, दु:खमुक्त अवस्था निर्वाणलाई देखेर नै मैले यज्ञ, होम, जटा, तपस्याबाट मुक्त भएको हुँ ।" उरुवेला काश्यपको उत्तर ।

सबै मगधवासीहरू ध्यानमग्न थिए । निश्चल थिए । नि:शब्द थिए । उत्सुक थिए । सबैले बुद्ध र उरुवेला काश्यप बीचको वार्तालाप ध्यान दिई सुनिरहेका थिए ।

Downloaded from http://dhamma.digital

अचानक उरुवेला काश्यप आफ्नो स्थानबाट उठे । मगधवासीहरू उत्सुक भए । उनले आफ्नो एउटा काँध चीवरबाट निकाले । मगधवासीहरू झन उत्सुक भए । उनले भगवान बुद्धको चरणमा टाउकोले टेकी वन्दना गर्दै भने, "तथागत ! तपाईंकै कारणले म यो सम्यक मार्गमा लागेको हुँ । तपाईं मेरो गुरु हुनुहुन्छ । शास्ता हुनुहुन्छ । मार्ग प्रदर्शक हुनुहुन्छ । म तपाईंको शिष्य हुँ । अनुयायी हुँ । शरणागत हुँ ।"

मगधवासीहरू सबैले जाने कि उरुवेला काश्यपले नै महाश्रमणको शिष्यत्वमा श्रेष्ठ जीवन जिइरहेका रहेछन् । सबैको जिज्ञासा शान्त भयो । सबैको शंका निवारण भयो । सबैले, तिनीले पनि जसले बुद्धलाई पहिले आभिवादन गरेका थिएनन्, मनै मन बुद्धलाई वन्दना गरे । अगाढ श्रद्धाको दृष्टिले बुद्धलाई दर्शन गरे । उनीहरू उत्सुक भए त्यो नयाँ ज्ञानको बारेमा जान्न जसले स्वयं काश्यप बन्धुलाई सही मार्गमा ल्याएका थिए ।

उनीहरूको मनसाय बुझी बुद्धले उपदेश दिनुभयो । जसरी एक सफा दागरहित कपडाले रंगलाई राम्रोसँग सोस्ने हो, त्यसरी नै मगधवासीहरूले बुद्धले दिनु भएको मानव उपदेश भित्रसम्म बुझे । निर्मल धर्मचक्षु उत्पन्न भयो । ती मध्ये कयौंले त्यहीं बुद्धको नौलो धर्मप्रति आस्था प्रकट गर्दै आफूलाई बौद्ध उपासक भनी घोषणा गरे ।

मगध नरेश श्रेणीक बिम्बिसारले बुद्धको शिक्षा, सारतत्व बुझे । प्रकृतिका सबै कुरा अनित्य छन्, अनात्म छन्, त्यसैले दु:ख उत्पन्न हुन्छ भन्ने महान दर्शनको ज्ञान प्राप्त भयो । धर्मलाई बुझे । प्रकृति रहस्य देखे । सन्देह रहित भए । अन्तरद्वन्द्वबाट मुक्त भए । पूर्णज्ञान प्राप्त गरे ।

बिम्बिसारले भगवान्‌सँग निवेदन गरे, "शास्ता ! कुमार छँदादेखि नै मेरा ५ अभिलाषाहरू थिए । ती सबै आज पूरा भए ।"

"के अभिलाषा थिए ?"

"अभिलाषा थियो कि म राजा बनुँ । मेरो राज्याभिषेक होस् । सो सहि हुन आयो ।"

"दोश्रो अभिलाषा के थियो ?"

"साँच्चैको अर्हत् सम्यक सम्बुद्ध मेरो राज्यमा आओस् । मेरो दोस्रो कामना थियो । सो पनि आज पूरा भयो ।"

"तेस्रो ?"

Downloaded from http://dhamma.digital

"अर्हत् सम्यक सम्बुद्धको उपासना गर्न पाउँ, आफैले सेवा गर्न पाउँ भन्ने मेरो ठूलो धोको थियो। त्यो पनि आज पूरा भयो।

"चौथो ?"

"उनी सम्यक सम्बुद्धले मलाई धर्म उपदेश देओस् भन्ने मेरो इच्छा थियो, जुन कि आज सफल भएको छ।"

"पाँचौं के हो त राजन ?"

"पाँचौ आकांक्षा थियो कि उनी सम्यक सम्बुद्ध मेरो व्यक्तिगत परिचित होस्। सो पनि आज सत्य हुन आएछ। त्यसैले, तथागत, आज म औधी खुसी छु। मेरो जीवन सफल भएको छ। म धन्य भएँ। आश्चर्य भन्ते ! आश्चर्य ! घोप्टो परेकोलाई सिधा पारिदिए झैं, छोपेकोलाई उघारे झैं, भट्केकोलाई बाटो देखाएको झैं, अन्धकारमा आँखा हुनेले देख्न सक्ने गरी प्रदिप बाले झैं, भगवान्ले नाना तरहले धर्म प्रकाशित गर्नु भयो। म बुद्धको शरण ग्रहण गर्छु। म धर्मको शरण ग्रहण गर्छु। म संघको शरण ग्रहण गर्छु। आजदेखि जबतक मेरो शरीरमा प्राण छ, तवतक भगवान्ले मलाई शरणागत उपासक सम्झनुहोस्। भिक्षु संघ सहित भोलिको भोजन मकहाँ स्वीकार गर्नुस्।"

तथागतले मौन स्वकिृति दिए। बिम्बिसार आसनबाट उठे। वन्दना गरे। प्रदक्षिणा गरे। प्रस्थान गरे।

भोलिपल्ट !

विहानीको चहल पहल राजगृहमा देखिसकिएको थियो।

एकदिन अघिको सम्पूर्ण थकाइ निन्द्राबाट मुक्त भइसकेकाले सबै राजगृहबासीहरू तरोताजा भई स्फूर्तिका साथ आआफ्ना काममा लाग्न निस्किसकेका थिए।

राजगृह शहरमा एकजना ब्राह्मणले सबैको ध्यान आकर्षित गरेका थिए। उनी तरूण थिए। युवा थिए। आकर्षक थिए। अति उल्लासित देखिन्थे। एक्लै प्रभात फेरिको लागि आएका थिए। उनले गाउँदै आएका गीतले सबैको ध्यान आकर्षित गरेका थिए। आफ्नै मस्तीमा झुम्दै गाउँदै थिए उनी-

"आउँदैछन् है आउँदैछन्। राजगृहमा भगवान् आउँदैछन्।

पुराण जटीलका साथ, उनी छन् संयमी श्रमण

मुक्तहरूका माझ, उनी शान्त मुक्त पवन

Downloaded from http://dhamma.digital

कुन्दन जस्तो वर्णले युक्त, उनी तथागत भगवन् !

आउँदै छन् है आउँदैछन् ! राजगृहमा भगवान् आउँदैछन् !

दशबल युक्त छन् उनी, छन् निर्मल शान्त उनी

दश धर्मको ज्ञाता उनी, दशबलधारी संयमी

नौलो ज्ञानको प्रभात बोकेर, आउँदैछ शाक्यमुनि ।

आउँदैछन् है आउँदैछन् ! राजगृहमा भगवान् आउँदैछन्.....

मधुर स्वरमा हर्षोल्लासका साथ गीत गाउँदै आइराख्ने ती ब्राम्हण कुमारलाई मगधवासीहरूले पहिले कहिल्यै देखेका थिएनन् । तर सबैलाई आकर्षित गर्न उनी सफल थिए ।

"कस्तो मीठो आवाज !"

"क्या रमाइलो गीत !"

"कस्तो सुन्दर मान्छे !"

"कस्तो दर्शनीय कुमार !"

"को मान्छे हो यो ?"

मगधवासीहरू आपसमा कुरा गर्थे । एकठाउँमा आखिर कसैले उनैलाई सोधि हाले ।

"म हुँ सेवक उनको, जो छ शुद्ध र शान्त ।

म हुँ अनुयायी उनको, जो छ बुद्धिमान अर्हत् !

म परिचायक हुँ उनको, जो छ बुद्ध सुगत ।"

गीत गाएर नै उनले उत्तर दिए। रोकेर कुरा गर्ने फुर्सद थिएन। गीत गाउँदै अगाडि बढे उनी ।

साँच्चै नै मगधवासीहरूले केही क्षणपछि देखे भगवान् बुद्धलाई । सुगत शाक्यमुनिलाई । आफ्ना हजारौं भिक्षुहरूका साथ राजगृहमा बुद्धको प्रवेश भयो । शान्त तर गम्भीर बुद्ध । तेजश्वी तर निर्मल बुद्ध । भव्य र आकर्षक बुद्ध । सबै आकर्षित भए । सबै सम्मोहित भए । हिंडिराख्नेहरू रोके । बसिराख्नेहरू उठे । उत्सुकहरू पछि लागे । श्रद्धालुहरूले वन्दना गरे । घमण्डीहरू लज्जित भए ।

आफ्ना भिक्षुगणका साथ बुद्ध मगध नरेश बिम्बिसारको राजदरबारमा पुगे । बिछ्याइएका आसन ग्रहण गरे । राजा बिम्बिसारले स्वयं आफ्नै हातले भोजन

Downloaded from http://dhamma.digital

दान दिए । सबैलाई सन्तुष्ट गराए । भोजन समाप्त भयो । भगवानले पात्रबाट हात खिच्नु भयो । एकातिर बस्नु भयो ।

"भन्ते !" बिम्बिसारले बिन्ति गरे ।

"महाराज !" बुद्धले सम्बोधनको उत्तर दिए ।

"भन्ते ! तपाईको भिक्षु संघ ठूलो छ । मेरो एक वन छ- वेणुवन । जुनस्थान धेरै टाढा पनि छैन । श्रद्धालुहरू पुग्न सजिलो छ । धेरै नजिक पनि होइन । दिनमा धेरै भीड हुने छैन । राती हल्ला हुने छैन । एकान्त थलो छ । एकान्तवासको लागि योग्य छ । सो वेणुवन उद्यान म बुद्ध सहित भिक्षुसंघलाई अर्पण गर्न चाहन्छु ।" बिम्बिसारले प्रार्थना गरे ।

बुद्धले सो दान स्वीकार गरे । आराम स्वीकार गरे । विहार स्वीकार गरे । बिम्बिसारले सुनको कलशबाट पुष्प सुगन्धले युक्त मणीरंगको जलधार वसाई वेणुवन उद्यान बुद्धलाई दान दिए ।

बिम्बिसारलाई धर्मको शिक्षा दिनु भयो । त्यसपछि उहाँले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो, "भिक्षुहरू ! आराम (विहार) ग्रहण गर्ने, आराममा बस्ने अनुमति दिन्छु ।"

यसरी वेणुवन बुद्धलाई दिइएको प्रथम विहार भयो । भिक्षु संघले स्वीकार गरेको प्रथम विहार दान थियो । बुद्धले स्थापना गर्नु भएको भिक्षु संघको प्रथम सार्वजनिक सम्पत्ति थियो वेणुवन ।

———o———

Downloaded from http://dhamma.digital

# ३९

उनी जब हिंड्थे चनाखोभई हिंड्थे । उनी जब सुन्थे, विश्लेषण गरी सुन्थे । उनी जब हेर्थे, गहन दृष्टिले हेर्थे । उनी भोका थिए । ज्ञानको भोका । हरदम त्यो ज्ञानको खोजीमा उनी रहन्थे जसको लागि उनले आफनो परिवार, आफ्नो गाउँ, आफ्नो घर छाडेर राजगृह आएका थिए ।

उनी तरूण थिए । युवा थिए । आकर्षक थिए । अति नै प्रतिभाशाली थिए । बुद्धिमान् थिए । विद्वान थिए । तीनै वेद पारंगत थिए । उनी परिव्राजक थिए । संजय नामका परिव्राजक गुरुका चेला थिए । ज्ञानको खोजीमा परिव्राजक बनेका थिए । तर ज्ञानको तिर्खा मेटेको थिएन । चित्तबुझ्दो ज्ञान अझै प्राप्त भएको थिएन । संजयको विक्षेपवादी सिद्धान्तबाट उनी सन्तुष्ट भएका थिएनन् । उनी प्रव्रजितहरू, ब्राह्मणहरू, साधुहरूको बीच भौंतारिरहन्थे निर्मल ज्ञानको खोजीमा ।

उनी उपतिस्स थिए । राजगृह नजिकैको उपतिस्स नामको गाउँमा उनी जन्मेका थिए । ब्राह्मण थिए ।[१] विद्या र कार्य कुशलतामा ख्याति प्राप्त थिए । विलक्षण प्रतिभा सम्पन्न भनी सबैले मान गर्थे । रुपसारी ब्राह्मणीको छोरो थिए । सारीपुत्र थिए । उपतिस्सको नाउँबाट चिनिन्थ्यो ।

राजगृहको सुन्दर नगरमा एक विहान भिक्षु अश्वजित[२] निस्के भिक्षाटनको निमित्त । सुआच्छादित थिए । उनको हातमा पात्र थियो । शरिरमा चीवर थियो । आलोकन विलोकनको साथ, संकोचन र प्रसारणको साथ भिक्षाको हेतु राजगृहमा प्रवेश गरे । उनी संयमी देखिन्थे । निम्न दृष्टिका साथ मन्द मन्द पाइला चाली हिंडिरहेका थिए । मात्र खुट्टामा बाहेक अन्य कुनै अंगमा हलचल थिएन । उनी सुन्दर थिए । सहजै उनीतिर ध्यान आकर्षित हुन्थ्यो ।

सारिपुत्रले देखे उनको विमल मूर्ति । उनको शील देखे । उनको संयम देखे । उनको गम्भीरता देखे । उनलाई लाग्यो - संसारमा जति पनि अर्हत् छन्, वा अर्हत्को मार्गमा लागेका छन्, उनीहरू मध्ये यी भिक्षु पनि एक हुनु पर्दछ । उनीसँग भेट्ने इच्छा भयो । जिज्ञाशा भयो ।

---

१. उपतिस्स गाउँ- नालक गाउँ पनि भनिन्छ । भारतको पटना जिल्लाको नालंदा नजिकै स्थित छ । वर्तमान बडगाउँ वा सारिचक ।

२. अश्वजित - पंच भद्रिय भिक्षु मध्ये एक । बुद्धको भिक्षु संघमा पाँचौ भिक्षु । यिनी धर्म प्रचारार्थ बुद्धले पठाएका थिए । त्यसै सिलसिलामा राजगृह आइपुगेका थिए ।

Downloaded from http://dhamma.digital

अश्वजित भिक्षाटनको निमित्त विचरण गर्दै थिए । भिक्षाचारमा व्यस्त थिए । त्यस्तोमा व्यवधान पुऱ्याउनु सारिपुत्रलाई उपयुक्त लागेन । उनी पछि पछि लागे भिक्षा माग्दै हिंडेका ती निश्चल, शान्त र गम्भीर भिक्षुको । कुनै उपयुक्त अवसरको पर्खाइमा ।

अश्वजितले भिक्षा मागे । राजगृहबाट बाहिर निस्के । आफ्ना निवास स्थानमा पुगे । पूर्वतिर मूख फर्काएर आसन जमाए । भिक्षा ग्रहण गरे । भोजन गरे । हात मुख धोए । पुन: आसन जमाए ।

सारिपुत्र नजिकै आए । अश्वजितलाई अभिवादन गरे । कुशल मंगल सोधे । एकातिर उभिए । अश्वज़ितको प्रश्नपूर्ण दृष्टि सारिपुत्र माथि पऱ्यो । अश्वजितको आशय बुझेर उपतिस्सले प्रश्न गरे, "श्रमण ! तपाईंको इन्द्रिय प्रसन्न छ । तपाईंको स्वरूप परिशुद्ध छ । तपाईंको बर्ण उज्ज्वल छ ।"

प्रशंसा सुनेर अश्वजितको अनुहारमा कुनै प्रकारको पनि भाव परिवर्तन भएन । उनी पूर्ववत् निर्विकार रहे । उनी समाजका निन्दा, प्रशंसाबाट अलग्गिइसकेका थिए । उनी साँच्चैको अर्हत् थिए ।

"तपाईं कसको नाउँमा प्रव्रजित हुनु भएको ? तपाईंको गुरु को हुनुहुन्छ ? तपाईंको शास्ता को हुनुहुन्छ ? तपाईं कुन धर्मको पालन गर्नु हुन्छ ?" सारिपुत्रले पुन: प्रश्न गरे ।

"आवुसो ! शाक्य कुलबाट प्रव्रजित शाक्यपुत्र महाश्रमणको नाउँमा म प्रव्रजित भएको हुँ । उनी नै मेरा गुरु हुन् । उनैको धर्म म पालन गर्दछु ।" अश्वजितले उत्तर दिए ।

"आयुष्मान !" सारिपुत्रले उत्सुक भई सोधे, "तपाईंको शास्ताको सिद्धान्त के हो ? कुन मतका हुनुहुन्छ शाक्य पुत्र महाश्रमण ?"

"हेर्नुस् ! म यस धर्ममा नौलो छु । यो धर्ममा नयाँ नयाँ प्रव्रजित भएको हुँ । विस्तृत पूर्वक त भन्न सक्दिन । तर यदि चाहन्छौं भने बुद्धको धर्मको सार संक्षेप चाहिं म भन्नसक्छु ।"

सारिपुत्र झन बढी उत्सुक भए । उत्ताउलो भई भने, "ठीक छ श्रमण । जस्तो मिल्छ त्यस्तै भन्नुस् । विस्तार पूर्वक सबै कुरो सुन्नु पर्ने केही छैन । मलाई तपाईंको धर्मको मूलसार मात्रै भन्नुस् ।"

अश्वजितले भने,-

"धर्म जति छन् हेतुबाट बन्ने, त्यसैको हेतु तथागत भन्छन्

Downloaded from http://dhamma.digital

त्यसैको निरोध बताउँछन्, यही वाद हो महाश्रमणको ।"[१]

गाथा सुनेर सारिपुत्र चकित भए । आश्चर्य भए । सार संक्षेपको त्यो गाथा सरल र साधारण थिए । तर त्यति नै सारगर्भित र दार्शनिक पनि । जति सरल देखिन्थ्यो त्यति नै गहन थियो । जति साधारण देखिन्थ्यो त्यति नै महत्वपूर्ण थियो । विश्लेषणातमक बुद्धि हुने विलक्षण प्रतिभाको सारिपुत्रले त्यो गाथा सुन्नासाथ त्यसमा निहित सम्पूर्ण दर्शन उनलाई स्पष्ट भयो । जुन ज्ञानको खोजीमा उनी जिन्दगीभर भट्किराखेका थिए, सो को एक झलक उनले त्यो गाथामा पाए । उनको लागि त्यो गाथा मन्त्र झैं भइदियो । उनले कल्पना गरे ती तथागतको, जसले कारणको खोजी गर्छ, कारणलाई समाप्त गर्दछ । जरैदेखि चिनेर उखेल्ने महाश्रमणको उनले कल्पना गरे । हेतुलाई बुझेर त्यसको निदान गर्ने व्यक्तिको सिद्धान्त सुनेर सारिपुत्र हर्षले विभोर भए । चाहिंदा नचाहिंदा विवादमा नलागी संसारका सबै कुरोलाई कारणबाट उत्पन्न मानेर कारणलाई लक्ष्य बनाउने दर्शन सुनी उनी प्रभावित भए ।

अनायाश सारिपुत्रले श्रद्धापूर्वक अस्सजितलाई वन्दना गर्न पुगे - त्यो गुरुलाई जसले प्रकृति दर्शनको प्रथम किरण उनलाई देखाएको थियो ।

भोजन सकाइ आरामको लागि सजिलोसँग बसिराखेका थिए कोलित । उनको यही नाउँ थियो- कोलित । राजगृह समिपको गाउँ कोलितमा जन्मेकोले उनको नाउँ पनि कोलित थियो ।[२] ब्राह्मण थिए । मेधावी थिए । अति बुद्धिमान् र सुशील थिए । सबैले उनलाई रुचाउँथे । उनी सबैलाई रुचाउँथे । तीनै वेदमा पारंगत थिए । विद्यामा पोख्त थिए । कार्य कुशलमा प्रसिद्ध थिए । मेहनत नै जीवनको सफलताको साँचो मान्ने थिए । युवा परिव्राजक थिए । ज्ञानको खोजीमा परिव्राजक बनेका थिए । तर संजय परिव्राजकको अनुयायी बनेता पनि उनले खोजी राखेको खालको ज्ञान अझै पाएको थिएन । उनको आमा मोग्गलि ब्राम्हणी थिइन् । त्यसैले उनी मोद्गल्यायन कहलिन्थे ।

टाढाबाट आइरहने आफ्नो परम मित्रलाई उनले देखे । उनी थिए सारिपुत्र । सारिपुत्र र मौद्गल्यायन दाजुभाई थिएनन्, तर पनि उनीहरू बालककालदेखिका अभिन्न मित्रहरू थिए । संगै खेलेका थिए । सँगै हुर्केका थिए । सँगै पढेका थिए । एक

१. "ये धम्मा हेतु प्पभवा, तेसं हेतु तथागतो आह ।
तेसं च यो निरोधो, एवं वादी महासमनो ॥"
(कारणबाट उत्पन्न हुने जति पनि विषयहरू छन्, तिनको विषयमा तथागत भन्छन्, त्यसैको निरोध (समाप्ति) भन्छन्, यही नै महाश्रमणको सिद्धान्त हो)
यो सुप्रसिद्ध गाथा थेरवाद र महायान दुबैले बुद्धको धर्मको मूल सार मान्दछन् । बज्रयानले यो गाथालाई मन्त्रको रुपमा पनि लिएको पाइन्छ ।

२. कोलित गाउँ- सायद वर्तमान जगदीपुर, जुनकि बडगाँग (उपतिस्स) बाट डेढमील दक्षिणमा छ ।

Downloaded from http://dhamma.digital

अर्काको घरमा बस्न जाने गर्थे ।१ एक दिन राजगृह पर्वत शिखरमा मेला लागेको थियो । त्यहीं तिनीहरूले देखेका थिए- विशाल, उल्लासित, उत्साहित, सुसज्जित जन समुदाय । संयोगको कुरो ! दुबैले एउटै कुरो विचार गरेका थिए- 'यी सबै मानिसहरू जो अहिले रमाइरहेका छन्, हाँसिरहेका छन्- एकै शताब्दी भित्र सबै यमराजको महलमा पुग्नेछन् ।' दुवैलाई वैराग्य उत्पन्न भएको थियो । दुवैमा मुक्ति मार्ग अन्वेषणको कामना उत्पन्न भएको थियो । दुबैले गृहत्याग गर्ने निधो गरेका थिए । दुवै एउटै उद्देश्य लिइ संजय परिव्राजकका अनुयायी बनेका थिए । दुबै ज्ञानका भोका थिए । दुवैले एक आपसमा प्रतिज्ञा गरेका थिए कि जसले पहिले सही मार्ग पाइने छ अर्कोलाई बताउनु पर्नेछ ।

सारिपुत्र प्रसन्न थिए । हर्षित थिए । उल्लासित थिए । मौद्गल्यायनले उनलाई सोधे, "मित्र ! तिम्रो इन्द्रिय प्रसन्न छ । रुप शुद्ध छ । वर्ण उज्ज्वल छ । कहिं अमृत त भेट्टाएनौ ?"

"मित्र !", सारिपुत्र उत्साहित थिए, "हो ! मैले अमृत भट्टाएको छुँ ।

"कसरी प्राप्त गऱ्यौ अमृत ?"

"म आज विहान राजगृहमा घुम्दै थिएँ । त्यहाँ एक अति संयमी, शान्त र निर्मल भिक्षुक देखें । पक्कै यो व्यक्ति अर्हत् हुनुपर्दछ भन्ने विचार गरी उनीसँग मैले उनको गुरु, उनको सिद्धान्त सोधें । उनको सिद्धान्त सुनेर मैले थाहा पाएँ जति उत्पन्न हुन्छन् सबै नाशवान छन् । मलाई लाग्यो कि ममा विमल धर्मचक्षुको उत्पन्न भयो । जीवनसार प्राप्त भएको महसुस भयो । यहि धर्म हो जसबाट शोकमुक्त अवस्था प्राप्त हुन सकिन्छ, जुन कल्पौं कल्पसम्म लाखौं मानिसहरूले वेवास्ता गरी आएका छन् ।"

"सार के हो ? उपतिस्स ?" मौद्गल्यायन उत्सुक भए ।

"धर्म जति छन् हेतुबाट बन्ने, त्यसैको हेतु तथागत भन्छन् । त्यसैको निरोध बताउँछन् । यही वाद हो महाश्रमणको ।" सारिपुत्रले दोहऱ्याए ।

"को हुन् यी महाश्रमण ?" मौद्गल्यायन अझ उताउलो भए ।

"शाक्यपुत्र बुद्ध हुन् !" सारिपुत्रले भने ।

"जाऔं मित्र ! हामी बुद्धको सरणमा जाऔं !!" दृढ आवाजमा मौद्गल्यायनले भने । उनी उठे आफ्नो आशनबाट । वस्त्र मिलाउँदै उनले भने", उनीनै हाम्रा गुरु हुन् । उनी नै हाम्रा शास्ता हुन् ।"

१. भनिन्छ कि यिनी उही दिन जन्मेका थिए ।

Downloaded from http://dhamma.digital

"उनी कहाँ छन्, थाहा छ ?" सारिपुत्रले प्रश्न उठाए ।

"मलाई थाहा छ । उनी बुद्ध हुन् । मैले उनको बारेमा सुनेको छु । आजभोलि भनिन्छ कि उनी राजगृह कै वेणुवनमा विहार गर्दैछन् ।" मौद्गल्यायनले भने ।

"तर हाम्रा साथी परिव्राजकहरूसंग पनि सोध्नु उत्तम होला । संजय परिव्राजक छन्, उनका दुईशय पचास परिव्राजकहरू छन् । हाम्रा पूर्व गुरु हुन्, मित्रहरू हुन् । नौलो ज्ञानको दर्शन उनीहरूलाई पनि दिन म कर्तव्य ठान्दछु ।"

"ठीक भन्यौ उपतिस्स ! जाऔं हामी संजय परिव्राजक कहाँ । हामीलाई देखेर, हाम्रो आश्रममा प्रवजित भइराख्ने दुई शय पचास परिव्राजकहरूलाई पनि यो कुरो सुनाउँ ।"

र दुवै लागे प्रसिद्ध परिव्राजक संजयको आश्रमतिर ।

"हामी तथागतको शरणमा जान्दैछौं । तथागत हाम्रा गुरु हुन् । बुद्ध हाम्रा शास्ता हुन् !" सारिपुत्र मौद्गल्यायन दुबैले दुई शय पचास परिव्राजकहरूलाई भेला गरी घोषणा गरे । स्थान थियो संजय परिव्राजकको आश्रम ।

परिव्राजकहरू सबै केहि समय शान्त रहे । त्यसपछि भने, "हामी त तपाईंहरूलाई देखेर नै यहाँ रहिरहेका थियौं । यदि तपाईंहरू तथागतकहाँ जानु हुन्छ भने हामी मात्र किन वञ्चित होऔं ?"

सबै परिव्राजकहरूको साथलिई उनीहरू गए परिव्राजक गुरु संजय कहाँ । उनीहरूले निवेदन गरे, "हामी बुद्धकहाँ जान्छौं ।"

"किन ?" आश्चर्य भई संजयले प्रश्न गरे ।

"उनी हाम्रा शास्ता हुन् ।"

संजय अवाक भए । सारा दृष्य मानो सपनामा देखेको झैं भयो । कल्पनाभन्दा परको अवस्था आइपरेको थियो । कतिबेरसम्म उनको बक् फुटेन । अनि विस्तारै भने, "आवुसो ! उनीकहाँ किन जान्छौ तिमीहरू ? हाम्रो मण्डल दिन प्रति दिन विस्तार हुँदैछ । हामी तीनैजना मिलेर यस संघलाई नेतृत्व देऔं ।"

"तर हामी तथागतकहाँ जान चाहन्छौं ।" सारिपुत्रको आवाज दृढ थियो ।

"त्यसो नभन, उपतिस्स । हामी यो संघलाई सुदृढ बनाऔं ।," करुण स्वरमा संजयले भने ।

"हाम्रो निश्चय अटल छ । हामी यो निश्चयबाट हट्न सक्दैनौं ।" मौद्गल्यायनले भने ।

Downloaded from http://dhamma.digital

"त्यसो नभन । यहिं बस । हामी तिनैजना यस परिव्राजक मण्डलको अगुवा बनौं ।"

"संजय ! जुन ज्ञानको लागि हामीले आफ्नो जीवन अर्पण गरेका हौं, सो हामीले पाउन लागेको छ । यस्तोमा हामीलाई नरोक्नुस् ।"

"नजाऊ । म पुन: आग्रह गर्छु यो संगठन छाडी नजाऊ । मेरो आफ्नै दर्जा तिमीहरूलाई पनि दिन लागेको छु । नजाऊ तिमीहरू !"

संजय परिव्राजक एक्लै रहे । तीन पल्टसम्म अनुरोध गरेर पनि सारिपुत्र मौद्गल्यायनलाई उनले बुद्धकहाँ जानबाट रोक्न सकेन । र सारिपुत्र मौद्गल्यायन सँगै लागे उनका दुई शय पचास शिष्यहरू सबै । उनी एक्लै बाकि रहे । उपेक्षित । संघरहित । एकान्त ।[१]

वेणुवन । समय संध्याकाल । भगवान बुद्ध आफ्ना हजारौं भिक्षुहरू, उपासक र उपासिकाहरूको सामु बसी उपदेश दिइराख्नु भएको थियो । टाढाबाट आइराख्ने परिव्राजकहरूको टोलीलाई उनले देखे । बुद्धले घोषणा गरे, "भिक्षुहरू ! दुई मित्रहरू आफ्ना संघ सहित आउँदैछन् । हेर भिक्षुहरू, यिनीहरू मेरा महान् श्रावकहरू हुने छन् ।"

भिक्षुगण सबैले सारिपुत्र मौद्गल्यायन तर्फ हेरे । दुबै श्रद्धापूर्वक बुद्धका समिप बढ्दै थिए । नजिक पुगे पछि तथागतलाई अभिवादन गरे । चरणमा वन्दना गरे । प्रदक्षिणा गरे । विनम्र वाणीमा भने, "भन्ते ! हामीलाई तपाईंको अनुयायी बनाउनुस् । हामी प्रव्रज्या पाऔं । उपसम्पदा पाऔं ।"

"भिक्षुहरू ! आऊ !! धर्म सुआख्यात छ । दु:खबाट मुक्त हुन उत्तम जीवन यापन गर ।"

यसरी सारिपुत्र र मौद्गल्यायनको प्रवेश भिक्षु संघमा भयो । अजीव घटना थियो । कुनै सम्प्रदायका संपूर्ण अनुयायीहरू अर्कोका अनुयायी बनेका थिए । संजय परिब्राजकको संघ बुद्धको भिक्षुसंघमा विलीन भएको थियो । महत्वपूर्ण घटना घटित भयो । बुद्धका भावी प्रमुख शिष्यहरू उनका अनुयायी बने । ती विलक्षण प्रतिभाका शिष्यहरू जसले बुद्धको नौलो जीवनदर्शन प्रसार गर्न औधी महत्वपूर्ण भूमिका निभाएका थिए ।

एक प्रभावशाली व्यक्ति, जसले वेणुवनको द्वार नजिक उभिएर यी सबै घटना ध्यानपूर्वक हेरिरहेका थिए, अति प्रभावित भए । बुद्ध, उनको व्यक्तित्व, उनका

(१) आफ्नै संघले त्याग गरेर गएपछि संजय परिव्राजकले रगत बमन गरेको थियो ।

Downloaded from http://dhamma.digital

प्रभावशाली शिष्यहरू देखी उनी मन्त्रमुग्ध भए। एक विशेष अभियान अन्तर्गत उनी बुद्ध भेट्न आएका थिए। तर वेणुवनमा पुगेपछि, बुद्धको चमत्कारीक व्यक्तित्व र व्यावहारिकता देखेर उनले आफ्नो अभियान बिर्से। आफू कपिलवस्तुको मन्त्री भएको पनि याद रहेन उनलाई। आफूलाई कपिलवस्तुको राजा सुद्धोदनले कुन कामको लागि बुद्धकहाँ पठाएको हो भन्ने पनि होस भएन उनलाई। बुद्ध, उनको धर्म र उनको संघ बाहेक अरुकुनै कुरो देखेन उनले। बुद्धको व्यक्तित्व सुनेर उनलाई लाग्यो कि उनीभन्दा ठूलो शास्ता संसारमा कोही छैनन्। बुद्धको विचारधारा सुनेर उनलाई लाग्यो मानौं त्यो भन्दा कल्याणकारी धर्म विश्वमा अरु हुनै सक्दैन। उनको भिक्षुसंघ देखेर लाग्यो मानौं त्यस्तो पवित्र सुवव्यस्थित संघ दुर्लभ छ। बिस्तारै उनले आफ्ना दुबै हात उठाए। बायाँ हातमा रहेको पत्रलाई उनले टुक्रा टुक्रा गरी भुईंमा फालिदिए। दुवै हात जोडी बुद्धलाई वन्दना गरे। मनैमन उनले आफू पनि भिक्षु हुने निधो गरे।

च्यातिएको पत्रको साथ गौतमको बाबु कपिलवस्तुको राजा सुद्धोदनले आफ्नो पुत्रलाई कपिलवस्तु आउन दिएर पठाएको निमन्त्रणा टुक्रा टुक्रा भयो। पत्रवाहक कपिलवस्तुको मन्त्रीले आफ्नो कर्तव्य भुले। उनी भिक्षु बने।

वेणुवनको द्वारमा पुत्रलाई निमन्त्रण गरी पठाइएको पिताको पत्र त्यसै अलपत्र परेको थियो- धुजा धुजा भएर।

———o———

Downloaded from http://dhamma.digital

# ४०

सारा राजगृह नगरमा हलचल थियो। जहाँ मानिसहरूको भेला हुन्थे त्यहिं गौतमको चर्चा हुन्थ्यो। बुद्धका स्तुतिगान गुँजिन थालियो। उनको सरल उपदेशको चर्चा हुन थालियो। उनका प्रभावशाली विद्वान्‌हरूको संगठनको ख्याति बढ्न थाल्यो। खानेकुरो खाने पसलमा, पिउनेकुरो पिउने मदिरालयमा, नगरको चौबाटोमा सबैतिर चर्चा उनकै थियो। आइमाइहरू भेट्दा उनकै कुरा गर्थिन्। कृषकहरू भेला हुँदा उनकै चर्चा चल्थ्यो। सैनिकहरू गफ गर्दा उनकै गर्थे। ब्यापारीहरूको फुर्सदमा उनकै कुरो चल्थ्यो। राजगृहमा हलचल थियो श्रमण गौतमको।

इर्ष्यालुहरू कहाँ हुँदैनन् ? नरूचाउनेहरू कसका हुँदैनन् ? समाजको इतिहासमा सबैले घृणा गर्ने कोही पनि उत्पन्न भएका छैनन्, न त सबैले सँधै मन पराउने व्यक्ति नै उत्पन्न भएका छन्। स्वयं समाजको लागि जीवन अर्पण गर्ने, समाजको नौलो प्रगतिशील बाटोको प्रदर्शन गर्ने श्रमण गौतमको ख्याति नरुचाउने पनि कोही कोही थिए। विशेषत: अन्य कट्टर धर्मग्रन्थीहरूको लागि, र तिनका अनुयायीहरूको लागि बुद्धको ख्याति असहनीय थियो।

राजगृहका विद्वानहरू धमाधम भिक्षु हुँदै थिए। कुलपुत्रहरू बुद्धका अनुयायी बन्दै थिए। प्रसिद्ध व्यक्तिहरू शास्ताका शिष्य बन्दै थिए। सारिपुत्र भिक्षु भएको कुरा सुनी उनका तीनै भाईहरू चुन्द, उपसेन र रेवत पनि भिक्षुसंघमा सम्मिलित हुन आए। उनका तीन बहिनीहरू चाला, उपचाला, शिशुपचाला[१] बुद्धका अनन्य भक्त बनिन्। सारिपुत्रका पिता वंगन्त प्रतिष्ठीत धनी ब्राम्हण थिए, जसको मृत्यु भैसकेको थियो। त्यसैले सारा परिवार बुद्धतिर लागेकोले सारिपुत्रको आमा रूपसारीको मनमा बुद्धप्रति ठूलो बिद्रोह उठेको थियो। उनी भिक्षुहरूलाई घृणा गर्थिन्। अन्य मताबलम्बीहरूको लागि इर्ष्याको विषय थियो। विशेषत: ब्राम्हण वर्ग बुद्धप्रति कुषित थिए। एक एक गरी मगधवासीहरू बुद्धवाट प्रभावित हुँदै गएको देखी उनीहरूलाई चिन्ता हुन्थ्यो।

चालै नपाउने गरि हल्ला फैलाइयो। विस्तारै हल्ला फैलिँदै गयो। बुद्धप्रति श्रद्धा हुनेहरूप्रति हल्लाले गर्दा संशकित हुँदै आए। सुनियोजित तरिकाबाट राजगृहमा हल्ला फिंजिँदै गयो।

---

(१) यीन तीनै दिदी बहिनीहरू पछि भिक्षुणी बनेकी थिइन्।

Downloaded from http://dhamma.digital

भिक्षुहरूको कानमा पनि हल्ला पुग्यो ।

भिक्षुहरूको माध्यमबाट बुद्धको कानमा पनि हल्ला पुग्यो ।

हल्ला थियो- "गौतम त सन्तान छिन्ने श्रमण हुन् । स्त्रीहरूलाई विधवा बनाउने हुन् । एक एक गर्दै राजगृहवासीहरूलाई भिक्षु बनाउँदै छन् । कुलको नाश गर्नेलाई श्रमण गौतमको उत्पन्न भएको हो । हजारौं जटाधारीहरूलाई श्रमण भिक्षु बनाइसके । धर्मबाट पदच्यूट गरिसके । अढाइ सय संजयका परिव्राजकहरूलाई साधु बनाइसके । मगधका प्रसिद्ध कुलपुत्रहरूलाई तान्दैछन् । उनी मायावी छन् । चमत्कारी छन् । अब कुन राजगृहवासीलाई तान्ने हुन् । कसलाई भिक्षु बनाउने हुन् ? कसलाई अनाथ गर्ने छन् ? कसलाई विधवा बनाउने हुन् ? कसलाई सन्तान विहिन बनाउने हुन् ? कसलाई आफ्नो सनातन धर्मदेखि विमुख गर्ने हुन् ?" हल्ला सुनी विचलित हुने भिक्षुहरूलाई बुद्धले भने, "भिक्षुहरू ! चिन्ताको विषय होइन । राम्रा र नयाँ काम गर्नेलाई शंकाको दृष्टिले हेर्नु समाजको धर्म हो । यो एक हल्ला हो । जसरी फैलिएको हो, त्यसरी नै बिलाएर जानेछ ।"

"तथागत !" भिक्षुहरू हतास थिए ।

"भिक्षुहरू ! थुप्रै मानिसहरू हल्ला चलाउन मन पराउँछन् । हल्ला सुन्न मन पराउँछन् । यो मानवीय कमजोरी हो । एक दुई हप्तापछि यो हल्ला शान्त हुनेछ ।" बुद्धको उत्तर थियो । उनी निन्दा प्रशंसाबाट टाढा थिए । सामाजिक बुराइहरूको भित्री ज्ञान उनमा थियो ।

"तर भगवान् !" भिक्षुहरू सशंकित थिए ।

भिक्षुहरूलाई हौसला दिदै बुद्धले भने, "भिक्षुहरू ! यदि तिमीहरूको मन मान्दैनौ भने यस्तो लांछना सुन्दा तिमीहरूले सोध्न सक्छौ कि तथागतले सत्य मार्गमा लग्छन्, सही धर्मबाट लग्छन्, धर्मबाट लगिएका व्यक्तिहरूको विषय लिएर बुद्धिमानहरूलाई चासो किन ?"

भिक्षुहरू सन्तुष्ट भए । सन्तुष्ट भए बुद्धप्रति श्रद्धा हुने उपासक उपासिकाहरू पनि । विस्तारै हल्लाको प्रति उत्तर स्वरूप प्रतिहल्ला राजगृहमा चल्न थाल्यो । विस्तारै हल्ला चल्न थाल्यो- शाक्यमुनि श्रमणका अनुयायीहरू धर्मपूर्वक मानिसहरूलाई परिवर्तन गर्छन्, अधर्म पूर्वक होइन ।

र यसरी सो हल्ला एक हप्ता नबित्दैमा सामसुम भयो ।

———O———

Downloaded from http://dhamma.digital

# ४१

इतिहासका पानामा नकोरिएको घटना थियो । आफ्ना विपूल सम्पतिको त्याग गरी पति र पत्नी दुवै प्रव्रजित हुन लागेका थिए । अनौठो घटना थियो । पतिले आफ्नो पत्नीका लामा लामा सुन्दर सुगन्धित बाल काटे । पत्नीले आफ्ना पतिका घुंघरिलो केश काटिन् । दुवै केश रहित भए, मुण्डित भए । बजारबाट पहिले नै माटोको पात्र र चीवर किनेर ल्याइसकेका थिए । स्वघोषणा गरे-"विश्वका अर्हत्‌हरूलाई लक्ष्य गरी हामी प्रव्रजित भएका हौं ।"

लोग्नेको नाउँ थियो पिप्पली माणवक ।[1] मगधको महातीर्थ नामको ब्राह्मण गाउँमा जन्मेका थिए । आमा सुमना देवी थिइन् । बाबु कपिल ब्राह्मण थिए । गोत्र काश्यप थियो । अति समृद्धशाली धनी परिवार थियो । पिप्पली बच्चैदेखि प्रव्रजित हुन चाहन्थे । कठीन तपस्या गर्ने ब्राह्मणहरूदेखि उनी सँधै प्रभावित हुन्थे । आफू पनि ठूलो तपश्वी बन्ने उनको धोको थियो । आमा बाबुले ढिपि गरेकोले विहा नगर्ने उनले एउटा निहुँ बनाएका थिए । एक अति सुन्दर युवतिको सुवर्ण मूर्ति बनाउन दिई त्यस्तै स्त्री पाएमा मात्र बिहे गर्छु भन्ने शर्त राखेका थिए । उनलाई पक्का थियो संसारमा त्यस्ति स्त्री पाइँदैन भनेर ।

स्त्रीको नाउँ भद्रा कपिलायनी थिइन् । भद्रदेश[2] को राजधानी सागल[3] नगरकी निवासी थिइन् । कौशिक गोत्रकी ब्राम्हणकी छोरी थिइन् । उनी गृहस्थ बन्न चाहँदैनथिन् । गृहत्याग गरी मुक्त जीवन जिउने अभिलाषा पालेकी थिइन् । प्रव्रजित हुन चाहन्थिन् । तर उनी संयोगवश पिप्पलीले बनाउन लगाएको काल्पनिक युवति जस्तै थिइन् ।

काल्पनिक मूर्ति लिई देश देशान्तर घुमिराख्ने कपिल ब्राह्मणका आठ जना ब्राह्मण दूतहरूले भद्रालाई देखिन् । उनकी आमाबाबुसँग कुरा चलाइन् । पिप्पली र भद्राको विवाह हुने निश्चित भयो । वैरागी विचार हुने युवक र युवतिको विवाह हुने पक्का भयो । दुवैले अर्कोलाई धोका नहोस् भन्ने विचारले विवाह हुनु अघि नै आफू भविष्यमा प्रव्रजित हुने जानकारी एक अर्कालाई पत्रद्वारा पठाएका थिए । तर अनौठो विडम्बना ! दुबै पत्रवाहक बाटोमा भेटे । उत्सुक भए । दुवैले आ-आफ्ना पत्र खोलेर हेरे । दुबै मुस्कुराए । दुबैले मन्त्रणा गरे । दुवैले आफू आफूले ल्याएका पत्र फाडि दिए । त्यसको ठाउँमा विवाह अनुकुल पत्र लेखी आफ्ना गन्तव्य स्थानमा लागे ।

---

१. माणवक - ब्राह्मण विद्यार्थी

२. भद्रदेश- रावी र चनाब विचको प्रदेश, भारत

३. सागल- वर्तमान स्यालकोट (पंजाव), प्रख्यात राजा मिलिन्दको राजधानी ।

Downloaded from http://dhamma.digital

यसरी नचाहँदा नचाहँदैपनि भद्रा र पिप्पलीको विवाह भएको थियो । त्यति बेला पिप्पली २० वर्षका थिए, भद्रा १६ वर्षकी । तर विवाह उपरान्त पनि ती वैरागी गृहस्थ पति पत्नीहरू कहिल्यै सँगै सुतेनन् ।

केही वर्ष पछि कालको शीतल हातमा परे पिप्पलीका आमा र बाबु दुबै । पिप्पली विपूल धनराशीका मालिक भए । सबै उनलाई महान् ऐश्वर्यशाली, महान् भाग्यशाली, महान् सम्पतिशाली र महान् सुखी ठान्थे । सबै उनलाई रुचाउँथे । तर उनी भित्रबाट असन्तुष्ट थिए । गृहत्याग गरी ठूलो तपस्वी बन्ने उनको धोको थियो । एक रात एकान्तको बेला उनले आफ्नो मनको इच्छा भद्रालाई जाहेर गरे । उनलाई आश्चर्य लाग्यो जब भद्राले पनि आफ्नो बाल्यदेखिको प्रव्रजित हुने आफ्ना आकांक्षा व्यक्त गरिन् ।

र यसरी इतिहासको पानामा नकोरिएका घटना घट्यो । पतिले पत्नीलाई मुण्डन गराए । पत्नीले पतिलाई मुण्डन गराइन् ।

उनीहरू उठे । एकले अर्कोलाई अन्तिमबार हेरे । ती हेराइ निर्मल थिए । विमल थिए । पति पत्नीको भाव गायब भैसकेको थियो । काम थिएन । वासना थिएन । कामना थिएन । उनीहरूको पुरानो संस्कार मलीन भएर गइसकेका थिए । त्यतिबेला उनीहरू केवल मानव थिए । विरक्त थिए । संसार त्यागी थिए ।

उनीहरूले आआफ्ना भोला काँधमा बोके । पिप्पलीले भद्राको हातमा पात्र दिए । भद्राले पिप्पलीको हातमा पात्र दिइन् ।

अब उनीहरू भिक्षुक थिए । अब उनीहरूमा आकर्षक बाकि थिएन । र यसरी भिक्षु र भिक्षुणी दरबारबाट निस्के भिक्षा पात्र साथमा लिई । कुनै पनि नोकर चाकरले उनीहरू निस्केको चाल पाएनन् ।

आफ्नो ब्राह्मण गाउँ निस्केर उनीहरू पुगे दासहरूको गाउँमा । यस्ता १४ दास गाउँहरूको स्वामी पिप्पली मानवक थिए । दास गाउँलेहरूले उनीहरूलाई चिने । नयाँ रूपमा पनि उनीहरूलाई माया गर्ने दास स्वामीहरूलाई उनीहरूले चिने । उनीहरूको चरणमा लोट्न पुगे । स्त्रीहरू भ्रदको केशविहिन मस्तक देखी डाँको छाडी रून थालिन् । उनीहरूको खास्टो आँसुले भिजे । कतिपय त हिच्कि छाडेर रून थाले ।

बहुमुल्य वस्त्रको स्थानमा लगाएका थिए साधारण कपडा । श्रृंगार विहिन शरीर थियो । अमूल्य औंठीहरू रहित औंलाहरू थिए । हातमा रत्नजडित पात्रको स्थानमा थिए माटोको पात्र । आफ्ना मनपर्ने मालिकहरूमा यो परिवर्तन देखेर ग्रामीणहरू रोए । उनीहरू विस्तारै बढ्दै थिए गाउँको बांगोतिंगो गोरेटो हुँदै ।

उनीहरू प्रव्रजित भएको समाचार वायुवेगले चारैतिर फैलियो । गाउँलेहरू आआफ्ना काम छाडी दर्शन गर्न निस्के । त्यागको अपूर्व उदाहरण देखाउने दम्पतिलाई ।

Downloaded from http://dhamma.digital

कोही रोइरहेका थिए। कोही सुक्सुक गर्दै थिए। कोही आँखा बाट आँसु चुहन नदिन दाँत किटिरहेका थिए। कोही आँसु थाम्न नसकी मुण्टो फर्काइ रोइरहेका थिए। कोही कोहीले श्रद्धाले विभोर भई पुष्प वृष्टि गर्न थाले उनीहरूको मार्गमा। उनीहरूको पाइला परेको ठाउँको माटो लिई भक्तिपूर्वक आमाहरूले शिशुहरूको मस्तकमा लगाउन थालिन्।

भद्राको हिंड्ने बानी थिएन। उनी कहिले ठीकसँग हिंड्थिन्। कहिले ठोकर राख्थिन्। भुईमा लोट्न पुग्थिन्। तर उनको लोग्नेले उनलाई सहारा दिन्दैनथे। उनी पुन: आफै उठ्दथिन्। ढलमल गर्दै पुन: अगाडि बढ्थिन्। उनको यो स्थिति देखेर कसैले आफ्नो आँसु रोक्न सकेनन्। कोही यस्तो ढुंगे मुटु थिएनन् जुन नपग्लेका थिए। कोही यस्ता विलासी थिएनन् जो त्यागको यो दृष्य देखेर नकाँपेका थिए। सबैको आँखा उनीहरूको मार्गमा थिए। सबैको श्रद्धा उनीहरूको चीवरमा थिए। उनीहरूको हातमा माटोको पात्र देखी सबैका हृदय रोएका थिए।

गाउँलेहरूले आर्तनाद गरे, "आर्य! हामी अनाथ हुँदैछौं।"

पिप्पली माणवक भन्थे, "हामीले तीनै भूवनलाई आगोले बलेको झुपडीलाई त्याग गरेका, प्रव्रजित भएका हौं। यदि मैले एक एक दासता मुक्त गरें भने त शयौं वर्ष लाग्नेछ। तिमीहरू स्वयं आफ्नो शिरलाई धोई दास बन्धनबाट मुक्त हुनू।"

ग्रामीणहरू सुँक्क सुँक्क रोइराखे। र तिनीहरू बढिराखे अगाडि। महान् त्यागको अपूर्व उदाहरण थियो। आफ्ना १४ दास गाउँका सबै गाउँलेहरूलाई विप्पली मुक्त गरिदिएका थिए एकै वचनले। एक पछि अर्को गर्दै उनीहरू गाउँ पार गर्दै गए। मानिसहरूको दृष्टि पिप्पली र भद्रामा पर्‍यो। पिप्पलीलाई ती दृष्टिहरू चीसो लाग्थे। ती दृष्टिहरूमा शंका थियो।

मनैमन कुरो खेलाए- "पिप्पलीले भद्रा अद्वितीय सुन्दरी छिन्। उनी मेरो पछि पछि लागिराखेकी छिन्। मानिसहरूले ठान्नेछन् कि प्रव्रज्या लिइसकेपछि पनि यिनीहरूले मोह छाडेका छैनन्, यिनीहरू ढोंगी हुन्। आह! कस्तो अशोभनीय छ। कसैको मन यस्तो कुभावनाले ग्रसित छ भने त्यस्ता व्यक्तिले कहिल्यै सुख पाउँदैन। नरकगामी हुन्छ। तर त्यसको लागि हामी जिम्मेबार हुनेछौ। त्यसैले भद्रालाई त्याग गर्नु आवश्यक छ।"

पिप्पलीले पछाडि फर्केर हेरे। नतमस्तक भई भिक्षुणी तुल्य उनको अनुकरण गर्दै थिइन् भद्रा कपिलायनी। वैवाहिक जीवन निशंकोचसाथ पछि पछि लाग्ने गर्थिन। भिक्षुणी भइसकेपछि पनि लाग्दै थिइन्। उनको अनुहारमा पिप्पली माणवकको दृष्टि पर्‍यो। उनी शिथिल थिइन्। शान्त थिइन्। कोमलता अनुहारबाट गायब भैसकेको थियो। थकाइ स्पष्ट झल्कन्थो। पसिनाले निथ्रुक्क भैसकेकी

Downloaded from http://dhamma.digital

थिइन् । केश रहित टाउकोमा पसिनाका थोपाहरू स्पष्ट देखिन्थे । कठिनाइकासाथ पाइला चालिरहेकी थिइन् । माणवकको हृदय करुणाले भऱ्यो ।

तर उनले धैर्य राखे । संयमी भए । आफ्नो मनोवेदनालाई प्रकट हुन दिएनन् । मनोविकारलाई वशमा पारे । विस्तारै विस्तारै अगाडि बढन् थाले । भद्रालाई कष्ट नहोस् भनी उनी चाहन्थे ।

एक दोबाटोमा आइपुग्यो । दुई मार्गहरू एक अर्काको विपरित दिशामा गइरहेका थिए । पिप्पली रोके । उनले भद्रातिर हेरे । भद्राले उनीतिर हेरिन् । पिप्पलीले आँखा फेरे । अर्को तिर हेर्न थाले । भद्राका आँखा पनि भुईमा गाडिए । उनी स्थिर उभिरहेकी थिइन् । माणवक अगाडि नबढेकोमा भद्रा शंकित थिइन् ।

पिप्पलीले एउटा बाटोतिर हेरे । धेरै टाढासम्म गइराखेको बाटो थियो । क्षितिजमा लोप भइरहेको थियो । त्यो बाटोतिर हेर्दै पिप्पलीले भने, "भद्रा ! तिमी स्त्री हौ । प्रव्रजित पुरुषको पछि पछि लागिरहेकी छौ । मानिसहरूले शंका गर्ने ठाउँ छ । उनीहरूमा दुषित भावना उत्पन्न हुन सक्छन् ।"

"के आज्ञा छ ?" भद्राले मसिनो स्वरमा सोधिन् । उनले भूमिकालाई बुझिसकेकी थिइन् । उनको हृदय जोरसँग चल्न थाल्यो । मानवीय दुर्बलता देखा पर्न थाल्यो ।

"यी दुइ बाटो छन् । दुई तर्फ जान्छन् । एकबाट तिमी जाऊ, अर्को बाटो म लिन्छु ।" पिप्पलीले आफ्नो समस्त शक्ति बटुलेर कठीन प्रस्ताव राखे । उनको आवाज मधुर तर दृढ थियो ।

मधुर स्वरमा भद्राले उत्तर दिइन्, "आर्य ! थाहा छ । प्रव्रजितहरूको मार्गमा स्त्री बाधा हुन्छन् । हामीमा दोष देखिने छ । हामी निर्दोष भएतापनि मानिसहरूले हामीलाई दोषी ठान्नेछन् । यही नै जगतको रीत हो । म एउटा बाटोबाट जान्छु । हजूर अर्कोबाट गइबक्स्योस् ।" भद्राले आफ्ना विकारहरूलाई नियन्त्रण गर्दै बोलिन् । मानवीय कमजोरीलाई दृढताले जित्यो । यसो गर्न सकिएकोमा भद्रालाई शान्तिको अनुभव भयो, सन्तोषको अनुभव भयो ।

पिप्पली उत्सुक भई उभिराखेका थिए । भद्राको उत्तर सुनेर उनले आफूलाई अति सजिलो भएको महसुस गरे । तुरुन्तै उनले एउटा मार्गपट्टि मुख फेरे । मानवीय दुर्बलताले उनलाई समात्लान् भनी उनी सतर्क थिए ।

भद्राले पिप्पलीको तीन पल्ट प्रदक्षिणा गरिन् । चार स्थानबाट उनलाई पंचांग दण्डवत् गरिन् । दशै औंला जोडी नतमस्तक भई उनले भनिन्, "अनन्त कालदेखि रहिआएको हजूरको र मेरो साथ आज छुट्ने भो ।" भद्राको आवाज संयत

Downloaded from http://dhamma.digital

थियो । वाणी निर्मल थियो । उनी संयमी भइसकेकी थिइन् । उनीमा विकार थिएन । पुन: थपिन्," हजूर दक्षिण जातिको होइबक्सिन्छ । यो दक्षिण मार्गको अनुसरण गरिबक्सियोस् । हामी स्त्रीहरू वाम जातिका हुन् । त्यसैले हाम्रो मार्ग बाँया दिशातिर हुन् । त्यो मार्गबाट म जानेछु ।'

बिना उत्तरको प्रतिक्षा गरी, बिना पिप्पलीको मुख हेरी, भद्रा वाम दिशातर्फ फर्किन् । उनी मन्द मन्द गतिले अगाडि बढिन् । उनी दृढ थिइन् । उनी संयमी थिइन् । उनको कोमल शरीरमा परिधानको नाउँमा मात्र एक चीवर थियो । हातमा माटोको पात्र थियो । गुण नै श्रृंगार थियो अब । त्याग नै आभूषण थियो उनको । विशाल विश्व नै उनको घर थियो । सम्पूर्ण धरति उनको ओछ्यान थियो । प्रकृतिको देन जल नै उनको पेय पदार्थ थियो । पंक्षीहरूको सुमधुर आवाज नै उनको लागि संगीत थियो । उनको कृत्रिम जीवन अब प्रकृतिको असीमित जीवन बनिसकेको थियो । उनी सबै बन्धनबाट मुक्त भइसकेकी थिइन् । उनमा कुनै शक्तिको, कुनै बलको, कुनै साथीको आकांक्षा बाँकि थिएनन् । उनी विश्वका थिइन् । विश्व उनको थियो ।[१]

पिप्पलीले भद्रा गइरहेको हेरिराखे । उनको पछाडि उडेको धूलोमा भद्रा विस्तारै क्षितिजमा बिलाएर गइन् । पिप्पलीले गम्भीर दृष्टिले आकाशतिर हेरे । एक लामो श्वास फेरे । कति न बेरसम्म टोलाएर उनले हेरिराखे भद्राका पाइला चिन्हहरू ।

शान्त वातावरणमा अचानक हुरी बतास चल्यो । भद्राले बनाएका पाइलाका चिन्हहरू एक एक गर्दै बतासमा विलिन हुँदै गए । विस्तारै पिप्पलीले दोस्रो दिशा तिर पाइला अगाडि सारे । उनी निश्चिन्त थिए । हुरी बतासले उनलाई कति पनि प्रभावित पारेन । मानौं प्राकृतिक हुरी बतास उनको जीवनको हुरीको अगाडि नगण्य थियो । उनी बढ्दै गए अगाडि ।

बतास झन तीव्रसाथ चल्न थाल्यो । हुरी झन वेगसाथ चल्न थाल्यो । ससाना रूखहरू ढल्न थाले । रूखका हाँगाहरू हावामा उड्न थाले । जमिनको धूलो धुँआ सरह भै आकाशतिर बढ्न थाले । प्रकृति मानो पिप्पली र भ्रदा को त्याग देखेर कम्पित भयो ।

आफ्नो अपार वैभव, विपुल सम्पत्ति, परम सुन्दर पत्नीलाई त्याग गरेर श्रेष्ठ तपश्वी जीवनको खोजीमा अगाडि बढ्दै थिए पिप्पली माणवक । उनी बढ्दै थिए राजगृह तिर ।

---

(१) भद्रा कपिलायानी ५ वर्ष पछि (?) बुद्धका एक आदर्श भिक्षुणी बनेकी थिइन् ।

Downloaded from http://dhamma.digital

धेरै टाढा एक बहुपुत्रक[१] वट वृक्षको मुनि कोही बसिराखेको देखे । अगाडि पुगे पछि उनले देखे एक दिव्य महापुरुष । साधारणमा अति साधारण । निर्मलमा अति निर्मल । शान्तमा शान्त । अनुहारको आभा यस्तो थियो मानो संसारका वेदनाबाट उनी पर छन् । आँखा स्वप्नील तर गम्भीर, मानो उनी सर्वज्ञ हुन् । पिप्पलीलाई लाग्यो कि जसको लक्ष्य लिएर उनी प्रव्रजित भएका हुन्, त्यही व्यक्तिको सामु आफू उपस्थित छ ।

त्यो वट वृक्षमुनि आसन जमाइराख्ने व्यक्ति स्वयं बुद्ध थिए । पिप्पली विस्तारै नतमस्तक भई तथागतको नजिकै आए । तीन स्थानबाट शास्ताको वन्दना गरे । आफ्नो परिचय दिए । करवद्ध भई निवेदन गरे, "तथागत ! तपाईं मेरो शास्ता हुनुहुन्छ । म तपाईंको श्रावक हुँ । भन्ते ! भगवान् मेरो शास्ता हुनुहुन्छ । म भगवानको श्रावक हुँ ।"

तथागतले आफ्नो दाँया हात उठाई अभय मुद्राको प्रदर्शन गरे । पिप्पली बुद्धको समिप आए । आसन ग्रहण गरे । "बस, काश्यप !" बुद्धले करुण स्वरमा भने । पिप्पलीले शान्तपूर्वक आसन ग्रहण गरे ।

बुद्धले भने , "काश्यप ! जीवनमा सम्यक प्रयत्न गर । वर्तमान पापलाई नाश गर । भविष्यमा पापलाई वृद्धि हुन नदेऊ । वर्तमान पुण्यको रक्षा गर । भविष्यमा यसको वृद्धि गर ।"

माणवक अंजलिबद्ध भई ध्यान पूर्वक श्रवण गरिराखे ।

"काश्यप ! नजानिकनै जसले 'जानेको हुँ भन्छ', नदेखिकनै जसले देखेको छुँ भन्छ, त्यस्ता निंदनीय छन् । तर काश्यप ! मैले जानेर नै 'जानेको छुँ' भन्छु, देखेर नै "देखेको छुँ" भन्छु । त्यसैले काश्यप तिमीले श्रमण, युवा, प्रौढ, वृद्धहरूप्रति लज्जा र भय राख्न सिक्नु पर्दछ । काश्यप ! तिमीले यस्तो सिक्नु पर्दछ कि जति पनि असल कुरा हुन् तिनलाई कान थापेर, ध्यान लगाएर सुन्नु पर्दछ, अपनाउनु पर्दछ । काश्यप ! आफ्नो शरीरसम्बन्धि कायगत स्मृतिलाई नछुटाऊ ! यस्तो तिमीले सिक्नु पर्दछ, काश्यप !"

आफूलाई दिइएका तीन सुझावहरू उनले मनन गरी लिए । बुद्धको उपदेश ध्यान पूर्वक सुने । बुद्धद्वारा उपसम्पदा प्राप्त गरे । भिक्षु बने । पिप्पली माणवकबाट महाकाश्यप बने ।

तथागत वृक्ष मुनिको आफ्नो आश्रमबाट उठे । राजगृहतर्फ मुख पारेर विस्तारै आफ्नो मार्गमा लागे । त्यसको पछि पछि लागे महाप्रभावशाली नयाँ श्रावक

---

(१) बहुपुत्रक रूखको नाउँ हो । यो स्थान राजगृह र नालन्दा बीच वर्तमान सिलाव (पटना जिल्ला) तिर हुनु पर्दछ ।

Downloaded from http://dhamma.digital

पिप्पली । ठूलो नाऊसंग बाँधिएर गएको सानो डुंगा जस्तै तथागतको पछि पछि पिप्पली हिंडे । तथागतको शरीरमा ३२ महापुरुष लक्षण थिए । ती मध्ये ७ लक्षण पछि पछि लागिराख्ने पिप्पलीमा पनि थियो ।

धेरै बेर हिंडिसके पछि बुद्धका पाइला सानो भयो । मार्गबाट हटे । एक रूखको छहारीमा बस्ने संकेत दिए माणवक पिप्पलीलाई ।

आफ्नो गुरुको लागि, आफ्नो शास्ताको लागि पिप्पलीले आफूले लगाइराखेको संघाटी[१] आसन निमित्त रूखमुनि ओछ्याइदिए । तथागत त्यसमाथि बसे । बाँया हातले विस्तार उक्त रेशमी चीवरलाई मल्दै बुद्धले भने, "महाकाश्यप ! तिम्रो संघाटी अति कोमल छ ।'

महाकाश्यप- पिप्पली माणवक अति प्रसन्न भए । तथागतले उनको संघाति रूचाउनु भएको छ भन्ने कल्पना गरी उनले भने, "भन्ते ! संघाटी धारण गर्नुस् ।"

"तिमी के लाउँछौ त ?" बुद्धको प्रश्न ।

"यदि तपाईंको चीवर पाएमा त्यही म लाउँछु ।"

"महाकाश्यप ! के तिमी मैले लगाइराखेको यो झुत्रो पांशुकुल[२] लगाउन सक्छौ ?" बुद्धको प्रश्न ।

"सक्छु, भन्ते ।"

"लगाउँदा लगाउँदै जीर्ण भइसकेको छ यो । फाटिसकेको छ ।"

"तथागत ! म सहर्ष लगाउँछु । शास्ताको चीवर संसारभन्दा श्रेष्ठ छ ।"

महाकाश्यपको त्यागको परिक्षा हुँदै थियो । महाकाश्यप अति दृढ व्यक्ति थिए । महान् त्यागी थिए । तथागतले आफ्नो फाटेको पुरानो चीवर फुकालेर महाकाश्यपलाई दिए । आफूले महाकाश्यपले लगाई राखेको रेशमी चीवर धारण गरे । तथागतले देखे कि महाकाश्यपको अनुहारमा कुनै प्रकारको पश्चाताप थिएन । तथागत प्रसन्न भए । महाकाश्यपको खुसीको सीमाना रहेन । उनले आफूलाई बुद्धका क्षौरस पुत्र ठाने । मुखबाट उत्पन्न ठाने ।[३] धर्मबाट उत्पन्न ठाने । धर्मबाट निर्मित ठाने । धर्मको वारिस ठाने । एकाएक उनले आफूमाथि गहन उत्तरदायित्व आएको महसुस भयो । र साथै महसुस गरे कि बुद्धले उनलाई उत्तरदायित्व सुम्पनुको साथ

---

(१) संघाटी - चीवरको एक भाग । खास्टो सरह ।

(२) पांशुकुल- फालिराखेको (विशेषत: मसानमा) झुत्रो कपडा ।

(३) यहाँ मुखबाट उत्पन्न ठानेकाको मतलब सायद ब्रह्माको मुखबाट उत्पन्न ठानेका हुन सक्छन् । ब्राह्मणहरू आफू ब्रह्माको मुखबाट उत्पन्न भएको भनी गर्व गर्दछन् ।

Downloaded from http://dhamma.digital

साथै झुत्रो चीवर लगाउन सक्ने क्षमताको परिक्षण गरेको हो । मनै मन उनले प्रतिज्ञा गरे- 'म महान् त्यागी बन्छु । म आदर्श अनुशासन पालक बन्छु । म समाजबाट निर्लिप्त रहन्छु । मलाई बुद्धले सुम्पेको उत्तरदायित्व वहन गर्नु छ । म १३ धुतंग पालन गर्दछु । म अब उपरान्त सँधै नै फालिराखेको कपडाको (पांशुकुल) को नै चीवर लगाउँछु । म सँधै तीन टुक्रा चीवर (अन्तरवासक, उत्तरासंघ, संघाटी) मात्र लगाउँछु । भिक्षाटन गरेरै मात्र खान्छु । लोभ लालच छाडी क्रमैसँग भिक्षाटन गर्छु । एउटै आशनमा भोजन गर्छु । एउटै पात्रमा मात्र खान्छु । भोजन थपेर कहिल्यै खान्दिन । वनमा बस्छु । रूखमुनि बस्छु । खुल्ला ठाउँमा बास बस्छु । मसानमा बास बस्छु । जस्तो पायो त्यस्तै आसनमा सुत्छु । नलेटिकन सुत्छु ।" घोषणा गरे, "तथागतको चीवर मैले पाएँ । अब मेरो जीवनमा के नै गर्नु बाँकि रह्यो र ।"

र यसरी महाकाश्यप, बुद्धका महान शिष्यहरूमध्ये एक, को प्रवेश भिक्षु संघमा भयो । त्यो व्यक्तिको प्रवेश भिक्षु संघमा भयो जसले बुद्धको पश्चात बुद्ध धर्मलाई विश्वमा चिरस्थायी गर्न मुख्य भूमिका निभाए ।[१] काश्यपसँग चीवर बदलेर मानो भगवानले उनलाई आफ्नो देहत्यागको पश्चात् धर्मलाई अगाडि बढाउने ध्वजाको हस्तान्तरण गरेका थिए । उनी एकमात्र यस्तो भिक्षु बने जसले बुद्धसँग चीवर साटेर लगाएका थिए । उनी यस्ता व्यक्ति थिए जसले आफूलाई बुद्धको पुत्र ठाने । भाग्यशाली महाकाश्यप !

———o———

(१) बुद्ध परिनिर्वाणको ३ महिना पछि बुद्ध धर्म स्थायी बनाउन राजगृहमा ५०० भिक्षुहरू भेला भई बुद्ध धर्मको सम्पादन गरिएको थियो । यसलाई प्रथम संगायना भनिन्छ । यसको संयोजक महाकाश्यप थिए । त्यसैले बुद्ध धर्मको विकासमा उनको अग्रणी भूमिका भएको मानिन्छ ।

Downloaded from http://dhamma.digital

# ४२

जसले बुद्धलाई बुझ्थे, उसले (उनी) बुद्धलाई मान्थे । जसले धर्मलाई बुझ्थे, बुद्धका अनुयायी बन्थे । जसले संघको उद्देश्य बुझ्थे भिक्षु बन्थे ।

राजगृहको वेणुवनमा विहार गरिराख्नु भएको बुद्धको यशकिर्ति, उनको व्यावहारिक उपदेश, उनका प्रभावशाली संघलाई देखेर मानिसहरू धमाधम भिक्षु बन्दै थिए । बढीसेबढी व्यक्तिहरूले उनमाथि श्रद्धा व्यक्त गर्न थालेका थिए । उपासक उपासिकाहरूको संख्या असंख्य हुन थाल्यो । भिक्षुहरूको संख्या दिन प्रति दिन बढ्न थाल्यो ।

जो पाए उही भिक्षु बन्न थाले । प्रशंसा र कीर्तिको साथसाथै मान सत्कार पनि प्राप्त हुन्थ्यो भिक्षु बनेमा । नवसिखिया भिक्षुहरू, जो जोशमा भिक्षु बनेका थिए, त्यति संयमी थिएनन् । भिक्षा जाँदा ठीकसँग चीवर नलाउने पनि निस्के । मनपरि भिक्षा जानेहरू निस्के । खाइराख्नेहरूको अगाडि, खाद्य पदार्थको माथि जहाँ पायो त्यहिं भिक्षाको लागि जूठो पात्र बढाइदिन्थे । मानो उनीहरू भिक्षु होइनन्, मगन्ते हुन् । मलाई भात देऊ, मलाई दाल देऊ भनी माग्ने पनि निस्के । भोजनको बेला बेस्सरी हल्ला गर्थे । अनुशासनको महत्व थाहा थिएन ती नयाँ भिक्षुहरूलाई ।

श्रद्धालुहरू चकित हुन्थे, हैरान हुन्थे, दु:खित हुन्थे उनीहरूको चाल चलन देखी । ब्राह्मण भोजमा जस्तै हल्ला गर्ने भिक्षुहरूलाई देखी उनीहरूले धिक्कार गर्थे । जो भिक्षु अनुशासित थिए, निर्लोभि थिए, सन्तुष्ट थिए, संकोचशील थिए, शिक्षार्थी थिए, उनीहरू पनि बदनाम हुँदै गए ।

सो कुरोको आभास बुद्धले पाएछ । बुद्धले धिक्कार गरे, "भिक्षुहरू । ती भिक्षुहरू नालायक छन्, अनुचित छन्, अयोग्य छन्, अकरणीय छन्, असाधु छन् । अनुशासनको महत्व बुझेका छैनन् । उनीहरूको यो आचरणले न त अप्रसन्नहरू प्रसन्न हुन्छन्, न त प्रसन्नहरू बढी प्रसन्न हुन्छन् । उनीहरूले त अप्रसन्नहरूलाई बढी अप्रसन्न गर्न, प्रसन्नहरूलाई अप्रसन्न बनाउने छन् ।

"भिक्षुहरू । नियम बनाउँछु कि भिक्षुहरूको उपाध्याय[१] होस् । उपाध्यायले शिष्यलाई पुत्र सरह र शिष्यले उपाध्यायलाई पिता सरह मान्नु पर्नेछ ।

"भिक्षुहरू । नवदिक्षित भिक्षुले उपाध्यायलाई 'भन्ते । मेरो उपाध्याय बन्नुस् ।"

(१) उपाध्याय - प्रव्रज्या गरिदिने भिक्षु

Downloaded from http://dhamma.digital

भनी अनुरोध गर्नु पर्छ । उनीहरूले उपाध्यायलाई सेवा सम्मान गर्नु पर्छ । उपाध्यायलाई विहान मुख धुने पानी, दतिवन, असन दिनु पर्छ । उपाध्यायको पछि पछि लागि हरेक कुरोमा सहयोग पुऱ्याउनु पर्छ । उपाध्यायले दोषी कुरो बोलेमा मनाही गर्नु पर्छ । उपाध्यायका सानातिना कामहरू गरिदिनु पर्छ । विहारको सफाइ गर्नु पर्छ । कोठा, वैठक, चर्पी आदि सफा र व्यवस्थित बनाउनु पर्छ । यदि उपाध्याय उदास भएमा, शंकालु भएमा, झूठो धारण राख्ने गरेमा, अपराध गरेमा उनलाई सहि मार्गमा ल्याउने कर्तव्य शिष्यको हुनेछ । उपाध्यायको चीवर धुने, सिउने गर्नुपर्छ । उपाध्यायको आज्ञा विना अन्यजनको सेवा गर्नु हुँदैन । उपाध्यायको जीवनभर सेवा गर्नु पर्दछ ।"

"उपाध्यायले शिष्यलाई राम्रो व्यवहार गर्नु पर्दछ । उपदेश दिनु पर्दछ । नभएमा चीवर दिनु पर्दछ । शिष्य रोगी भएमा सुसार गर्नुपर्दछ । जुन कुराहरू शिष्यले उपाध्यायलाई गर्ने हुन्, तीनै कुराहरू उपाध्यायले गर्नुपर्छ । शिष्यहरूलाई अनुशासित गर्ने, धर्म मार्गमा अनुरुढ गर्ने जिम्मा उपाध्यायमा हुनेछ ।

"शिष्यहरूले गलत व्यवहार गरेमा उनीहरूलाई उपाध्यायले हटाउन सक्नेछ । उनीहरूले क्षमा मागेमा क्षमा दिनु पर्दछ । उपाध्यायलाई प्रेम नगर्ने श्रद्धा नराख्ने, लज्जाहीन, गौरवहीन र धर्म मार्गमा नलागेका शिष्यलाई उपाध्यायले हटाउन सक्नेछ ।"

यसरी भिक्षुहरूको उपाध्याय बन्ने बनाउने नियतको शुरुवात भयो । तर उपाध्यायको अनुपस्थितिमा मनपरि गर्ने भिक्षुहरू देखा पर्न थाले । बुद्धले त्यसैले त्यस्तालाई अनुशासन र धर्म सिकाउनको लागि आचार्य[१] राख्ने अनुमति दिए ।

वेणुवनको द्वारबाहिर एक ब्राह्मण बसिराखेको दुई तीन दिन भइसकेको थियो । वेणुवनमा बुद्धको उपदेश सुन्न आउनेहरूले उनलाई सँधै देख्थे । वेणुवनमा बस्ने भिक्षुहरूले उनलाई बरोबर देख्थे ।

त्यो ब्राह्मण थियो राध ब्राह्मण । उनी वृद्ध थिए । आफ्नै घरबाट आफ्नै जवान सन्तानहरूले तिरस्कार गरी निकालिएका ब्राह्मण थिए । उनी संसारबाट विरक्त भैसकेका थिए । सांसारिक बन्धनबाट मुक्त बौद्ध भिक्षु हुन चाहन्थे उनी । त्यसैले उनी बुद्धको संघमा सम्मिलित हुन वेणुवन आएका थिए । तर कुनै पनि भिक्षुले उनलाई उपसम्पदा दिन उत्साहित भएनन् । केही दिन अगाडि मात्रै बुद्ध विरोधी ब्राह्मणहरूले बुद्धको अपकिर्ति फैलाउन खोजेका थिए । राध ब्राह्मण थिए । धर्म विरोधी कुलका थिए । केही कट्टर भिक्षुहरूले राधलाई भिक्षु बनाउन उपयुक्त छैन भनी प्रचार गरेका थिए । सो

(१) आचार्य- गुरू बनी धर्म र विनय सिकाउने भिक्षु ।

Downloaded from http://dhamma.digital

भिक्षु संघले राघ ब्राह्मणलाई आफ्नो संघमा सम्मिलित गर्न इन्कार गरे। कोहीले उनी जस्ता बूढो मान्छेलाई कस्ले प्रवजित गर्ला भन्दै पछाडि हटे।

भिक्षु बन्नको लागि राघ ब्राह्मणले अनसन गरे। केही खाएन उनले। केही पिएन उनले। दिन प्रति दिन उनी दुर्बल हुँदै गए, दुब्लो हुँदै गए। शरीर सुके। दुर्वर्ण भए। दुर्बल भए। रुक्ष भए। रक्त विहिन भएर पहेंलो हुँदै गयो। कंकाल मात्रै बाँकी रहे। तर उनी हठी थिए। भिक्षु नबनी नछाड्ने अठोट गरेका थिए। वेणुवन बाहिर अनसनमा त्यसैले बसेका थिए। उनी झन झन बढ्दै थिए मृत्युको द्वारनिर।

संयोगवश वेणुवनबाट बाहिर निस्कन लागेका बुद्धले मरणासन्न अवस्थामा पुगिसकेका शिथिल र जीर्ण राघलाई देखे। अस्थिपंजर राघलाई देखे। करुणामयीलाई करुणा उत्पन्न भयो। भिक्षुहरूलाई भेला गरे। सम्बोधन गरे।

"भिक्षुहरू ! यिनी को हुन् ?"

"भन्ते ! ब्राह्मण हुन्। भिक्षु हुन चाहन्छन्।"

"किन कसैले भिक्षु नबनाएका यिनीलाई ?"

सबै चुप !

"भिक्षुहरू ! के कसैलाई यो ब्राह्मणले गरेको उपकार याद छ ?"

सबै चुप। एक क्षणको मौनता पछि सारिपुत्रले भने, "भन्ते ! यो ब्राह्मणले मेरो उपकार गरेको छ।"

"कुन उपकार गरेको छ, सारिपुत्र ?"

"भन्ते ! राजगृहमा केही दिन अघि म भिक्षाटन जाँदा यिनले मलाई एक पन्यू भात दान दिएका थिए।"

"साधु ! साधु !! सारिपुत्र तिमी गुणलाई नबिर्सने व्यक्ति हौ। सत्पुरुषहरू कृतज्ञ हुन्छन्।"

कंकाल स्वरूप राघको अनुहार चम्किलो भयो। उदासीमा चेतनाको प्रवेश भयो। बुद्धले भने, "सारिपुत्र ! तिमी यसलाई उपसम्पदा[१] देऊ। तिमी यसलाई भिक्षु बनाऊ।"

"हुन्छ, भन्ते !" सारिपुत्र नतमस्तक भए।

"भिक्षुहरू !" बुद्धले घोषणा गरे, "मैले त्रिरत्न सरणद्वारा उपसम्पदा गर्ने जुन नियम बनाएको थिएँ[२], सोलाई अब म रद्द गर्छु। आजदेखि चार ज्ञप्तिद्वारा उपसम्पदा बनाउने अनुज्ञा दिन्छु।"

(१) उपसम्पदा - भिक्षु बन्ने प्रक्रिया

(२) हर्नुस् घटनाक्रम ३३

Downloaded from http://dhamma.digital

"शास्ता ! कुन प्रकार हुन्छन् ?", भिक्षुहरूले जिज्ञाशा प्रकट गरे ।

"भिक्षुहरू ! योग्य र समर्थ भिक्षुले संघलाई यसप्रकार ज्ञापन गर्नु पर्नेछ- 'भन्ते ! संघ मेरो ज्ञापना सुन्नुस् । फलाना नाउँको फलाना ब्यक्ति उपसम्पदित हुन चाहन्छन् । यदि संघलाई उचित लागेमा फलानालाई फलानाको उपाध्यायत्वमा उपसम्पदा दिने अनुमति दिनुस् ।' यो ज्ञाप्ती भयो । त्यसपछि तीन पल्टसम्म भन्नुपर्नेछ- 'भिक्षुहरू ! संघले फलानालाई फलानाको उपाध्यायत्वमा उपसम्पन्न स्वीकार गर्नुस् । जसलाई स्वीकार्य छ, मौन रहनुस्; जसलाई छैन, उहाँ बोल्नुस् ।" जब कसैको विरोध हुँदैन, तब, 'संघलाई स्वीकार्य छ, त्यसैले चुप छ भनी म ठान्दछु' भनी उपसम्पदा दिनू ।"

भिक्षुहरूको अगाडि उपसम्पदा गर्ने नयाँ प्रक्रिया बुद्धले राख्नु भएको थियो राघ ब्राह्मणले बुद्धलाई वन्दना गरे । प्रव्रज्याको लागि प्रार्थना गरे । सारिपुत्रले उनको उपाध्यायत्व स्वीकार गरे । नवीन भिक्षु प्रक्रियामा प्रव्रजित हुने राघ ब्राह्मण पहिलो भिक्षु बने । कालान्तरमा राघ प्रतिभाशाली भए । अरूलाई उपदेश गराउनमा अग्र भए । त्यसैले उनी पटिभाणिय स्थविरको नाउँले चिनिए ।

राजगृहको एक लोभी ब्राह्मण थिए उनी । बालक कालदेखि उनी लोभी थिए । जति लोभी थिए त्यति नै अल्सी थिए । उनी कल्पना गर्थे त्यो दिनको जब हातखुट्टा नचाइकनै आरामसाथ बसेर खान पाइन्छ ।

उनी दु:खी थिए । आफ्नो जीवनदेखि वाक्क लाग्थो । जीवन धान्नलाई चाहिने खानाको लागि परिश्रम गर्नु पर्ने हुनाले उनी दिक्क थिए । कामधाम नगरी मोजसाथ खान पाउने कुनै जुक्ति पाएमा जिन्दगी सफल हुने थियो भनी बरोबर चिन्तन गर्थे ।

उदास भई आफ्नो कामबाट फर्किराख्ने त्यो ब्राह्मणले एक ठाउँमा थुप्रै भिक्षुहरूलाई उत्तम भोजन सित्तै दान दिइरहेको देखे । केही दिन यता देखि दिनहुँ ती भिक्षुहरूले त्यहाँ सित्तै भोजन खाइराखेको उनले होस गरेका थिए । राजगृहमा चर्चाको विषय बनेका भिक्षुहरूको चर्चा उनले पनि सुनेका थिए । मनैमन विचार गरे ती अल्सीले, "यी शाक्यपुत्रका श्रमणहरूको क्या मोज छ ! आरामसँग बस्छन् । सुन्दर भोजन गर्छन् । शान्तसँग सुत्छन् । किन म पनि यस्तै भिक्षु नबनौं ? न भोजनको चिन्ता ! न कामको झंझट ।"

'अल्सी ब्राह्मणको लागि सुनौला मौका थियो । काम नगरी खाने बाटो थियो । मेहनत नगरी बाँच्ने उपाय थियो । आज के खाउँला, भोलि के गरूँला भन्ने चिन्ताबाट मुक्त हुने तरिका उनले पाए । उनी हिंडे भिक्षु बन्न । उनी प्रव्रजित भए । उपसम्पदा पाए । भोजनको लागि भिक्षु बने ।

आखिर तीन दिन पछि त्यो कुरो भयो जुन कुनै न कुनै दिन अवश्यै हुनु नै थियो । जहाँ दिनहुँ भिक्षुहरूलाई भोजन दिने सिलसिला थियो, सो सकियो ।

Downloaded from http://dhamma.digital

भिक्षुहरूलाई अब त्यहाँबाट कुनै भिक्षा उपलब्ध हुने भएन । र आफ्नो शरीरलाई बलिष्ठ पारिराख्न बुद्धको उपदेशलाई आफूले अध्ययन गर्न र अरूलाई प्रचार गर्न जीवन शक्तिको लागि आवश्यक भोजन प्रबन्ध आफैले गर्नु पर्ने भयो । भोजनकालमा भिक्षुहरू आआफ्ना चीवर पात्र मिलाई भिक्षाटन जानलाई तैयारी गरे ।

ती अल्सी भिक्षु चुपचाप बसिराखे ।

"भिक्षाटन जाने होइन ?", एक भिक्षुले सोधे ।

"भिक्षाटन ?", उनी चकित भए ।

"हो, भिक्षाटन ।"

"किन ?", चकित भई सोधे ।

"किन ?। भिक्षाको लागि नि । भोजनको निमित्त ।" प्रश्न सोध्ने भिक्षु झन बढी अकमकिए ।

अल्सी भिक्षुले केही बोल्न सकेन । भिक्षु जीवनमा भिक्षा मागी जीविका चलाउनु पर्छ भन्ने उनलाई थाहा थिएन । भिक्षु जीवन आनन्ददायक र निर्धक्क जीवन ठानेका थिए उनले ।

"के भन्तेलाई कतै निमन्त्रण गरेको छ भोजनलाई ?" सशंक भई प्रश्न गर्ने भिक्षुले पुन: सोधे ।

"हिजो अस्तिको ठाउँ भोजन जाने होइन ?" अल्सी भिक्षुले उल्टो सोधे ।

"त्यहाँको भोजनदान कार्यक्रम सकिसक्यो ।"

"अब ?"

"जाऔं अब भिक्षाटनको लागि ।"

"तर म त भिक्षा मागी खानलाई प्रव्रजित भएको होइन ।"

"कसैले भोजनदान नगरेमा ?"

"म चीवरको त्याग गर्छु । भिक्षु बनिराख्नु पर्ने केही छैन ।"

"त्यसो भए तिमी पेटको लागि भिक्षु बनेका थियौ ?"

"हो, म पेटको निमित्त भिक्षु बनेको हुँ ।" अल्सी भिक्षुले घोषणा गरे । उनलाई भिक्षु जीवनबाट घृणा उत्पन्न भइसकेको थियो । भिक्षा मागी खानुपर्ने कुरा सुनेर आफ्नै चीवरप्रति घृणा उत्पन्न हुन थाल्यो । भिक्षामागी खानुपर्ने भिक्षु जीवन भन्दा आफ्नो पूर्वकालको गृहस्थ जीवन नै उनले श्रेयस्कर ठाने ।

Downloaded from http://dhamma.digital

अन्य भिक्षुहरूका बीच कुराकानी चल्न थाले । सुन्दर रूपमा व्याख्यान गरिएको धर्ममा पेटको लागि पनि प्रव्रजित हुनेहरू रहेछन् भन्ने उनीहरूले थाहा पाए ।

वेणुवनमा बसिराख्नु हुने भगवान् बुद्धकहाँ यो कुरा पुग्यो । बुद्धले अल्सी, पेटको लागि चीवर लगाउने भिक्षुलाई धिक्कार्दै घोषणा गरे, "भिक्षुहरू ! नयाँ भिक्षु बन्न आउनलाई उपसम्पदाको बेला चार निश्रयहरू[1] को जानकारी दिनु पर्नेछ - १. भिक्षा मागेर प्रव्रजित जीवन जिउनु पर्नेछ; तर प्राप्त भएमा संघ भोज, निमन्त्रण भोज, आदि पनि ग्रहण गर्न सकिनेछ । २. फालिराखेको झुत्रो कपडाबाट बनाइएको चीवर लाएर प्रव्रजित जीवन जिउनु पर्नेछ; तर प्राप्त भएमा अन्य चीवरहरू पनि लाउन सकिनेछ ।। ३. रूखमुनि निवास गरेर प्रव्रजित जीवन जिउनु पर्नेछ; तर प्राप्त भएमा विहार, प्रसाद, गुफा आदिमा पनि बस्न सकिनेछ । ४. गोमुत्रको औषधी खाएर प्रव्रजित जीवन जिउनु पर्नेछ; तर प्राप्त भएमा घ्यू, तेल, मक्खन जस्ता अन्य औषधी पनि प्रयोग गर्न सकिनेछ ।

र यसरी भिक्षु जीवनलाई चाहिने न्यूनतम जीवन स्तरको घोषणा भयो । नयाँ भिक्षु बन्दा जीवनका यी चार आधारहरू- गाँस, बास, कपास र औषधी- का न्यूनतम तहलाई स्वीकार गरेर भिक्षु बन्नु पर्ने विधान बन्यो । प्राप्त भएको बेलामा यी भन्दा उच्चस्तरीय जीवन शैली अपनाउन सकिन्छ भनी बुद्धले व्यावहारिक घोषणा गरे । तर नौलो भिक्षुले भिक्षु संघमा प्रवेश गर्दा न्यूनतम आकांक्षा लिई प्रवेश गर्नु पर्ने भयो ।

———o———

(१) निश्रय- जीविकाको तरिका वा आधार ।

Downloaded from http://dhamma.digital

# ४३

विशेष सभा बोलाइएको थियो ।

राजमहलको विशाल सभा कक्ष । चारैतिर उज्जैनका मन्त्रीहरू आ-आफ्ना आसनमा बसेका थिए । सभा कक्षको एकतिर राजसिंहासनमा विराजमान थिए राजा प्रद्योत ।[1] अवन्तिको[2] नरेश चण्ड प्रद्योत । विशेष विषयमा छलफल गर्न उज्जैनको राजसभाको बैठक हुँदै थियो ।

"अमात्यगण ! एक विशेष कुराको छलफल गर्न आज हामी यो आकस्मिक बैठकमा भेला हुँदै छौ ।", राजा प्रद्योतले सम्बोधन गरे । सबै मन्त्रीगण सतर्क भए ।

"लोकमा बुद्धको उत्पन्न भएको छ ।" राजाले भने ।

"राजन् ! हामीले पनि यो कुरो सुनेका छौं ।", एक मन्त्रीले सही थपे ।

बीचमा बोल्ने त्यो मन्त्रीलाई प्रद्योतले रिसालु आँखाले हेरे । मन्त्री चुप भए । प्रचण्ड रिसाहा राजा प्रद्योत- चण्ड प्रद्योत- तिर हेर्ने उनको हिम्मत भएन ।

"मलाई लाग्दछ, बुद्धलाई र उनका धर्मलाई उज्जैनमा ल्याउनु पर्दछ ।", राजाले घोषणा गरे ।

"ठीक हो, राजन । मनासिव हो राजन् ।" धेरै मन्त्रीहरूले एक साथ बोले ।

"राजन् ! अहिले बुद्ध कहाँ हुनुहुन्छ ?" एक चतुर मन्त्रीले जानाजानी प्रश्न उठाए । उनले सुनेका थिए कि बुद्ध हाल राजगृहमा छ भनेर ।

"मकहाँ पुगेको समाचार अनुसार बुद्ध अहिले मगध राष्ट्रको राजधानी राजगृहमा छन् ।", राजाले उच्च स्वरमा बोले ।

"महाराज ! बुद्धलाई उज्जैन ल्याउनु आवश्यक छ ।", त्यही मन्त्रीले सही थपे ।

"त्यसैले, मन्त्रीगण, आज हामी भेला हुँदैछौ । जसले बुद्धलाई यहाँ ल्याउन समर्थ छ, उनलाई राजगृह पठाउनु छ ।", प्रद्योतले भने ।

मन्त्रीहरूले एक अर्काको मुख हेरे । आपसमा कुराकानी गरे । अन्तमा एकले भने, "राजन ! हाम्रा राजपुरोहित कात्यायनलाई पठाउनु उचित होला ।"

"किन ?" राजाले सोधे ।

---

(१) प्रद्योत- उज्जैनका राज । अति रिसाहा हुनाले चण्ड प्रद्योतको नाउँले प्रख्यात

(२) अवन्ति- बुद्धकालीन १६ महानगरमा एक र उज्जैन (वर्तमान उज्जेन, भारत) यसका राजधानी थियो ।

Downloaded from http://dhamma.digital

"उनी विद्वान् छन् । कात्यायन गोत्रका प्रसिद्ध ब्राह्मण हुन् । तीनै वेदमा पारंगत छन् ।"

"त ?"

"उनी बुद्धिमान छन् । गौरव प्राप्त छन् । संक्षिप्त विषयलाई विस्तारपूर्वक भन्नमा निपुण छन् । उनी नै यो कामको लागि समर्थ छन् ।"

"ठीक छ ।", राजाको हुकुम भयो, "हाम्रा राजपुरोहित कात्यायनलाई बोलाएर ल्याइयोस् ।"

कात्यायन आइपुगे ।

"ब्राह्मण !" राजाले कात्यायनलाई प्रणाम गर्दै भने ।

"आज्ञा राजन् ।"

"विशेष अभियानमा पठाउन तपाईंलाई कष्ट दिँदैछु ।"

"सामर्थ्य भएसम्म काम गर्नेछु ।"

"राजगृह जानुस् । बुद्ध कहाँ जानुस् । उहाँलाई उज्जैन ल्याउनुस् ।"

"स्वीकार छ महाराज ! तर...."

"तर के, कात्यायन ?"

"केही गरि म भिक्षु हुनु परेमा ?"

"किन ?"

"तथागत समिपता प्रव्रजित भएर नै पाउने छ । भिक्षु भएमा तथागतलाई प्रार्थना गर्नु सुलभ हुनेछ ।"

"तपाईंको इच्छा ! तर तथागतलाई सँगै ल्याउनुस् ।"

"धन्यवाद, राजन् !"

महाकात्यायन । उज्जैनका राजपुरोहित । महाविद्वान । वैदिक शास्त्रमा पारंगत । महाज्ञानी । व्याकरणमा आचार्य । प्रसिद्ध । प्रख्यात । राजपुरोहित । पिता तिरीतिवच्च । आमा चन्दपदुमा । अनुहार अनाकर्षक । तर महान विद्वान् । सुबर्ण वर्णको हुनाले, र कात्यायन गोत्रको हुनाले महाकात्यायन नामले प्रख्यात ।[1]

आफ्ना सात मित्रहरूका साथ कात्यायन उज्जैनबाट राजगृहतिर प्रस्थान गरे । मार्गमा अनेक कठिनाईहरू पारगरिसकेपछि उनीहरू राजगृहको वेणुवनमा आइपुगे । बुद्ध त्यहाँ थिए । वन्दना गरे । अभिवादन गरे । बुद्धको मंगल कुशलता सोधे । एकतिर बसे । बुद्धको उपदेशलाई मनन गरे । प्रवज्याको लागि अनुमति मागे । महाकात्यायन प्रव्रजित भयो । चीवर धारण गरे । पात्र धारण गरे । भिक्षु बने । अर्हत भए । भिक्षु संघका अग्रश्रावकहरू मध्ये एक प्रसिद्ध महाश्रावक

---

(१) सर्वप्राचीन पालि व्याकरण ग्रन्थहरू- नेत्तिप्पकरण र पिटकोपदेश-का रचयिता यिनी नै हुन् भनी धेरै विद्वानहरू विश्वास गर्छन् । कोही कोहीले यिनका अनुयायीहरूले रचना गरेको पनि मान्छन् ।

Downloaded from http://dhamma.digital

महाकात्यायनको प्रवेश भिक्षु संघमा भयो ।

उपयुक्त समय पाएर महाकात्यायनले बुद्धसँग प्रार्थना गरे, "दशबल ! तपाईंको धर्म उत्तम छ । ग्रहणयोग्य छ । सुप्रतिस्थित छ । शास्ता ! उज्जैनमा पनि यस्ता सुविख्यात धर्मको प्रकाश पारिदिनुस् ।"

बुद्ध मौन रहे ।

"दशबल ! तपाई उज्जैन पाल्नुस् । हाम्रा राजा प्रद्योत तपाईंको दर्शन अभिलाषी छन् । महाकात्यायन सिधै आफ्ना विषय वस्तुमा उत्रे ।

एउटै कारणलाई लिएर उज्जैन जानु बुद्धलाई उचित लागेन । भने, "कात्यायन ! तिमी आफू नै जाऊ । राजन् तिम्रो दर्शन पाएर पनि प्रसन्न हुने छन् ।"

महाकात्यन मौन रहे ।

"कात्यायन ! तिमीले धर्मलाई बुझिसकेका छौ । संक्षिप्तलाई विस्तृत गर्नमा तिमी माहिर छौ । तिमी जाऊ । उज्जैनमा धर्मको प्रचार गर ।" बुद्धले भने ।

महाकात्यायनले स्वीकार गरे । उनले एक काँध देखिने गरी आफ्नो चीवरलाई व्यवस्थित गरे । बुद्धको प्रदक्षिणा गरे । वन्दना गरे । उज्जैन तर्फ उनी फर्के ।

"गौतम !" आफ्ना चिरपरिचित स्वर बुद्धको कानमा पर्‍यो ।

अगाडि थिए उदायी । गौतमका बाल्यकालका अभिन्न मित्र । गौतम जन्मेकै दिन जन्म हुने काल उदायी शरीर कालो भएता पनि अति स्वच्छ मन हुने कालुदायी । भगवान्का बाल्यकालका साथी थिए । अति विश्वासपात्र थिए । कपिलवस्तुका मन्त्री थिए ।

"उदायी !" मधूर करुण आवाजमा बुद्धले सम्बोधन गरे ।

"भगवान् ! म पनि तपाईंको धर्मको पालन गर्दछु । म पनि तपाईंको संघमा सम्मिलित हुन चाहन्छु ।"

"साधु, साधु, साधु !!! यस कल्याणकारी मार्गमा लागेर असल जीवनको यापन गर ।", बुद्धले भने ।

कालुदायी आफ्ना थुप्रै साथीहरूका साथ प्रव्रजित भए ।

वास्तवमा जुन उद्देश्य बोकी उज्जैनका महाकात्यायन प्रव्रजित भएका थिए, सोही उद्देश्यले कपिलवस्तुका अमात्य कालुदायी पनि प्रव्रजित भएका थिए । जसरी महाकात्यायनलाई उज्जैनका राजा प्रद्योतले बुद्धलाई निमन्त्रण गर्न पठाएका थिए, त्यसरी नै कपिलवस्तुका शुद्धोदनले बुद्धलाई निमन्त्रण गर्नलाई कालुदायीलाई पठाएका थिए । सात वर्षसम्मको पुत्र वियोग पछि शुद्धोदनलाई छोरोको मुख हेर्ने प्रबल इच्छा भएको थियो । आफ्नो छोरोलाई कपिलवस्तु आउने निमन्त्रण दिँदै धेरै मन्त्रीहरूलाई राजगृह पठाएसकेका थिए । तर न त पुत्र आए, न त कुनै पत्रको जवाफ आयो, न पत्र वाहक मन्त्रीहरू नै फर्के । शुद्धोदन झन झन चिन्तित भएका

Downloaded from http://dhamma.digital

थिए । विस्मित भएका थिए । अन्तमा उनले सो कामको लागि कालुदायीलाई पठाउने निर्णय गरेका थिए । शुद्धोदनलाई थाहा थियो कि उदायी र गौतम आपसमा धेरै स्नेह राख्छन्, आदर गर्छन्, विश्वास गर्छन् । राजा स्वयं उदायीलाई विश्वास गर्थे । कार्य सम्पन्न गर्न समर्थ छ भनी विश्वास थियो । सो शुद्धोदनले कालुदायीलाई बोलाई करुण आवाजमा मृत्युपूर्व आफ्नो छोरोको दर्शन गर्ने धोको सुनाए । कालुदायीले पनि सो अभियानमा आफू भिक्षु बन्नु पर्ने कुरा जाहेर गरी राजासँग अनुमति मागी राजगृहको वेणुवनमा आफ्ना अनुयायीहरू सहित बुद्धलाई कपिलवस्तु निमन्त्रण गर्न आइपुगेका थिए ।

महाकात्यायनले पनि सोहि उद्देश्यसाथ बुद्धलाई उज्जैन निमन्त्रण गरेको, तर बुद्ध उज्जैन नजानुभएको देखेर कालुदायीले बुद्धलाई निमन्त्रण गर्ने उचित अवसर नभएको महसुस गरे । र उनी कुरी राखे कुनै उपयुक्त अवसरको तलाशमा........।

राजगृहबाट उज्जैनतर्फ फर्किराख्ने भिक्षु महाकात्यायन तेलप्पनाली नाउँको ठाउँमा पुगे । नगर धेरै ठूलो त थिएन, तर निक्कै सानो पनि थिएन । भोजनकालको समय भैसकेको थियो । सो नवदिक्षित सात भिक्षुहरूका साथ महाकात्यायन भिक्षा प्राप्त गर्ने उद्देश्यले मन्द मन्द गतिमा नगर घुम्न थाले ।

एक त तेलप्पनालीका बासिन्दाहरू त्यतिका श्रद्धालु थिएनन् त्याग भावनाको कमि थिए, अधार्मिक प्रवृतिका थिए । दोस्रो उनीहरूको नगरमा पहेँला चीवर लगाएका शीर मुण्डितहरू कहिल्यै भिक्षामाग्न आएका थिएनन् । त्यो दिन नगरभरि घुमिसक्दा पनि महाकात्यायनले भिक्षा पाएन ।

पात्र धारण गरेका चीवरद्वारा सुसज्जित ती भिक्षुहरू पुन: परिक्रमा गर्न थाले नगरको । भोजनकाल अगाडि सर्दै थियो । विकाल भोजन गर्न निषेध थियो । भिक्षामा भोजनको परिणामसँग आकाशको सूर्यलाई केही मतलब थिएन । धरतिका समयकालदेखि वेखबर सूर्य पूर्वबाट पश्चिममा आफ्नै धुनमा सर्दै थियो । र सूर्य सँगै बित्दै थियो भोजनको समय ।

तर पात्र अज्जै रित्तो थियो । खालि पात्र लिई विचरण गरिरहेका थिए महाकात्यायन र सात अन्य भिक्षुहरू । तर उनीहरू उदास थिएनन् । सन्तप्त थिएनन् । निराश थिएनन् । दु:खी थिएनन् । उनीहरू निर्विकार थिए ।

एक झुत्रो घरको आंगनमा बसिराख्ने एक युवतीले खाली पात्र लिई भिक्षाटनबाट फर्किराख्ने निर्मल भिक्षुहरूलाई देखे । कसैले भिक्षा दिएका थिएनन् उनीहरूलाई । कसैले वास्ता गरेका थिएनन् उनीहरूलाई । तैपनि निर्मल थिए । अनुहार शान्त देखिन्थे । सन्तुष्ट देखिन्थे ।

Downloaded from http://dhamma.digital

ती युवतीलाई श्रद्धा उत्पन्न भयो । उनी दयालु थिइन् । करुणामयी थिइन् । श्रद्धालु थिइन् । अति सुन्दर थिइन् । विशेष गरी उनको कपाल राम्रो थियो । कालो, लामो, मसिनो केश अति सुन्दर थियो । उनी दरिद्र थिइन् । निर्धन थिइन् । कुनै जमाना उनीहरू पनि धनी थिइन् । बाबुको नाउँ गोपाल सेठ थियो । तर वर्तमान्मा उनी गरीब थिइन् । बच्चै छँदा आमाबाबुले छाडेर गएकी टुहुरी थिइन् । उनलाई बच्चैदेखि उनकी दासी धाईले पालेकी थिइन् ।

सुवर्ण वर्णको कात्यायन खालि हात फर्केको देखेर उनी दु:खी भईन् । भिक्षुहरू भोकै बस्नु पर्ने देखेर उनलाई वेदना भयो । उनमा श्रद्धा उत्पन्न भयो । निर्मल भिक्षुहरूलाई भोजन खुवाउने तीव्र रहर उनको करूणामयी हृदयमा उत्पन्न भयो । तर उनको घरमा खाद्य सामाग्री केही थिएन । उनी गरिब थिइन् । आफै त दरिद्र युवतीले ती भिक्षुकहरूलाई के खुवाओस् ? तर युवतीको श्रद्धा सशक्त थियो । भिक्षुहरू रित्तो हात फर्केको हेर्न सकिनन् उनले ।

ती युवतीले एउटा पुरानो कुरो सम्झिन् । त्यसै नगरमा एक धनी युवती पनि थिइन् । उनी विशेष सुन्दर थिइनन् । विशेषत: उनका केश छोटो छोटों भएकोले घिनौना देखिन्थ्यो । उनी प्राय: केशहीन तुल्य थिंइन् । ती धनी युवती सँधै निर्धन युवतीको लामो आकर्षक केश देखी इर्ष्यालु हुन्थिन् । आफ्नो धनको बलले बारम्बार उनले निर्धन युवतीका ती सुन्दर केश किन्नलाई कोशिश गरिसकेकी थिइन् । त्यो सुन्दर केश किन्न उनी हजारौं मुद्रा तिर्न पनि तैयार थिइन् ।

त्यही कुरो ती निर्धन युवतीले सम्झिन् । उनको दयालु मनमा विचार उठ्यो- 'म आफ्नो केश बेचेर यी भिक्षुहरूलाई भोजन गराउँछु ।' उनी धनको गरिब थिइन् तर हृदयको अमीर थिइन् । दौलतको निर्धनी थिइन्, तर करूणाको धनी थिइन् ।

उनी आफ्नो आंगनबाट निस्की भिक्षुहरूको सम्मुख करबद्ध भई निहुरेर उभिइन् । वन्दना गरिन् । अभिवादन गरिन् । उनीहरूलाई भिक्षाको लागि आमन्त्रण गरिन् । कात्यायनले मौन रही स्वीकृत दिए । श्रद्धापूर्वक भिक्षुहरूलाई घर भित्र्याइयो । आसन दिए । जल दिए । उनीहरू त्यहिं बसाली युवती भित्र अर्को कोठामा गइन् ।

"आर्ये !" आफ्नी दासीलाई बोलाइन् ।

"हजूर !" दासी आइपुगिन् ।

"धारिलो छुरा ल्याऊ ।"

"किन ?!"

"मेरो केश काट्नु छ ।"

"किन ?!"

"यसलाई बेच्नु छ ।"

Downloaded from http://dhamma.digital

"किन ?!"

"भिक्षुहरूलाई भोजन गराउँछु ।"

दासीको मन रोयो । आफ्नी मालिक्नीको दृढता र श्रद्धा देखी उनका आँखा रसाए ।

"आर्ये । मेरो केश काटेर पर बस्ने धनी कन्याकहाँ लगेर बेच । त्यसबाट जे जति पैसा आउँछन्, भिक्षुहरूको निमित्त भोजन किनेर ल्याऊ ।"

दासी छुरा ल्याइ दिइन् । तर केश काट्ने हिम्मत उनको भएन । छुरा हातमा लिई युवती आफैले आफ्नो लामो कालो सुन्दर घुंघरिलो केश काटीन् ।

दासी केश काटेको देखेर धेरै दुःखी भइन् । आखिर उनले नै पालन गरेर हुर्काएकी थिइन् ती केटीलाई । आँखाबाट आँसु झरे । उनले केश लिए । अर्को कोठामा भिक्षुहरू बसेका थिए । उनीहरूले देखेनन् । उनीहरूले नदेखोस् भनेर केशलाई छोपिन् । बाहिर निस्किन् ।

धनी कन्याले केश देखिन् । मुस्कुराइन् । कुनै दिन त्यो केश प्रशस्त धन दिएर किन्न चाहन्थिन् । तर उनको उपेक्षा गरिएको थियो । बदला लिने अवसर हातमा आएको थियो । बेच्ने मान्छे स्वयं द्वारमा आएकी थिइन् । समयको लाभ सबैले उठाउँछन् । सेठ कन्याले पनि लाभ उठाए । केश काटिसकिएको थियो । अरु कुनै ग्राहक थिएनन् । मात्र एक ग्राहक उनी नै थिइन् । केश बेच्नु नबेच्नु उनकै हातमा थियो । उनले आफ्नो पक्ष प्रबल देखिन् ।

सेठ कन्याले केश किन्न अस्वीकार गरिन् !

अनौठो अवस्था थियो । भिक्षुहरूलाई भोजन हेतु आसनमा बसाइसकेका थिए । भोजनको निमित्त केश काटि सकिएको थियो । तर ग्राहकले केश किन्न अस्वीकार गरिन् । धाईले आग्रह गरिन् । वस्तुस्थिति सम्झाइन् ।

"म आठ कार्षापण (मुद्रा) दिन्छु ।"

धाई स्तब्ध भइन् । ग्लानीले गर्दा उनका आँखा रसाए । हजारौं कार्षापण तिरेर केश किन्न लालयित धनी युवतीले मात्र आठ कार्षापण दिंदै थिइन्, मानो भिक्षा दिएझैं । आफूलाई चाहँदा र अरुले दिंदा उही वस्तुको मूल्य आकाश जमिनको फरक हुँदो रहेछ । धाई चकित भइन् । इच्छा भयो कि फर्कौं । तर स्मरण भयो कि घरमा आठ भिक्षुहरू भोकै बसेका छन् । एक भिक्षुको भोजनको निमित्त उनीसँग मात्र एक कार्षापण थियो । जसरी भएपनि भोजनको प्रबन्ध गर्नु परेको थियो । चुपचाप आफ्नी मालिक्नीको केश आठ कार्षापणमा बेचिन् । धनी तर ईर्ष्यालु युवतीले आफ्नो मोलमा केश किन्न सफल भइन् ।

Downloaded from http://dhamma.digital

ती आठ कार्षापणले निर्धन कन्याले भिक्षुहरूलाई भोजन बनाइन् । धाईले त्यो भोजन भिक्षुहरूको भिक्षा पात्रमा राखिदिइन् ।

भोजन निमन्त्रण गर्ने युवती आफैले भोजन दान दिन नआएको देखेर महाकात्यायनको मनमा चिसो पसेछ । धाईसँग सोधिन्, "श्रद्धावान उपासिका कहाँ गइन् ?"

धाईले केही बोल्न सकिनन् । आफ्नो आँखामा रसाएर आएका आँसु लुकाउन उनले मुण्टो फर्काइन् । महाकात्यायन बुद्धिमान् थिए । विद्वान थिए । उनले अघिदेखि प्रत्येक घटना ध्यानपूर्वक हेरिराखेका थिए । कुरो उनले बुझिसकेका थिए ।

"आर्ये ! उनलाई बोलाएर ल्याऊ ।"

"भन्ते । उनी भित्र छिन् । काम गर्दै छिन् ।"

"आर्ये ! उनलाई यहाँ डाकेर ल्याऊ ।"

केशहीन कन्या बाहिर निस्किन् । उनी लज्जित थिइन् । केशरहित शरीरमा आकर्षण कम भैसकेको थियो । उनी विचित्र देखिन्थिन् । सुन्दरता गायव भैसकेको थियो । आँखामा लज्जाका चिन्ह स्पष्ट थिए ।

कात्यायनले उनको अपूर्व त्यागलाई देखे । उनी स्वयं चकित थिए । त्यस्ता श्रद्धावान दयालु पनि संसारमा हुन सक्छन् भन्ने कुरा उनलाई प्रत्यक्ष भयो । उनी प्रभावित भए । श्रद्धाको दुर्लभ नमुना थियो । ती महान् स्त्रीलाई महाकात्यायन स्वयंले वन्दना गरे ।

तीन दिन पछि ।

केशहीन युवती तीन दिनसम्म बाहिर निस्किनन् । लज्जाले उनी कसैको सामु आउन चाहँदैनथिन् । तर केश किन्ने इर्ष्यालु कन्याले आफूले केश किनेको कुरा सबैलाई भन्दै हिंड्न थालिन् । फलत: तेलप्पनाली नगरका बासिन्दाहरूले ती निर्धन केटी केशहीन भएछिन् भन्ने चाल पाए । उनको अति सुन्दर र आकर्षक केश अब छैनन् भन्ने उनीहरूले थाहा पाए । कोहीले घटनाको वास्ता गरेन । कोहीले ती युवती मुर्ख हुन् भनी धिक्कारे । कोही केश रहित निर्धन युवती हेर्न इच्छुक भए । कोही उनलाई जिस्काउनमा लागे । कोही उनलाई गिज्याउनमा लागे । कसैले पनि उनको श्रद्धालु हृदयको सराहना गरेनन् । कसैले पनि उनको स्वच्छ मन चिनेनन् ।

अकस्मात् नगरमा एक सुसज्जित रथ देखा परे । दुई घोडेसवार सैनिकहरू रथका अघि अघि थिए । तिनीहरूले केही जानकारीको लागि यता उता सोध्दै थिए ।

नगरमा सबै उत्सुक भए । को हुन् ? किन आएका हुन् ? कसलाई खोजेका हुन् ? सबैलाई खुल्दुलि लागेको थियो ।

Downloaded from http://dhamma.digital

एक क्षण पछि सैनिकहरू र रथ ती निर्धन कन्याको घर अगाडि रोके। सबै उत्सुक भए। सैनिकहरू घरभित्र पसे। एकैछिन पछि ती केशहीन कन्यासँग उनीहरू बाहिर निस्के। धाई पछि पछि थिइन्। केशहीन कन्या रथमा बसिन्। सैनिकहरू घोडामा सवार भए। र तिनीहरू लागे उज्जैनको दिशातर्फ।

नगरका बासिन्दाहरू सबै आश्चर्य थिए। सबै चकित थिए।

उज्जैन राजा प्रद्योतको अगाडि केशहीन कन्यालाई उपस्थित गराइयो। राजाले उनलाई एकपल्ट तलदेखि माथिसम्म नियालेर हेरे। कन्या लाजले भुटुक्कै भइन्।

"युवती ! तिमी महान् छौ। तिमी गुणवती हौ।", राजाले भने।

युवती शर्माइन्।

"तिमी सुन्दर छौ। तिमी सुशील छौ।", राजाले भने।

युवती झन शर्माइन्।

"म तिमीलाई आफ्नो रानी बनाउन चाहन्छु। तिमीलाई म अग्रमहारानी बनाइराख्नेछु।", राजाले प्रस्ताव राखे।

आफ्नो कानलाई विश्वासै गर्न सकिनन् ती केशहीन कन्याले। उनलाई लागिन् मानो उनी सपनामा छिन्। सारा संसारको सुख आफ्नो झोलीमा आएको उनलाई अनुभव भयो। विस्तारै अगाडि बढी राजाको पैरमा आफ्नो केशहीन शिर राख्न पुगिन्। उनलाई पत्यार भयो उत्तम कामको उत्तम फल प्राप्त हुन्छ, र यही जन्ममा हुन्छ भनेर।

"रानी ! मैले कात्यायनलाई राजगृहमा बुद्धलाई निमन्त्रण गर्न पठाएको थिएँ। उनी त्यहाँ भिक्षु बने। उनी भिक्षु बनेर फर्की उज्जैनको कांचन वनमा बस्नु भयो। त्यहाँको मालीबाट मैले उहाँको आगमनको खबर पाएँ। म आफै त्यहाँ गएर उहाँको दर्शन गर्न गएँ। त्यहाँ थाहा पाएँ कि बुद्ध स्वयं त आउनु भएको छैन, तर बुद्धले आफ्नो धर्म महाकात्यायनको माध्यमबाट पठाउनु भएको रहेछ। त्यति नै बेला मैले महाकात्यायनको मुखबाट तिम्रो अपूर्व त्यागको कुरो सुनें। म तिमी प्रति आशक्त भएँ।" राजाले सुनाए "अब म पनि बुद्धको उपासक भैसकें। म भिक्षुसंघलाई सत्कार गर्छु। तिमीले पनि उहाँहरूको देखभाल गर्नेमा मलाई सहयोग दिनु।"

र यसरी महाकात्यायनको कारणले एक दरिद्र स्त्री उज्जैनको रानी बन्न पुगिन्। सुन्दर कर्मको सुन्दर परिणाम निस्क्यो।[१]

———O———

(१) ती केश बेची भोजन गराउने आइमाईले भविष्यमा गोपाल कुमार भन्ने छोरो पाएकी थिइन्। त्यसैले उनी गोपालमाता नामले प्रख्यात भइन्। गोपालमाताले महाकात्यायनको लागि उज्जैनको कांचनवनमा एक विहारको निर्माण गरिदिएकी थिइन्।

Downloaded from http://dhamma.digital

# ४४

निष्ठुरी जाडोको मौसमले काँचुलि फेरेपछि वसन्तको आगमन भयो। पात झरेर नांगो भएका रूखहरूमा पुन: हरिया पात पलाउन थाले। मुर्झाएर गएका बिरूवाहरूमा नयाँ ज्यान फुकिए। बसन्त ऋतुको निमन्त्रणमा सुन्दर फूलका कोपिलाहरू वोट विरूवामा देखिन थालियो। चारैतिर हरियाली देखिन थालियो। जात जातका रंगीचंगी फूलहरूले वातावरण रमणीय बनाइदिएको थियो। तिनका सुगन्धले वायु मण्डल मग मग थियो। वनस्पति जगतमा मानो नवजीवन आएको सरह भयो वसन्तको शुरुवातले हिउँदको कारण लोप भएका जीवहरू नयाँ मौसम आउनसाथ नाची नाची पुन: निस्कन थाले। दिन त्यति छोटो थिएन, न त रात धेरै लामो। प्रचण्ड गर्मीको शुरुवात भएको थिएन, निष्ठुरी जाडो गइसकेको थियो। प्रकृति मानो हिउँदरूपि वार्षिक निन्द्राबाट भर्खरै ब्युँझेको थियो।

प्रकृति प्रेमी बुद्धको लागि मनोहर मौसम थियो।

वेणुवन सुन्दर थियो। मोहक थियो। वसन्तको लालीले मनोहर बनाइदिएको थियो। कोपिला र फूलहरू चारैतिर प्रशस्त थिए। आँपका बोटहरू सुगन्धित भइसकेका थिए। निबुका फूलका बास्नाले वातावरण सुगन्धित थिए। तथागतले निहारेर हेरिराखेका थिए ती सुन्दर पुष्पहरूलाई, नाची नाची डुलिराखेका पुतलीहरूलाई, हरिया वोटहरूलाई, ठट्टा गरिरहेका लोखर्केहरूलाई, सिरसिर हावामा हल्लिरहेका पातहरूलाई। मानो उनले आफूलाई प्रकृतिको त्यो सुन्दरता भित्र लीन गरेझैं।

"भन्ते!" कसैले निवेदन गरे।

बुद्धले बिस्तारै फर्केर हेरे। भिक्षु कालुदायी थिए। उदायीले तथागतलाई वन्दना गरे। अभिवादन गरे। मनोहर वातावरण माथि दृष्टि राख्दै भने, "वातावरण अति सुन्दर छ। रूखहरू पुन: जागृत भएका छन्। बोटहरू पुन: युवा भएका छन्। श्रावकहरूको भ्रमणको लागि उत्तम समय हो।"

तथागतले उदायीको उद्‌गारको मनसाय बुझे। उनीतिर हेरे।

उदायीले पुन: थपे, "विरूवाहरू प्रफुल्लित छन्। मनोरम छ। दिशाहरू रमणीय छन्। बाली काटिसकिएकोले मार्गहरू सफा हुन्छन्। हरिया घाँसले भरिएका हुन्छन्। वनहरू सुन्दर हुन्छन्। मार्गमा कुनै प्रकारको कष्टको सम्भावना छैनन्। यात्राको लागि उपयुक्त समय हो।"

Downloaded from http://dhamma.digital

वक्ताका अभिप्राय बुद्धले बुझेका थिए। उनी मौन थिए। उदायीले पुनः वर्णन गरे, "शीतकाल समाप्त भैसकेको छ। ग्रीष्म ऋतुको आगमन भएको छैन। बसन्त ऋतु छ। वर्षाको अभाव छ। ऋतु सुखदायी छ। लामो यात्राको अनुकुल छ। वसन्त ऋतु भ्रमणको लागि उत्तम मानिन्छ। अन्नपूर्ण छ। कृषकहरूका घर पूर्ण छन्। मार्गमा भिक्षाको अभाव हुँदैन। कपिलवस्तु गमनको लागि सर्वथा उपयुक्त समय छ। पश्चिमाभिमुख हुनुस्। शाक्य र कोलियहरूले तथागतको दर्शन पाओस्।"

तथागतले स्वच्छ र निर्मल आकाशमाथि हेरे। भिक्षु भएको एक हप्ता जति पछि बल्ल उचित अवसर पाएको थियो। त्यसैले उदायीले पुनः उत्साहित पार्न खोजे, "तथागत ! किसान कुनै आशाले हल चलाउँछन्। कुनै आशाले बीज छर्छन्। व्यापारी कुनै आशाले समुद्रपार गर्छन्। म पनि कुनै आशाले यहाँ आएको हुँ।"

तथागतले आकाशमा उडिरहेका पंछीहरूलाई हेर्न थाले। उदायीले पुनः थपे, "भन्ते ! किसान बारबार खेत जोत्छन्। इन्द्र बारबार वर्षा गर्छन्। देशलाई बारबार अन्न सुलभ हुन्छन्। याचक बारबार भिक्षाटन गर्छन्। दानी बारबार भिक्षा दिन्छन्।"

तथागत मनोहर वातावरणतिर हेर्दै थिए। उदायीले पुनः थपे, "मार्गमा धूलो छैन। घाँसले स्वच्छ बनाइदिएको छ। भ्रमणको लागि आदर्श समय छ।"

"उदायी !" तथागतले सोधे, "मधुर स्वरमा यात्राको प्रशंसा गर्नुमा के उद्देश्य छ ?

"भन्ते ! हजूरको पिता राजा शुद्धोदनको इच्छा छ। उहाँ बुद्धको दर्शन चाहनु हुन्छ। छोरो प्रति पिताको स्नेह स्वाभाविक हो। बुद्धको दर्शनको लागि राजा शुद्धोदन त्यति नै उत्सुक छ जति कमलको फूल सुर्योदयको लागि।

"उहाँको उमेर पनि ढल्किसकेको छ। तथागत ! त्यसैले उहाँ आफ्नो मरण अगावै शास्ताको दर्शन गर्ने इच्छा गर्दै हुनुहुन्छ।"

शास्ताले टाढाको क्षितिजलाई हेरे। आकाश र पृथ्वीको मिलन भइरहेको थियो।

"भन्ते ! ज्ञातिहरूलाई पनि लाभ हुनु पर्दछ। नौलो धर्मको प्रकाश पाउने अधिकार उनीहरूको पनि छ।", उदायीले भने।

"उदायी !" शान्त स्वरमा तथागतले भने, " ज्ञातिहरूलाई पनि लाभ हुनेछ। समय आइपुग्यो। भिक्षु संघलाई यात्राको लागि तैयार हुनु भन्नू।"

उदायी प्रसन्न भए। कपिलवस्तुबाट बुद्धलाई निमन्त्रण गर्न आउने कालुदायी बुद्धसँग भ्रमणको लागि प्रार्थना गर्ने उचित अवसरको प्रतिक्षामा थिए। बाल्यकालमा उनी

Downloaded from http://dhamma.digital

गौतमका घनिष्ठ मित्र थिए। गौतमको प्रकृति प्रेम उनलाई थाहा थियो। मनोहर मौसमको शुरुवातलाई उपयुक्त अवसर ठानेर बुद्धलाई विनम्र अनुरोध गर्न आएका थिए।

फाल्गुन पूर्णिमाको दिन !

बुद्ध राजगृहमा बसेको दुई महिना पुरा भइसकेको थियो। भिक्षु संघ ठूलो भैसकेको थियो। अब त्यसमा अर्हत्‌हरू थिए, मगधका कुलपुत्रहरू थिए, कपिलवस्तु निवासीहरू थिए। भिक्षु संघ सहित फाल्गुन पुर्णिमाको दिन बुद्धको पाइला रवाना भए कपिलवस्तुतिर। कपिलवस्तु राजगृहबाट ६० योजन टाढा थियो। दिनको एक योजन पार गर्दै शास्ता सहितको संघ मन्द मन्द गतिले उत्तरतिर बढ्दै थिए। मनोहर प्रकृतिको आनन्द लिंदै विशाल भिक्षु संघ बुद्धको पितृराज्यतिर बढ्दै थिए। बाटामा परेका गाउँ, नगर, आश्रमका सबैलाई प्रभावित पार्दै उनीहरू अगाडि बढ्दै थिए।

भिक्षु कालुदायी भिक्षु संघ भन्दा अगाडि नै गई कपिलवस्तु पुगे। कपिलवस्तुमा बुद्धको स्वागतको तैयारी गर्ने जिम्मेवारी उनले स्वमहसुस गरेका थिए। बुद्धको कपिलवस्तु आगमनको समाचार सुनाउन उनी शुद्धोदनको महलमा पुगे।

"भन्ते कालुदायी ! तपाईको स्वरूप कान्त छ। इन्द्रिय निर्मल छन्। तपाईंको नयाँ रूपलाई चिन्न मलाई कठीन भयो।" कालुदायीलाई वन्दना गरी शुद्धोदनले भने।

"म बुद्धको अनुयायी बनें। भिक्षु बनें।" कालुदायीले भने।

"तपाईंको अनुहारले भन्छ कि तपाईं आफ्नो अभियानमा सफल हुनु भएको छ।" जिज्ञाशापूर्ण भई शुद्धोदनले भने।

"तथागतको आगमन कपिलवस्तुमा हुँदैछ।" कालुदायीले घोषणा गरे।

सारा परिषद सुख अनुभूतिले विभोर भए। अत्याधिक हर्षको कारणले शुद्धोदनको मुख रातो भयो।

"धन्य कालुदायी। तपाई महान् हुनुहुन्छ। म बूढोको ठूलो इच्छा पूर्ति गर्नु भयो तपाईंले। तथागत अहिले कहाँ पुग्नु भयो ?", शुद्धोदन उत्सुक भए।

"केही दिनको बाटो बाँकि होला। सायद बैशाख पूर्णिमाको दिन उहाँहरू कपिलवस्तु पुग्नेछन्।" कालुदायीले भने।

"बेस छ, भन्ते। त्यसो भए म बुद्ध र उहाँका संघलाई प्रत्येक दिन यहाँबाट भोजनको व्यवस्था गरी पठाउने छु ताकि उहाँहरूलाई बाटोमा भोजनको कष्ट व्यहोर्न नपरोस्। तपाईं पनि भन्ते, त्यतिबेलासम्म, यहि नै पाल्नुस् भोजनको लागि।" शुद्धोदनले भने।

Downloaded from http://dhamma.digital

"राजन ! बुद्ध गृहत्यागी हुनुहुन्छ । विशाल संघ सहित हुनुहुन्छ । शान्तिप्रेमी हुनुहुन्छ । उहाँलाई विहार गर्न, आराम गर्न कुनै एक उपयुक्त स्थान रोज्नु आवश्यक छ ।", उदायीले भने ।

"ठीक छ । साथीहरू ! एक यस्तो स्थान तथागतको लागि रोजौं जुन शान्त छ, विशाल छ, सुन्दर छ, मनोरम छ । नगरबाट धेरै टाढा नभएको, नगरको कोलाहलमा नरहेको यस्तो एक स्थान कपिलवस्तुमा कुन छ ?" शुद्धोदनले प्रश्न गरे ।

एक मन्त्रीले उत्साहित भई भने, "महाराज ! निग्रोध शाक्यको उद्यान शान्त छ, विशाल छ, सुन्दर छ, मनोरम छ । न नगरबाट धेरै टाढा छ , न नगरको कोलाहलमा स्थित छ ।"

उत्तिनैखेर शुद्धोदनको हुकुम भयो, "बेश भन्यौ । निग्रोध आराम नै उपयुक्त छ । तपाई त्यहाँ गएर सरसंफाई गराई चाहिंदो सजावत गर्न जानुस् ।"

"सुभूति !" शुद्धोदनले अर्को मन्त्रीलाई सम्बोधन गरे ।

"राजन !"

"तपाईंको जिम्मा तथागतलाई कपिलवस्तु नआइपुगेसम्म बाटोको लागि भोजनको वन्दोवस्त गर्ने भयो ।"

मन्त्रीले आज्ञा शिरोपर गरी लिए ।

"नालकपुत्र !', पुनः राजाको सम्बोधन भयो ।

अर्को मन्त्री सतर्क भए ।

"तपाई गएर सारा कपिलवस्तुका वासिन्दालाई तथागतको स्वागत गर्न तैयार गर्नुस् ।"

मन्त्रीले आज्ञा शिरोपर गरी लिए ।

अद्‌भूत तैयारी हुँदै थियो कपिलवस्तुमा बुद्धको स्वागतको तैयारी गर्नमा ।

बैशाख पूर्णिमाको दिन । बुद्धत्वलाभ पछिको प्रथम बैशाख पूर्णिमाको दिन । शान्त, निर्मल र अनुशासित विशाल भिक्षुसंघ सहित बुद्धको चरणले आफ्नो मातृभूमि कपिलवस्तुको माटोमा स्पर्श गरे । सम्यक सम्बुद्धको आगमन भयो आफ्नो मातृभूमि, त्यो मातृभूमिमा जुन कि उहाँले आठ बर्ष अगाडि त्याग गरेर गएका थिए । त्यहाँ उनका पिता थिए, आमा थिइन्, पत्नी थिइन्, र पुत्र थिए । परिवार थियो । दरबार थियो । सम्पत्ति थिए । कपिलवस्तुमा उनी हुर्केका थिए । कपिलवस्तुमा उनी खेलेका थिए ।

Downloaded from http://dhamma.digital

कपिलवस्तुमा उनी जवान भएका थिए। त्यो कपिलवस्तुलाई आठ वर्ष अगाडि असार पूर्णिमाको दिन मानव समाजको लागि त्याग गरेर गएका थिए गौतमले। आठ वर्ष पछि पुनः आफ्नो मातृभूमिको माटोमा पाइला टेक्दै थिए गौतमले।

कपिलवस्तु धन्य थियो। कपिलवस्तुवासी धन्य भयो। विश्वलाई सम्यक सम्बुद्ध उपहार दिने कपिलवस्तु थियो। महान तथागत बुद्धले प्रवेश गरेकाले कपिलवस्तु धन्य भयो। कपिलवस्तुका शाक्यहरू गौरवान्वित थिए। सम्यक सम्बुद्ध उनीहरूका नाता पर्दथे। कविलवस्तुका शाक्यहरूको मध्येबाट बुद्धको प्रादुर्भाव भएको थियो। त्यसै पनि अभिमानी शाक्यहरू झन बढी अभिमानीत भए। आफूलाई सर्वश्रेष्ठ जातिका ठान्ने शाक्यहरू झन बढी गौरवान्वित भए।

कपिलवस्तुमा बुद्धको प्रवेश भयो।

कपिलवस्तुका शाक्यहरूले बुद्धको लागि निग्रोध राजकुमारको उद्यान निग्रोध आराम सुसज्जित गरी तैयार पारिराखेका थिए। सुरूचिपूर्ण ढंगले निग्रोधारामको सजावट गरिएको थियो। कपिलवस्तुका सबै जसो शाक्यहरू बुद्धको स्वागत गर्न त्यहाँ उपस्थित थिए। आफ्नो परिवार र वैभवता त्यागी मानवताको लागि नौलो सन्देश खोजी ल्याउने कपिलवस्तुवासीलाई दर्शन गर्न सबै लालायित थिए। आफ्नो जातिको सर्वश्रेष्ठ पुरूषको मुख हेर्ने इच्छाले शाक्यहरू उपस्थित भएका थिए।

बुद्ध र उनका भिक्षुसंघलाई पुष्प, गन्ध र धूप लिई सबै अलंकारद्वारा सुसज्जित बालक बालिकाहरूले सर्वप्रथम स्वागत गरे। त्यसपछि कपिलवस्तुका युवा र युवतीहरू अगाडि बढे आगन्तुकहरूलाई पुष्प, गन्ध धूपद्वारा पूजा गर्न। अति उल्लासित वातावरण थियो।

बुद्धको लागि बनाइएको आशनमा उहाँ बस्नु भयो। उहाँको पछाडि भिक्षुहरूले आसन ग्रहण गरे।

स्वाभिमानी शाक्यहरूले बुद्धलाई स्वागत गरे। सत्कार गरे। तर वन्दना गरेनन्। आफूभन्दा कान्छो बुद्धलाई झुकेर प्रणाम गर्ने संस्कार ती अभिमानी शाक्यहरूमा थिएन। उनीहरू गर्वित थिए कि बुद्ध उनका भाइ हुन्, भान्जा हुन्, पुत्र हुन्, मित्र हुन्। गर्वको पर्दाले श्रद्धाको लहरलाई ढाकेको थियो। आफ्ना साना साना शाक्य् कुमारलाई मात्र अगाडि बढाई बुद्धको वन्दना गर्न लगाए। बुद्धको गुण मानो ती अभिमानी शाक्यहरूको अभिमानको अगाडि गौण भइदियो।

अचानक बुद्धले आफ्ना नेत्र उघारी कपिलवस्तुवासीहरूतिर हेरे। बुद्धका ती ठूला ठूला अर्धखुलित नयनहरूमा मानो सारा संसारको विद्या समाएको छ। मानो

Downloaded from http://dhamma.digital

सारा विश्वको करुणा ती आँखाभित्र छल्किरहेका छन् । मानो अथाह शान्तिको वासस्थान ती आँखा हुन् ।

सबै सम्मोहित भए । अभिमान श्रद्धामा परिणत भयो । दम्भ चूर भए । गर्वले फुलेका छाति निहुरिए । घमण्ड आदरमा परिणत भयो ।

वन्दना गरे राजा शुद्धोदनले । सर्वप्रथम उनी अगाडि बढे बुद्धको वन्दना गर्न ।

पिताले पुत्रको वन्दना गरेको थियो ।

शुद्धोदनले गौतमलाई गरेको त्यो तेस्रो वन्दना थियो । पहिलो वन्दना गौतम नवजात शिशु छँदा नै काल देवल ऋषिले वन्दना गर्दा उनले पनि गरेका थिए ।[1] दोस्रो वन्दना बालक गौतम जामुन वृक्षको मुनि ध्यानमग्न हुँदा गरेका थिए ।[2] यसरी राजा शुद्धोदनले आफ्नो पुत्रलाई जिन्दगीमा तीनपल्ट वन्दना गरे ।

आफ्नो राजाले आफ्नै पुत्रको प्रणाम गरिसकेपछि एक एक गरी सबै शाक्यहरू अगाडि बढे बुद्धको वन्दना गर्न ।

त्यसपछि धेरै बेर सम्म आफ्ना मातृभूमिका बासिन्दाहरूलाई बुद्धले नौलो धर्मको प्रकाश पार्नु भयो ।

धर्म उपदेश सकियो । सांन्ध्यकाल बित्न लागि सकेको थियो । राजा, प्रजा सबैले बुद्धको प्रणाम गरी घर फर्के । संयोगको कुरो ! कसैले पनि बुद्धलाई भोलि हामीकहाँ आउनुस् भनेर निमन्त्रण गरेनन् । त्यतिका दिनसम्म मार्गमा समेत भोजनको व्यवस्था गरिआएका कपिलवस्तुवासिहरूले कपिलवस्तु पुगिसकेपछिको बुद्धलाई भोजनको व्यवस्था गर्न बिर्सेछन् । बिना निमन्त्रण भोजनको लागि कसैको घरमा भिक्षुहरू पस्दैनन् भन्ने कुरोको ख्यालै भएन उनीहरूलाई । न राजाले, न मन्त्रीहरूले, न कोही अरुले नै बुद्धलाई 'भगवान् ! भोलिको भिक्षा हामीकहाँ ग्रहण गर्नुस् भने । आफ्नै मातृभूमिमा प्रथम प्रवेशको दिनमा बुद्धलाई कसैले पनि भोजनको निम्तो गरेनन् !

अर्को दिन ।

विहान भिक्षाटनको समय आइपुग्यो । कपिलवस्तुमा कसैले भिक्षु संघलाई, र बुद्धलाई, भिक्षाको लागि निमन्त्रण गरेको थिएन । आफ्नै मातृभूमिमा भिक्षाटनको लागि निस्कनु परेको थियो । त्यो भूमिमा जहाँ उनका समृद्धशाली पिता छन्, माता छन्, पत्नी छन्, परिवार छन् । त्यो भूमिमा जहाँ उनका दाजुभाइ छन्, नाता कुतुम्ब

---

१. हेर्नुस् घटना क्रम २

२. हेर्नुस् घटना क्रम ७

Downloaded from http://dhamma.digital

छुन्, मित्रबन्धुहरू छन् । के कुनै परिचित घरमा गएर भिक्षाटन गर्ने ? के सिर्फ ठूला बडाहरूको घरमा मात्रै भिक्षा जाने ? के एकनाशसाथ सबै घरमा भिक्षाटन गर्ने ? एक क्षण बुद्धले द्वारको बाहिर रहेका खम्बामा उभिएर सोच्नु भयो । बुद्ध ओर्लनु भयो । निश्चय गरे कि बुद्धले एकनाशकासाथ सबै घरमा भिक्षाटन गर्नु नै उपयुक्त छ ।

आकाशमा चढ्दै गएको सूर्यसँगै बुद्धको भिक्षाटन शुरुभयो । भिक्षु संघको परंपरा निभाउँदै बुद्ध निस्के निग्रोधारामबाट भिक्षाटनको लागि आफ्ना विशाल भिक्षु संघका साथ । बाटोको एक छेऊ लागि मन्द मन्द पाइला चाली हातमा भिक्षा पात्र लिई अचंचल दृष्टि राखी अगाडि बढिरहेका थिए पहेंला चीवर धारी भिक्षुकहरू । अगुवा थिए शान्त, निर्मल, नियन्त्रित बुद्ध । पछाडि थिए शान्त, अनुशासित, क्रमबद्ध, सुन्दर भिक्षुसंघ । धनी गरिब, ठूला बडा, उच्च नीचको भेदभाव नराखी सबैको घर दैलोको मुनिबाट अगाडि बढ्दै थिए भिक्षाटन गर्दै आएका बुद्ध र भिक्षु संघ ।

“अरे । सुन्यौ !?”

“ के हैं ?”

“ए सुन ।”

“के हो ?”

“सिद्धार्थ कुमार भिक्षा माग्दै छन् ।”

“भिक्षा !?”

“हो !”

नगरमा एक परालमा आगो सल्केझैं चारैतिर सिद्धार्थ कुमार भिक्षाटनको लागि आएको खबर फैलियो । सारा नगर राजकुमारको भिक्षुक रूप हेर्न दौडे । आफ्नो प्रिय कुमारलाई भिक्षा मागेको देखेर चकित भए । राजकुमारको हातमा भिक्षापात्र देखेर कतिका आँखा रसाए । शाक्यपुत्रले भिक्षा माग्न दैलो दैलो चहार्दै गरेको देखेर कोही कोही अभिमानी शाक्यहरूलाई ग्लानी भयो ।

राजपथका दैलोमा, आंगनमा, कौशीमा, छानामा कपिलवस्तुका आइमाइहरूले भरिए । जो जस्तो अवस्था थिए, त्यस्तै दौडेर आए । जसले जे गरिराखेका थिए त्यो छाडेर आए । कोही केश श्रृंगार गर्दै थिइन् । श्रृंगार आधि बाकि राखी लम्किन् । कोही आँखामा कागज लगाउँदै थिइन् । एकै आँखा कागज लाउन भ्याइन् । कोही कपालको जुडा बनाउँदै थिइन् । जुडा खुलै राखेर दौडिन् । कोही केशमा पुष्प सजाउँदै थिइन् । पुष्प केशमा आधि नै फँसाई निस्किन् । कोही वस्त्र लगाउँदै थिइन् । अस्तव्यस्त हुने गरी हतारिन् ।

Downloaded from http://dhamma.digital

कसैको एउटै हातमा भुजबन्द थिए। कसैको दुइटैमा थिए। कसैले एउटै कंगन लगाउन भ्याएकी थिइन्। कसैले लाउनै भ्याइनन्। कसैको कण्ठमा कण्ठमालाको डोरी पूरा खोलेकै थिइन्। कपिलवस्तुका ती युवतीहरूले देखे अति सुन्दर आकर्षक राजकुमार- आज भिक्षुकको भेषमा। चीवर धारण गरेका साधारण भिखारी। दैलो दैलो भिक्षाको लागि चहारिरहेका।

भीडबाट लापरवाह, दर्शकबाट अप्रभावित, हलचलबाट बेमतलब बुद्ध भिक्षाटन गर्दै विस्तारै अगाडि बढ्दै थिए। जुन बाटोबाट उनीहरू भिक्षाटन गर्दै जाँदैछन् त्यो बाटो अगाडि गएर शुद्धोदनको दरबारमा टुंगिन्छ भन्नेसँग उनको मतलब थिएन।

राजा शुद्धोदनको दरबारको खोपिमा आफ्ना संगिनीहरूसँग बसेकी थिइन् यशोधरा। सिद्धार्थकुमारकी पत्नी यशोधरा। आफ्नो पूर्व पतिको कपिलवस्तुमा आगमन भएको सुनेर उनी अति हर्षित भएकी थिइन्। आफ्नो पूर्व पतिले आखिर बुद्धत्व लाभ गरेरै छाडेको थाहा पाई उनी औधि खुसी थिइन्। उनी सिद्धार्थको दु:खमा आफ्नो दु:ख देख्ने धर्मपत्नी थिइन्। सिद्धार्थले बुद्धत्वलाभ गर्न गृहत्याग गरेर गएदेखि नै आफू पनि एक किसिमले दरबारमै प्रव्रजित सरह बसिराखेकी थिइन्। सिद्धार्थ सम्बन्धि जस्तो खबर आइपुग्थ्यो त्यस्तै सरल जीवन उनी जिइरहेकी थिइन्। आदर्श पत्नी थिइन्। आदर्श नारी थिइन्। आदर्श आमा थिइन्। उनी आफैलाई मात्र थाहा थियो कि उनी सिद्धार्थलाई कति आदर गर्थिन्। मानव जातिको लागि सिद्धार्थको महान त्याग भित्र लुकेको थियो यशोधराको खामोश त्याग। सिद्धार्थको कठीन तपस्याको पछाडि लुकेको थियो यशोधराको दुश्कर जीवन। सिद्धार्थको महान परिश्रमको नेपथ्यमा छिपेको थियो यशोधराको महान् बलिदान। उनले एक शब्द गुनासोको कहिल्यै निकालेनन्। उनले एक पनि अरूचिकार्य कहिल्यै गरिनन्। नेपथ्यमा वसी सिद्धार्थ सरह चुपचाप जीवन जिइराखेकी थिइन् यशोधरा।

आज उनी औधी प्रसन्न थिइन्। उनको पूर्व पतिको सपना साकार भएको थियो, र उनको पनि। उनको पूर्व पतिको तपस्या सफल भएको थियो, र उनको पनि। उनको पूर्व पतिको कठीन परिश्रमले रंग देखाएको थियो, र उनको पनि। उनको पूर्व पति हिजो कपिलवस्तु आइपुगेका थिए। आज आफ्नो पूर्व पतिको दर्शन पाउने थियो।

"आर्या! सुन्यौ तिमीले ?" कोही आई यशोधरालाई भन्न आइन्। यशोधराले प्रश्न वाचक दृष्टिले हेरिन्।

"सिद्धार्थ कुमार दैलो दैलोमा गई भिक्षा माग्दैछन्!"

"जुन कुमार पहिले सुनको पालकीमा बसेर घुम्ने गर्थे, उनी आज चीवर धारण गरी नांगो खुट्टाले भिक्षापात्र बोकी चहार्दै छन्!"

Downloaded from http://dhamma.digital

"शाक्यपुत्रलाई शोभा दिने कुरो हो यो ?"

"राहुल माता यशोधरा विकल भइन् । हतनपत झ्याल खोलेर हेरिन् । परम वैर ाग्य बुद्ध र उनका भिक्षुसंघबाट नगरका सडक सुसज्जित थियो । उनका प्रिय पति, ती पति जो अलंकृत घोडाले तान्ने सुवर्ण रथमा स्वर्ण रत्न आभूषणले युक्त भई त्यसै सडकमा घुम्ने गर्दथे - आज नांगो खुट्टो थिए । पैदल हिंडिरहेका थिए । कपिलवस्तुका राजपुत्र चीवरधारी थिए । माटोको पात्र धारण गरेका थिए । जसले अनगिन्ति भिक्षुकहरूलाई भिक्षा दिएका थिए, आज उनी स्वयं एक भिक्षुक थिए । भिक्षा माग्दै थिए । अनायाश यशोधराका आँखा आँसुले भरिए । तथागतलाई चीवर वस्त्रमा थिए । भिक्षा मागिराखेको देखेर उनी स्तब्ध भइन् । उनलाई चोट लाग्यो- भित्री हृदयमा ।

"कति तेजश्वी छ ! कति प्रभावशाली छ !!", एक सहेलीले भनिन् ।

"अनुपम छ ! शोभाय् मान छ !!", अर्कोले भनिन् ।

"क्या राम्रो कालो, चिल्लो, घुंघरिलो केश ! सूर्य जस्तो निधार छ । सुन्दर, लामो, कोमल नाक छ ।", अर्कोले भनिन् ।

"नरहरूमा सिंह सरह- नरसिंह सरह- सबैलाई प्रभावित गर्दैछ ।", अर्कोले भनिन् ।

"तर, आहा ! भिक्षा माग्दैछन् !", अर्कोले थपिन् ।

"शाक्यपुत्र, नांगो खुट्टा हिंड्दै छन् ।", अर्कोले थपिन् ।

"हातमा माटोको पात्र लिई भिक्षा निमित्त बढ्दैछन् ।", अर्कोले थपिन् ।

ध्याम्म झ्याल थुनिन् राहुल माताले । झ्यालका खापा पीठ लगाई उभिराखिन् । मुख माथि उचालिन् । दुबै हातले पीठ पछाडिका खापाहरू जोडले थिचिन् । माथिल्लो ओंठ दाँतमा दबाइन् । पछ्यौराको एक छेउले आँखाबाट चुहिएका आँशु पुछ्दै उनी दौडिन् आफ्नो ससुराकहाँ ।

"सुन्नुस् ! तपाईंको छोरोले भिक्षाचार गर्दैछन् !", अति करुण स्वरमा स्वाँ स्वाँ गर्दै राहुल माताले भनिन् । उनको आवाज वेदनाले भरिएको थियो । अचानक सुंक सुंक गर्न थालिन् ।

शुद्धोदन तर्से । उठे । हतारमा उठ्दा धोति खुल्यो । एक हातले धोति समाउँदै उनी लम्के बाहिर तिर ।

धेरै बेरपछि राहुल माताले आफूलाई सम्हालिन् । आफ्नो ससुरा आफै गई छोरो लिन गएकोले धेरै हद्दसम्म मनमा शान्ति भयो । मनमा विस्तारै हर्षित पक्षको उदय भयो । आफ्नो पूर्व पतिको दर्शन गर्न पाइने भयो । आठ वर्षको वियोग पछि

Downloaded from http://dhamma.digital

पतिको अनुहार देखिने भयो । सिद्धार्थले गरेको त्याग, तपस्या र बलिदानको पछाडि यशोधराले पनि अदृष्य त्याग, तपस्या र बलिदान गरेकी थिइन् । आफ्नो लोग्नेलाई आदर गर्दै उनी जस्तै साधारण वस्त्र धारी, एक छाक भोजन लिने, साधारण स्थानमा सुत्ने उनी थिइन् । पत्नीलाई केही नबोली चुपचाप राती हिंड्ने पति प्रति एक थोपा पनि द्वेष नराख्ने धैर्यधारी पत्नी यशोधरा थिइन् । यशोधराको मनमा आयो- 'के गौतमले मेरो त्याग, तपस्या, बलिदानको कदर गर्लान् ? के उनले नेपथ्य भित्रको मेरो भूमिका महसुस गर्लान् ? के उनले मेरो हृदयको वेदनालाई महसुस गरेका होलान् ? अहिले गौतम आउने छन् । सबै उनको दर्शन गर्न जानेछन् । तर म जान्न ! म आफै उनको दर्शन गर्न जाने छुईन् ! यदी ममा गुण भए, मेरा गुणलाई गौतमले महसुस गरे, मेरो त्याग, तपस्या, बलिदानलाई गौतमले दृष्ट गरे उनी स्वयं मकहाँ आउनेछन् । हेरौं कतिको मानवहृदय बाकि रहेछ गौतममा..........महामानवमा !"

धोति सम्हाल्दै हस्यांग फस्यांग गर्दै दगुरेका राजा शुद्धोदनको पछि पछि भीड लागे । स्वां स्वां फुं फुं गर्दै बाबु छोरोको अगाडि पुगे । छोरोले बाबुलाई आदर दृष्टिले हेरे । बाबुको आँखा पुरै भिजिएका थिए । तर छोरोको आँखा शान्त थिए । स्थिर थिए । निर्मल थिए । ती आँखामा प्रकृतिले मानवीय दुर्बलताको श्रृजना गर्न सकेन । छोरोलाई भेट्न बाबु कुदेर आएका थिए । बाबुलाई देखेर छोरो दौडेनन् । चुपचाप उभिराखे । छोरोमा पिताप्रेमको कुनै प्रतिक्रिया देखिएन ।

बाबु विस्मित भए । अगाडि बढने साहस भएन । दुबै चुपचाप उभिराखेका थिए । पछाडि दौडी आउने भिड स्थिर भयो । कोलाहल शान्त भयो । उत्सुकपूर्ण वातावरण थियो । बाबु छोरा मुखामुख खडा थिए । बाबु राजा थिए, छोरा भिखारी । बाबु उत्तेजित थिए, छोरा शान्त !

बाबुमा पुत्र व्यथा असह्य भयो । पुत्र प्रेमले उत्तेजित पारे । अकस्मात् हात बढाई छोराको हातबाट भिक्षा पात्र छिनेर लिए । भने, "यो के ? आफ्नै राज्यमा भिक्षा ?"

तथागत बाबुको विकलता देखेर पनि निर्विकार थिए । मानवीय दुर्बलताबाट उनी मुक्त थिए । शुद्धोदनले छोरोप्रति हक जनाउँदै भने, "किन भिक्षाटन गर्छौ ? के यति भिक्षुहरू हामीकहाँ भोजन गराउन सक्दिन र ? किन लज्जित गर्छौ हामीलाई..."

व्याकुल भएर बाबुले छोरोको हात समाउन चाहे । तर छोराको गम्भीर अनुहार, भव्य व्यक्तित्व र संयम देखी उनमा साहस आएन । छोरोको हात समाउन बढेको हात मुट्ठी बनाई तल झारे । विवश बाबुको मनोवेदना आँखाका आँसुबनी प्रकट भयो । उनी झुके । के गर्ने ठम्याउन सकेनन् । किंकर्तव्यविमूढ भए ।

"महाराज ! हाम्रो वंशको यही नै परंपरा हो !"

Downloaded from http://dhamma.digital

"के ?! ......भीख माग्नु हाम्रो वंशको धर्म होइन ।", चिच्याए राजा शुद्धोदन,– हामी महासम्मत क्षत्रिय वंशका हौं । हाम्रो वंशमा, हाम्रो कुलमा आजसम्म एकजनाले पनि मागेर खाएको छैन ।"

"महाराज ! यो राजवंश त तपाईको वंश हो । म त बुद्ध हुँ । भिक्षाचार गर्ने मेरो वंशको कर्तव्य हो । परिश्रमी व्यक्ति अल्सी बन्नु ठीक छैन । सुचरित्र भई धर्मको आचरण गर्ने यो लोकमा पनि, परलोकमा पनि सुखपूर्वक सुत्न पाउने छ ।" बुद्धले मधूर आवाजमा भने ।

शुद्धोदन अलि संयमित भए । आफूलाई व्यवस्थित गरे । भने," जाऔं ! दरबारमा जाऔं । त्यहाँ भोजनको व्यवस्था छ । भिक्षुहरू पनि पाल्नुस् !"

तथागतले मौन स्वीकृति दिए । बाबुले मानो छोरो माथि विजय पाए सरह भयो । एक तरहले उनको पितृवत्सलताको विजय भएको थियो । उनका आँखाका आँसु सुक्न थाले । उनी प्रसन्न देखिन थाले । आनन्दित भए । उनीमा उत्साह देखिन थाले । एक हातले छोरोको हात समातेर अर्को हातले भिक्षापात्र बोकेर आफ्ना दरबारतिर मुख फर्काए । आफ्नो पितृ अधिकार प्रति गर्व महसुस भयो । आँखा चम्के । उनी अगाडि बढे मानो आफ्नो छोरो प्रति बाबुको नैसर्गिक अधिकारको प्रदर्शन गरे झैं ।

यसरी शुद्धोदन भिक्षु संघ र बुद्धका साथ आफ्नो दरबारतिर प्रस्थान गरे । नागरिकहरू प्रफुल्लित भए । जयघोषले वातावरण थर्कियो ।

राजदरबारमा तथागतले भोजन गरे । भोजन कार्यक्रम पछि एक एक गरी सबैले आएर बुद्धको वन्दना गर्न आए । गौतमी आइन् । आनन्द आए । राहुल आए । नन्द कुमार आए । नन्दा कुमारी आए । सबै आए । तर यशोधरा आइनन् ।

"महाराज ! यशोधरा देखिन्दैन ।" स्वयं बुद्धले प्रश्न उठाउनु भयो ।

"भन्ते ! उनी आफ्नो खोपीमा छिन् ।", सानो आवाजमा शुद्धोदनले भने ।

"महाराज ! मलाई यशोधराकहाँ लग्नुस् ।" बुद्ध उठे । पात्र राजा शुद्धोदनको हातमा सुम्पे । बुद्धसँगै उठे सारिपुत्र र मौद्गल्यायन । विस्तारै बुद्धले सारिपुत्र र मौद्गल्यायनलाई भने, "भिक्षुहरू ! तिमीहरू शान्त रहनू । यशोधरालाई आफ्नै तरिकाले वन्दना गर्न दिनू । केही नबोल्नू ।"

सारिपुत्र र मौद्गल्यायन मौन रहे ।

बुद्धको प्रवेश यशोधराको खोपीमा भयो । यशोधराको इच्छा पूर्ण भयो । उनलाई लाग्यो मानो उनले आठ वर्षसम्म गौतमको श्रद्धामा गरेका सारा तपस्या सफल भयो । मानो सारा त्याग फलदायी भयो । कसैले-स्वयं महामानव बुद्धले-उनको त्याग र तपस्याको कदर गरेका थिए । उनी विभोर भइन् हर्षले ।

Downloaded from http://dhamma.digital

खोपी भित्र विछ्याइएको आसनमा बुद्ध बस्नु भयो । सारिपुत्र र मौद्गल्यायनले पनि आसन ग्रहण गरे । शुद्धोदन पनि बसे । यशोधराले आफ्ना पूर्व पतिका युगल चरणहरूमा भित्री हृदयको श्रद्धा पोख्दै टाउको राखिन् । ती चरणहरूलाई समातेर वन्दना गरिन् । ती चरणहरूमा आफ्नो मस्तक राखिन् । आठ बर्ष पछि आफ्नो पतिको दर्शन पाएकी थिइन् । आठ बर्षसम्म पतिको प्रतिक्षा गरेकि थिइन् ।

र यशोधराको आँखामा आँसु थिएनन् ।


यशोधराको आँखामा कुनै शिकायत थिएनन् । चरणमा शरण गएकी ती नारीमा स्त्रीको दुर्बलता प्रकट भएनन् । पत्नीको भाव उनको आँखामा थिएनन् । बुद्ध शान्त मुहारमा थिए । समयको अन्तरालले दुबैमा धेरै परिवर्तन ल्याइसकेको थियो ।


शुद्धोदन आफ्नी बुहारीको चरित्र देखी गौरवान्वित थिए । भने, "भन्ते ! मेरी छोरीले जब तपाईले काषाय वस्त्र धारण गरेको सुनिन्, त्यहि बेलादेखि यिनले पनि काषाय वस्त्र धारण गरिन् । तपाईं एकछाके भएको सुनेर यिनी पनि एकछाके भइन् । तपाईंले उत्तम पलंगमा सुत्न छाडेको सुनेर यिनी पनि तख्तामा सुत्न थालिन् । यिनले सुनिन् तपाईंले माला त्याग गर्नु भयो । गन्ध त्याग गर्नु भयो । यिनले पनि गरिन् । माइतमा बारम्बार यिनलाई बोलाउन पठाइसके । तर यिनले हेर्दै हेरिनन् । भन्ते । यस्ती गुणवती छिन् मेरी छोरी यशोधरा !"


"महाराज ! मलाई थाहा छ ! अहिले मात्र होइन, यशोधरा पहिले देखिनै गुणवती छिन् । आदर्श नारी हुन् ।" बुद्धले भने ।

शुद्धोदनले सस्नेह आफ्नी छोरी सरहकी बुहारी यशोधरालाई हेरिन् । स्वयं बुद्धले उनको तारिफ गरेका थिए ।

Downloaded from http://dhamma.digital







Downloaded from http://dhamma.digital